सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ असोज २०८०, शनिबार (30 Sep 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

शम्भुनाथ नगरका मेयर गुप्ता भ्रष्टाचारी ठहर



■ विशेष अदालतले सुनायो ६ महिना कैद र ७० हजार जरिवानाको फैसला

शिल्पा कर्ण/नयाँ पत्रिका

विशेष अदालतले सप्तरीको शम्भुनाथ नगरपालिकाका मेयर जितेन्द्रप्रसाद गुप्तालाई भ्रष्टाचारी ठहर गर्दै सजाय सुनाएको छ। शुक्रबार बसेको इजलासले उनीसहित इन्जिनियर रामचन्द्र साहलाई कैद तथा जरिवानाको फैसला गरेको हो।

विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार उनीहरूलाई जनही ६-६ महिना कैद र ७०-७० हजार रुपैयाँ जरिवानाको फैसला भएको छ। न्यायाधीशहरू यमुना भट्टराई, बलभद्र बास्तोला र खुसीप्रसाद थारूको इजलासबाट यस्तो फैसला भएको हो।

१७ फागुन ०७९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर गुप्ता र इन्जिनियर साहलाई प्रतिवादी बनाई मुद्दा दायर गरेको थियो। उनीहरू दुवैले मिलेमतोमा सेवाग्राहीसँग एक लाख ४० हजार रुपैयाँ घुस लिएको दाबी अभियोगपत्रमा थियो। साहलाई आयोगको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले ३ माघ ०७९ मा घुस रकमसहित नियन्त्रणमा लिएको थियो। विद्यालयको सभाहल निर्माणका क्रममा अन्तिम बिल भुक्तानीका लागि सेवाग्राहीसँग उक्त रकम इन्जिनियर साहले घुस मागेका थिए।

काठमाडौंका पूर्ववडासदस्यलाई नौ महिना कैद र दुई लाख जरिवाना हुने

काठमाडौं महानगरपालिका- १४ का पूर्वसदस्य वसन्त महर्जन पनि भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। मुद्दा दायर भएको डेढ वर्षपछि उनलाई विशेष अदालतले कैद र जरिवाना हुने सजाय सुनाएको छ। विशेषका न्यायाधीशत्रय यमुना भट्टराई, बलभद्र बास्तोला र खुसीप्रसाद थारूको इजलासबाट यस्तो फैसला आएको हो।

» पृष्ठ २ मा क्रमशः

निराश भएर मनमा केही गलत कुरा खेलेको छ ?

आजै फोन गर्नुस् हटलाइन नम्बर ११६६ मा

एक्लोपन, पारिवारिक विचलन, दुर्व्यवहार, हिंसा, दुर्व्यसन, डिप्रेसनलगायत समस्याका कारण जीवनदेखि नै हार मानिरहेका कैयौं व्यक्ति पाटन मानसिक अस्पतालको हेल्पलाइन सेवाको सम्पर्कमा आएर उचित परामर्श पाएपछि आत्महत्या गर्नबाट बचेका छन्, थुप्रैको तत्काल उद्धार र उपचार भएको छ

■ जो वेलैमा परामर्श पाउँदा जोगिए

घटना १ डेढ महिनाअघि ललितपुरको लगनखेलमा रहेको मानसिक अस्पतालमा एक अज्ञात व्यक्तिको फोन आयो। हटलाइन फोनमा आर्तिँदै एक महिला 'श्रीमान्सँगको झगडाको कारण आफूले आत्महत्या गर्न लागेको' भन्दै चिच्याउन थालिन्। वसुन्धराबाट फोन गरेकी उनले फोन गर्दागर्दै आफ्नो हात काटेपछि चिच्याएकी थिइन्। अस्पतालका परामर्शदाताले तत्कालै नेपाल प्रहरीलाई महिलाको फोन नम्बर र ठेगाना टिपाए अनि उद्धारका लागि आग्रह गरे। प्रहरी पुग्दा ती महिलाको देब्रे हात काटिएको थियो, रगत बगिरहेको थियो। प्रहरीले महिलालाई अस्पताल पुऱ्यायो। अस्पतालमै पुगेर मानसिक अस्पतालका चिकित्सक र मनोपरामर्शदाताले महिला र उनका श्रीमान्लाई सम्झाइबुझाई गरे। हाल उनीहरू मिलेर बसेका छन्।

घटना २ १३ भदौ साँझ ८ बजे ललितपुर नख्खुका एक पुरुषले अस्पतालको हटलाइन नम्बरमा फोन गरे। उनले आफूलाई ऋण लागेको, साहुले अत्याएको र त्यही तनावले आत्महत्या गर्ने योजना बनाएको फोनबाट सुनाए। अस्पतालका परामर्शदाताले सुरुमा फोनबाटै सम्झाउने प्रयास गरे। तर, ती व्यक्तिले लामो कुरा सुन्नै चाहेनन्, बरु फोन काटिदिए। अस्पतालका मनोपरामर्शदाताले त्यो नम्बरमा 'डायल' गरे। तर, फोन उठेन। फोन नउठेपछि मनोपरामर्शदाताले ती व्यक्तिले दिएको विवरण र टेलिफोनका आधारमा प्रहरीलाई जानकारी गराए। महानगरीय प्रहरी परिसरको टोलीले उनको 'लोकसन ट्रयाक' गऱ्यो। राति १० बजे उनी भएको ठाउँमा प्रहरी र मनोपरामर्शदाता पुगे। उनलाई सम्झाइबुझाई गरे। त्यसपछि ती व्यक्तिले आफूले यस्तो गलत निर्णय कहिल्यै नलिने बताए।

घटना ३ एक साताअघि मानसिक अस्पतालको फेसबुक पेजमा काठमाडौं महाराजगन्जका एकजना ३० वर्षीय पुरुषले आत्महत्या गर्न लागेको स्टाटस लेखे। सो स्टाटस देखेपछि अस्पतालका मनोपरामर्शदाताले फेसबुककै च्याटमा ती पुरुषको नम्बर मागे। परामर्शदाताले फोनबाट उनको समस्या बुझे र सम्झाउनु सम्झाए। तर, उनले एकोहोरो आत्महत्या गर्ने बताए। त्यसपछि परामर्शदाताले नजिकको प्रहरीलाई खबर गरे। प्रहरीसँगै परामर्शदाता ती पुरुषकहाँ पुगे। सम्झाइबुझाई गरेपछि ती व्यक्तिको जीवन बचेको मानसिक अस्पतालकी मनोपरामर्शदाता अमृता गुरुङले बताइन्।

घटना ४ अस्पतालको हटलाइन नम्बर ११६६ मा मा १५ दिनअघि गोरखाका ७० वर्षीय वृद्धको फोन आयो। बुढेसकालमा श्रीमतीले छाडेर गएकीले 'आत्महत्या गर्छु' भन्दै उनले फोनबाट मनस्थिति बताए। ती वृद्धले मानसिक अस्पतालको नम्बर रेडियोमा सुनेर टिपेका थिए। फोन मनोपरामर्शदाता अमृता गुरुङले उठाएकी थिइन्। ती वृद्धलाई सम्झाइबुझाई गरिन् र उनकी छोरीको नम्बर मागिन्। त्यसपछि उनले ती वृद्ध व्यक्तिकी छोरीलाई फोन गरेर घटनाक्रम बताइन्। उनले जिल्ला प्रहरी कार्यालय गोरखालाई पनि जानकारी गराए उनको नम्बर दिइन्। मनोपरामर्शदाताको फोनपछि प्रहरी र ती वृद्धकी छोरी घरमै पुगे। उनलाई मानसिक समस्या देखिएको पाइएपछि उपचारका लागि मानसिक अस्पतालमा ल्याइयो। हाल उनको अवस्था ठीक भएपछि घर फर्किएका छन्।



आत्महत्याको मनस्थितिमा पुगेका व्यक्तिलाई लक्षित गरी पाटन मानसिक अस्पतालमा तीन वर्षदेखि हेल्पलाइन सञ्चालन गरिएको छ। २४सै घन्टा खुला रहने हटलाइन ११६६ मा फोन गरी अप्ठ्यारो परेको बताउनेलाई रेस्क्यु टिमबाट तुरुन्तै उद्धार गरिन्छ । तस्बिर : डब्लुएचओ

राज्यको थप टेवा चाहिन्छ



● **डा. वासुदेव कार्की**, मानसिक रोग विशेषज्ञ

हामीकहाँ मानसिक रोगबारे परामर्शदेखि उपचार सेवासम्मको सुविधा छ। हाम्रो सम्पर्कमा आएका अधिकांशलाई यस्तो सेवा दिने गरेका छौं। कतिपयले सुसाइट नोट लेखेर तथा सुसाइट गर्ने औजार नै बोकेर फोन गर्छन्। त्यस्तोमा रेस्पोन्स गर्न निकै कठिन र चुनौती हुन्छ। तैपनि हामीले सकेको गरेका छौं, दुर्घटना रोकेका छौं। तर, सबैको उपचार गर्न अस्पताल एक्लैले सक्दैन।

आत्महत्या रोक्न जनचेतना चाहिन्छ



● **डा. कमल गौतम**, मनोचिकित्सक

आत्महत्या गर्नेमा महिला-पुरुष बराबर छन्। महिलामा पनि आमा बनिसकेकाहरू बढी देखिएको छ। यसबाहेक १९ देखि ३९ उमेर समूहका ऊर्जाशील युवाले आमहत्या गर्ने गरेको देखिन्छ। आत्महत्या रोकथाम जटिल पक्ष भएकाले यसलाई रोकथाम गर्न जनचेतनामूलक कार्यक्रम चाहिन्छ, सरकारले विशेष चासो दिनुपर्छ।

- ०७९/८० मा सात हजारले आत्महत्या गरेको पाटन मानसिक अस्पतालको तथ्यांक
- तीन वर्षमा १३ हजारले गरे मानसिक अस्पतालको हटलाइनमा फोन, ०७९/८० मा आए झन्डै ६ हजार कल, जसमध्ये ४६० आत्महत्या गर्ने मनस्थितिमा थिए

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुरस्थित मानसिक अस्पतालको हेल्पलाइन नम्बर ११६६ मा बज्ने फोन घन्टीले परामर्शदातालाई उच्च सतर्कतामा राख्छ। फोन गर्नेमध्ये केहीले आत्महत्या गर्न लागेको, केहीले पारिवारिक झगडाका कारण घर छाडेर भाग्न थालेको र कतिपयले आफ्नो शरीरका अंगमा आफैंले चोट लगाउन लागेकोजस्ता जानकारी दिन्छन्। त्यसमध्ये पनि अधिकांशले मध्यरातमा फोन गर्छन् र घटना निम्त्याउन लागेको जानकारी अस्पताललाई गराउँछन्।

राति-दिउँसो नभनी परामर्शदाता सेवामा खटिएका हुन्छन्। रातिको समयमै भए पनि अस्पतालका चिकित्सक र परामर्शदाताले घरमै पुगेर, छिमेकी वा प्रहरीलाई खबर गरेर, स्वयं व्यक्तिलाई सम्झाएर आत्महत्या वा क्षतिका घटना रोक्ने प्रयास गरिरहेका छन्। त्यसमा उनीहरूलाई सफलता प्राप्त भएको छ, त्यसैले २४सै घन्टा सेवामा लाग्न प्रेरणा मिलेको छ।

गत असारयता अस्पतालको हेल्पलाइनमा मासिक ६ सयका दरले फोन कल आएका छन्। यसमध्ये अधिकांश कल काठमाडौंकै रहेका छन् भने बाहिरी जिल्लाबाट पनि केहीले फोन गरेर आत्महत्याको तयारी गरेको भन्दै अत्याउने गरेका छन्।

अस्पतालका अनुसार ०७९/८० मा चार सय ६०

» पृष्ठ २ मा क्रमशः

■ चीन भ्रमणबाट प्रधानमन्त्री उत्साही

बेइजिङमा समझदारी, ल्हासामा कार्यान्वयनको प्रतिबद्धता

प्रधानमन्त्री प्रचण्ड आज फर्किँदै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड छिमेकी चीनको साताव्यापी औपचारिक भ्रमण सकेर आज (शनिबार) स्वदेश फर्किँदै छन्। चिनियाँ राष्ट्रपति सी जिनपिङसँग ६ असोजमा र समकक्षी ली छियाङसँग ८ असोजमा औपचारिक वार्ता सकेर छोडछिड, तिब्बतको ल्हासा, कैलाश मानसरोवर हुँदै प्रधानमन्त्री शुक्रबार सिचुआनको छेन्दु पुगेका छन्। तेस्रो कार्यकालमा प्रधानमन्त्रीका रूपमा यो प्रचण्डको पहिलो चीन भ्रमण हो।

भ्रमणको पूर्वसन्ध्या र बेइजिङमा एक चिनियाँ पत्रिकालाई दिएको अन्तर्वार्तामा प्रधानमन्त्री प्रचण्डले यसअघि चीनसँग सहमत भएका समझदारीको प्रारम्भिक र समयबद्ध कार्यान्वयन आफ्नो भ्रमणको प्रमुख प्राथमिकतामा रहेको बताएका थिए। त्यसैअनुरूप भ्रमणका वेला नयाँ सहमतिभन्दा पनि

» पृष्ठ २ मा क्रमशः



चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड शुक्रबार चीनको सिचुआनस्थित छेन्दुमा पान्डा प्रजनन अनुसन्धान केन्द्र अवलोकन गर्दै। तस्बिर: **प्रदीपराज वन्त**/रासस

LIC
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

प्रेस-विज्ञप्ति

बीमा क्षेत्रमा दीर्घकालिन अनुभव भएका एवं उच्च तहको व्यवस्थापकहरुद्वारा संचालित एक सुनौलो इतिहास भएको लाइफ इन्स्योरेन्स कर्पोरशन लि., नेपाल लगायत विश्वका करिब १४ वटा देशमा संचालनमा रहेको सर्व विदितै छ । करिब २३ वर्ष अघि नेपालमा स्थापना भएको यस कम्पनीको बारेमा केही दिनयता विभिन्न संचार माध्यममा प्रकाशित भ्रमपूर्ण सामग्रीहरु प्रति यस कम्पनीको ध्यानकर्षण भएको छ। लाखौं बीमितहरुको अटुट भरोसा र सदैव संस्थागत सुशासन पालनामा कटिबद्ध रहेको यस कम्पनी आफ्ना अमुल्य ग्राहक, शेयरधनी महानुभावहरु एवं सरोकारवालाहरूलाई केही व्यक्तिको सीमित स्वार्थको लागि फैलाईएको भ्रम, टिकाटिप्पणी र नकारात्मक सामग्री प्रति विश्वास नगर्न आग्रह गर्दछ। साथै नियोजित रुपमा दुःषित मनसायका साथ कम्पनी विरुद्ध गरिने यस्ता अनर्गल प्रचारबाजीलाई कडा शब्दमा भत्सर्ना गर्दछ।

यस कम्पनीका कुनै एक बीमितको सहमति बेगर निजको बीमालेखबाट ऋण जारी भएको सूचना प्राप्त भएपछि सो तर्फ यस कम्पनीले अनुसन्धान गर्दा सन् २०२० मा कुनै एक अभिकर्ताले आवश्यक कागजात अर्को दिन ल्याइदिने आश्वासन दिई स्वयं आफ्नै बीमितको बीमाबाट योजनाबद्ध रुपमा वास्तविक बीमितको स्वीकृति बेगर झुक्याई ऋण झिक्न लगाएका रहेछन्। पुनःउक्त ऋण रकमबाट निज अभिकर्ताले आफ्नै कोडमा नयाँ बीमलेखहरू जारी गरी सो बापत कमिशन लगायत अन्य घोषित पुरस्कार एवं इन्सेन्टिभ प्राप्त गरि दुरुपयोग गरेका रहेछन्। करिब ३ वर्ष पछि आएर निज अभिकर्ताले आफू निर्दोष देखिन उक्त ऋण रकमबाट आफ्नै कोडमा खरिद गरेको नयाँ बीमाहरु र सो बापत प्राप्त कमिशन तथा अन्य सुविधा रकम उपभोग गरिसकेको तथ्यलाई लुकाई छिपाई केवल कम्पनीलाई बदनाम गर्ने उदेश्यले अपुरो एकोहोरो तथ्यलाई बारम्बार केही संचार माध्यममा प्रेषित गरेको देखिन आयो। विस्तृत रुपमा अनुसन्धान गर्दा निज अभिकर्ता नै यस घटनाको मूख्य योजनाकार रहेछन भनेर प्रष्ट हुन आयो। सो कार्यमा संलग्न सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही भइरहेको र हाल उक्त बीमालेखको ऋण चुक्ता भइ बीमा पुर्ण रुपमा चालू हालतमा रहेको प्रष्ट पार्न चाहन्छौं। सो घटनाका मूख्य व्यक्ति निज अभिकर्तालाई सो बारेमा स्पष्टीकरण पेश गर्न निर्देशन दिईएकोमा हालसम्म पनि निजले सो बारेमा कुनै प्रष्टीकरण नदिई वेवास्ता गरी बस्नु भएको छ। त्यसै गरी निजले अभिकर्ताको हैसियतमा यस कम्पनीबाट ऋण स्वरुप उपभोग गर्नु भएको कर्जा रकम चुक्ता भुक्तान गर्न बारम्बार अनुरोध गर्दा अटेर गरी बस्नु भएकोले निजले उपभोग गर्नु भएको ऋण चुक्ता नभएसम्म निजले प्राप्त गर्ने कमिशन एवं अन्य सुविधाको रकमलाई ऋणमा मिलान गर्ने तथा निजलाई नयाँ व्यवसायमा तथा समर्पण र ऋणमा साक्षीको हैसियतले हस्ताक्षर गर्न रोक लगाईएको व्यहोरा जानकारी गराउँदछौं।

एलआइसी नेपाल लि. नेपाल बीमा प्राधिकरण लगायत अन्य नियामक निकायहरूको साथै प्रचलित कानून, नीति-नियम र निर्देशिकाद्वारा संचालित हुँदै आएको छ। यस कम्पनीले नेपाल बीमा प्राधिकरण एवं अन्य न्यायिक निकायहरूबाट हुने फैसला र आदेशलाई सदैव शिरोधार्य गर्दै हुबहु पालना गर्दै आईरहेको छ। यस कम्पनी प्रति अगाध आस्था राखी बीमालेख खरिद गर्नु भएका आदरणीय बीमितहरूलाई कुनै पनि भ्रममा नपर्न अनुरोध गर्दै यहाँहरुको बीमा रकम यस कम्पनीमा शतप्रिशत सुरक्षित रहेको जानकारी गराउन चाहन्छौं। हाम्रा विरुद्ध भएका कु-प्रचारलाई कानूनी रुपमा पुष्टी गर्न चुनौति दिदैं आस्थावान बीमितहरूलाई आफ्नो बीमाको बारेमा कुनै अद्यावधिक, जानकारी वा जिज्ञासा भए यस कम्पनीको कुनै पनि शाखा कार्यालय,अभिकर्ता वा कर्मचारीसँग सम्पर्क राख्न अनुरोध गर्दछौं।

अन्त्यमा, यस कम्पनीले गैर-कानूनी गतिविधिलाई पूर्णरुपले निस्तेज गर्दै सबै सरोकारवालाहरुको अटुट भरोसा एवं बिश्वासमाथि कदापी आँच आउन नदिने प्रण गर्दै यस कम्पनीको गौरवशाली इतिहासलाई अक्षुण्ण राख्नेतर्फ सदैव केन्द्रित हुने सहर्ष जानकारी गराउँदछौं। पुनः हामी सबै सरोकारवालाहरूलाई त्यस्ता भ्रमपूर्ण सामग्रीहरूमाथि बिश्वास नगर्नुहुन हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद

मिति २०८० आश्विन १२ गते

सुदर्शन गिरी
(सूचना अधिकारी)

झन् नयाँ

धानको बसाइँसराइ चीनको सिचुआनदेखि पूर्वी नेपालसम्म



वनस्पति

कमल मादेन

उत्तर कोरियाली नेता किम किन रेल चढ्न रुचाउँछन् ?



समाज

श्रेयज सुवेदी

सीमा सुरक्षामा जनप्रतिनिधिसँग सशस्त्रको हातेमालो

स्थानीय वडाध्यक्षको नेतृत्वमा सीमा सहजीकरण समिति

नवराज मैनाली/नयाँ पत्रिका

सरकारले सीमा सुरक्षामा स्थानीय नागरिक र जनप्रतिनिधिलाई समेत सक्रिय बनाउने योजना बनाएको छ। यसका लागि सशस्त्र प्रहरीमार्फत विभिन्न कार्यक्रम अघि बढाइएको छ।

सशस्त्र प्रहरीले सीमा क्षेत्रका सबै वडाका अध्यक्षसँग सहकार्य तथा सहजीकरणका लागि संयन्त्र बनाउने प्रक्रिया अघि बढाएको छ। भारत र चीनसँग सीमा जोडिएका सबै वडाका अध्यक्षसँग सामूहिक रूपमा छलफल गरी सशस्त्रले सीमा सुरक्षामा स्थानीयलाई सक्रिय बनाउन लागेको हो। यसका लागि उसले यही महिनाको अन्तिममा सबै प्रदेशमा छलफल कार्यक्रम राखेको छ।

विभिन्न बाहिनीले आफ्नो क्षेत्रका वडाध्यक्षहरूसँग सीमा सुरक्षाका विषयमा छलफल गर्ने तयारी गरेको सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए। 'सीमा क्षेत्रबारे सबैभन्दा धेरै जानकारी स्थानीय वडाध्यक्षहरूलाई हुन्छ,' उनले भने, 'त्यसकारण सीमा सुरक्षामा जनप्रतिनिधिहरूको भूमिकालाई अझै सशक्त बनाउने गरी हामीले विभिन्न कार्यक्रम बढाएका छौं। त्यसअन्तर्गत बाहिनीहरूले पनि छलफल गर्दै छन्।' गृह मन्त्रालयको सहमतिपछि सशस्त्र प्रहरी प्रधान कार्यालयले यससम्बन्धी कार्यक्रम बनाएर सबै बाहिनीलाई परिपत्र गरिसकेको छ। यसबाट सीमा अतिक्रमण तथा सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिको सूचना तत्काल प्राप्त हुने र सुरक्षा निकायसँग सहकार्य पनि प्रभावकारी हुने गृह मन्त्रालयका अधिकारी बताउँछन्।

सीमा सुरक्षाका लागि सशस्त्रले सीमामा विकास तथा प्रोत्साहन कार्यक्रम अघि बढाएको छ। यसका लागि सीमा क्षेत्रका सशस्त्र प्रहरीमार्फत पूर्वाधार विकासको अवधारणा अघि बढाइएको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

स्थानीय वडाध्यक्षको...

पृष्ठ १ बाट क्रमशः

छ। छिमेकी भारतको सशस्त्र सीमा बल (एसएसबी)ले पनि यस्तो बजेट पाउने गरेको छ। सशस्त्र प्रहरीले भने यसका लागि बजेट पाइसकेको छैन। सीमा क्षेत्रका बासिन्दा तथा जनप्रतिनिधिहरूलाई आफ्ना अस्पताल तथा शैक्षिक संस्थामा सहुलियत दिने सशस्त्रको कार्यक्रम छ।

सीमा सुरक्षामा स्थानीयको अपनत्व बढाउन सीमा क्षेत्रमा सीमा सहजीकरण समिति गठन भएका छन्। स्थानीय वडाध्यक्षको नेतृत्वमा यस्तो समिति गठन गरिएको छ। यसका लागि सशस्त्रले गत वर्ष नै सीमा सुरक्षा सहजीकरण कार्यविधि, २०७९ बनाएको छ। हरेक बिओपीलाई आफ्नो कार्यक्षेत्रमा जनप्रतिनिधिको अध्यक्षतामा सीमा सुरक्षा सहजीकरण समिति बनाउन निर्देशन दिइएको छ। धेरैजसो वडामा यस्ता समिति गठन भइसकेका छन्।

सरकारले सीमास्तम्भ मर्मतको काम पनि सशस्त्र प्रहरीलाई दिएको छ। सीमास्तम्भको मर्मत-सम्भार पुनर्स्थापनासम्बन्धी कार्यविधि बनाई सीमास्तम्भ मर्मत गर्न लागिएको हो। सीमा सुरक्षाको डेडिकेटेड फोर्स रहेको सशस्त्र प्रहरीलाई ०७७ साउनमा सरकारले सीमास्तम्भको मर्मत-सम्भार पुनर्स्थापनाको जिम्मेवारी दिएको थियो। तर, त्यससम्बन्धी कार्यविधि नहुँदा काम भने सुरु हुन सकेको थिएन।

नापी विभागको तथ्यांकअनुसार नेपाल-भारत खुला सीमामा आठ हजार आठ सय ५३ सीमास्तम्भ छन्। त्यसमध्ये कतिपय हराएका छन् भने कतिपय भत्किएका छन्। तीमध्ये जोर नम्बरका भारतले तथा बिजोर नेपालले मर्मत गर्ने समझदारी छ। भारतले आफ्नो भागमा परेको मर्मत गरिरहँदा नेपालले भने प्रक्रिया नमिलेको भन्दै रोकिँदै आएको थियो। बर्खा सकिएलगत्तै सीमास्तम्भ मर्मतको काम सुरु गरिने सशस्त्र प्रहरी प्रवक्ता खड्काले बताए।

शम्भुनाथ...

पृष्ठ १ बाट क्रमशः

विशेषका अनुसार वडाध्यक्ष महर्जनलाई नौ महिना कैद तोकिएको छ। यसैगरी, दुई लाख रुपैयाँ जरिवाना हुने भएको उपरजिस्ट्रार धनबहादुर कार्कीले जानकारी दिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीमाथि २० माघ ०७८ मा मुद्दा दायर भएकोमा ठहर हुने फैसला भएको हो। वडासदस्य महर्जन २१ भदौ ०७८ मा दुई लाख रुपैयाँ घुससहित पक्राउ परेका थिए। अख्तियारको टोलीले उनलाई कलंकीको खसीबजारस्थित एक रेस्टुरेन्टबाट घुस रकमसहित रंगेहात नियन्त्रणमा लिएको थियो। एमालेबाट निर्वाचित वडासदस्य महर्जनले जग्गाको मोहियानी हक नामसारी र नाता प्रमाणित गरी मापलोत कार्यालयलाई सिफारिस गर्नका लागि सेवाग्राहीसँग रकम माग गरेको भन्दै अख्तियारमा उजुरी परेको थियो। यस विषयमा अनुसन्धान गरी मुद्दा दायर भएको थियो।

पोखराका सबइन्जिनियरलाई १० दिन कैद सजाय

विशेष अदालतले पोखरा महानगरपालिकाका सबइन्जिनियर प्रवीण विकलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै कैद तथा जरिवाना सजाय सुनाएको छ। मुद्दा दायर भएको ६ महिना नपुग्दै विशेषले कसुर कायम हुने फैसला गरेको हो। विक पोखरा महानगर वडा नम्बर २८ मा सबइन्जिनियरका रूपमा कार्यरत हुँदा जग्गाको छेउबाट बाटो निकालिदिने प्रयोजनका लागि घुस लिएको दाबीसहित अख्तियारले मुद्दा दायर गरेको थियो। यसमा फैसला गर्दै विशेषले उनलाई १० दिन कैद तथा १५ हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाएको हो। विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्य शालिग्राम कोइरालाको शुक्रबारको इजलासले यस्तो फैसला गरेको हो।

भूलसुधार

नयाँ पत्रिकाको शुक्रबारको अंकमा प्रकाशित 'दुई महिनामा बहालवाला दुई पालिका प्रमुखसहित १२ जनप्रतिनिधि र ११ प्रशासकीय अधिकृतविरुद्ध मुद्दा' शीर्षकको समाचारमा भीमदत्त नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिदत्त जोशीको फोटोको ठाउँमा अन्यथा छापिन गएकोमा क्षमायाचनासहित भूलसुधार गरिएको छ। **–सं.**

सरकार र राहत शिक्षकबीच पाँचबुँदे सहमति, आन्दोलन फिर्ता

नयाँ पत्रिका

सरकारले ४० हजार राहत कोटाका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाटै स्थायी बनाउने कानुनी प्रावधान कायम गर्ने सहमति गरेपछि शिक्षकको आन्दोलन स्थगित भएको छ। शुक्रबार भएको पाँचबुँदे सहमतिअनुसार सरकारले संसद् सचिवालयमा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयक परिमार्जन गरेर राहत र अनुदान कोटामा कार्यरत शिक्षकको सीमित प्रतिस्पर्धासम्बन्धी व्यवस्थालाई शतप्रतिशत कायम गरिनेछ।

यसअघि संसद् सचिवालयमा दर्ता भएको विधेयकमा आन्तरिकतर्फ ५० प्रतिशत कायम गर्ने उल्लेख भए पनि शिक्षक महासंघसँगको सहमतिमा ७५ प्रतिशत पुऱ्याइएको थियो। तर, राहत शिक्षकले भने शतप्रतिशत आन्तरिक प्रतिस्पर्धाको माग गर्दै आन्दोलनलाई निरन्तरता दिएपछि १०औँ दिनमा शुक्रबार राहत शिक्षक संघ र शिक्षामन्त्री अशोक राईबीच पाँचबुँदे सहमति भएको हो।

'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा रहेको विधेयकको दफा ४३ को उपदफा (८) मा भएको ५० प्रतिशत सेवा जोड्ने व्यवस्थालाई शतप्रतिशत बनाउनुपर्ने र दफा ४४ को उपदफा (३) मा रहेको ५० प्रतिशत आन्तरिक प्रतिस्पर्धासम्बन्धी व्यवस्थालाई शतप्रतिशत कायम गर्नुपर्ने र दफा ४४ को उपदफा (५) लाई स्पष्ट पार्नुपर्ने,' सहमतिपत्रमा छ।

सहमतिअनुसार आन्तरिक प्रतिस्पर्धामा उमेरहद लाग्नेछैन भने राहतअघि अस्थायीमा कार्यरत छँदाको सेवा अवधि पनि गणना हुनेछ। त्यस्तै, दुर्गम क्षेत्रमा कार्यरत राहत शिक्षकलाई दुर्गम भत्ता र बिरामी बिदाको व्यवस्था गर्ने भनिएको छ।

साबिकको उच्च मावि अर्थात् ११ र १२ का शिक्षकलाई माविको द्वितीय श्रेणी शिक्षकमा प्रतिस्पर्धा गर्ने बाटो खोलिने भएको छ। र, आन्तरिक प्रतिस्पर्धामा असफल हुने तथा परीक्षामा समावेश हुन नचाहनेलाई भने सेवा अवधिका आधारमा अवकाशको सुविधा दिइने भएको छ। त्यसका लागि सरकारले प्याकेज घोषणा गर्नेछ।

शिक्षामन्त्री अशोककुमार राईले विधेयकमा छुटेका विषय संसदीय प्रक्रियामार्फत समावेश गर्ने सहमति भएको बताए। 'प्रस्तावित विद्यालय शिक्षासम्बन्धी विधेयकमा नपुगेका, छिटपुट कुरालाई संसदीय प्रक्रियामार्फत समावेश गर्ने गरी सहमति भएको छ। अहिले राहत शिक्षक संघसँग भएको सहमति भनेको यसअघि शिक्षक महासंघसँग भएको सहमतिको उत्तरखण्ड हो। विधेयक पारित गर्दा अहिले भएका सहमतिअनुसारका कुरा सामेल हुने प्रतिबद्धता जनाउँछु,' शिक्षामन्त्री राईले भने।

राहत शिक्षक संघका वरिष्ठ सहअध्यक्ष नवीनसिंह धामीले माग र मुद्दा वैधानिक रूपमा दर्ज भएको र कार्यान्वयनको पर्खाइमा बस्ने बताए। 'माग सम्बोधनका लागि सरकारले सम्झौता गरेको छ। अब कार्यान्वयनको प्रक्रिया व्यवस्थापिकाले गर्ने हो। तथापि, सरकार र राजनीतिक रूपमा प्रतिबद्धता आइसकेकाले अब व्यवस्थापिकाले माग सम्बोधन गर्नेछ भन्ने विश्वास छ। अब धोका हुँदैन होला,' उनले भने, 'शिक्षक महासंघले सीमित समूहको मात्र एजेन्डामा सहमति गरेको थियो, हामीले शतप्रतिशतको सेन्टिमेन्टल सम्बोधन गराएर आन्दोलन अवतरण गराएका छौं। सम्झौता कार्यान्वयनका लागि खबरदारी कायमै रहन्छ।'

बाल विकास सहजकर्ता पनि आन्तरिकबाट स्थायी हुने

प्रारम्भिक बाल विकास शिक्षामा कार्यरत सहयोगी सहजकर्तालाई पनि आन्तरिक प्रतिस्पर्धाबाट स्थायी हुने अवसर दिइने भएको छ। हाल कार्यरत सहजकर्ताको कायम दरबन्दीबमोजिम स्थायीको अवसर दिने र आन्तरिकको शतप्रतिशत व्यवस्था कायम हुने सहमति भएको छ। त्यस्तै, बाल विकासमा कार्यरत शिक्षकलाई प्राथमिक तहको तृतीय श्रेणीको शिक्षकसरहको तलब तोक्ने सहमति पनि सरकार र राहत शिक्षक संघबीच भएको छ।

यसैगरी, सामुदायिक विद्यालयका कर्मचारीको दरबन्दी कायम गरिने भएको छ भने अनुदान कोटामा रहेकाको स्वतः दरबन्दी कायम हुनेछ। त्यस्तै, बहाल कर्मचारीलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी हुने गरी कानुनी व्यवस्था कायम गर्ने भनिएको छ।

पैसा लिएर फिल्म नखेलेको उजुरीमा अभिनेता केसी पक्राउ

काठमाडौं/ पैसा लिएर फिल्म नखेलेको आरोपमा अभिनेता अनमोल केसी पक्राउ परेका छन्। रावायण फिल्मका निर्माताको उजुरीका आधारमा प्रहरीले उनलाई शुक्रबार पक्राउ गरेको हो। सो फिल्मका निर्माता सँग उनले १० लाख लिएका थिए। तर, पछि फिल्म खेल्न अस्वीकार गरे। केसीका कारण एक करोडभन्दा धेरै नोक्सान भएको भन्दै निर्माता पक्षले उजुरी दिएको हो।

सुरुमा प्रहरीले उनलाई बोलाएर छलफल गराउने तयारी गरेको थियो। तर, अनमोल नआएपछि जाहेरी दर्ता गरेर आपराधिक विश्वासघात कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। केसीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरी जिल्ला प्रहरी परिसर टेकुमा पठाएको छ। फिल्मको निर्माता पक्षले अनमोलका कारण ठूलो नोक्सानी भएको भनेर जाहेरी दिएपछि पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले बताए। उनलाई आइतबार अदालत उपस्थित गराउने प्रहरी तयारी छ।

अभिनेता केसीले भने सामान्य विषयमा प्रहरीले पक्राउ गरेर दुःख दिएको आरोप लगाएका छन्। पक्राउ पुर्जीविरुद्ध उनी यसअघि नै बन्दी प्रत्यक्षीकरणको रिट लिएर उच्च अदालतसमेत गएको खुलेको छ।

दोलखामा तस्करीको थप तीन किलो सुन बरामद

काठमाडौं/ दोलखामा प्रहरीले तस्करीको थप तीन किलो सुन बरामद गरेको छ। पक्राउ परेकामाथि अनुसन्धान गर्ने क्रममा बिगु गाउँपालिका-३ जामुनेस्थित केशर तामाङको घरबाट शुक्रबार थप सुन बरामद भएको हो। तामाङ यसअघि नै पक्राउ परिसकेका छन्। चार किलो सुन पनि उनीबाटै बरामद भएको हो।

दोलखा प्रहरीले बुधबार चार केजी सुनसहित पाँचजनालाई पक्राउ गरेको थियो। केशरसहित पेम्बा तामाङ, माधव मगर, नुर्बु छिरिङ शेर्पा, सुनमाला तामाङ प्रहरी हिरासतमा छन्। बिहीबार काठमाडौंबाट बिगु- १ का राज तामाङ पक्राउ परेका थिए। उनीहरूमाथि अनुसन्धान गर्ने क्रममा थप सुन बरामद भएको दोलखाका प्रहरी प्रमुख डिएसपी दीपक खड्काले बताए। 'हालसम्म सात केजी सुन बरामद भएको छ, ६ जना पक्राउ परेका छन्,' उनले भने, 'तस्करीको नेटवर्कमाथि विस्तृत अनुसन्धान अघि बढेको छ।'

संगठित किसिमको तस्करी देखिएकाले भन्सार ऐनका साथै प्रहरीले संगठित अपराधको कसुरमा पनि अभियुक्तहरूलाई म्याद थप गरेको हो। लामाबगर क्षेत्रको चीनसँगको नाका खुलेको तेस्रो दिनमै सुन बरामद भएको हो। यसमा ठूलै समूहको संलग्नताको आशंका गरिएको छ।

बेइजिङमा...

पृष्ठ १ बाट क्रमशः

पुराना सहमति कार्यान्वयनमा बढी जोड दिइएको छ। प्रधानमन्त्रीले आफैंले पनि ल्हासा पुगेर भ्रमणमा ठूलो सहमति नभए पनि जे भएका छन्, ती महत्त्वपूर्ण रहेको बताएका थिए।

तिब्बतसँग नेपाल भौगोलिक रूपमा जोडिएको हुनाले बेइजिङमा भएको सहमति कार्यान्वयनमा ल्हासामा चिनियाँ अधिकारीहरूले जनाएको प्रतिबद्धता र लिएको अग्रसरताले प्रधानमन्त्री प्रचण्ड उत्साही छन्। बेइजिङ र ल्हासामा भएका भेटवार्ताले दुई देशबीच विश्वास थपिएको सरकारी निष्कर्ष छ। तर, प्रधानमन्त्रीको भ्रमणलाई लिएर राजनीतिक र कूटनीतिक वृत्तमा मिश्रित प्रतिक्रिया छन्।

एसियाली खेलका लागि हाङझाउ पुगेका प्रधानमन्त्रीले त्यहीं राष्ट्रपति सीसँग औपचारिक वार्ता गरेका थिए। प्रधानमन्त्री ली छियाङसँग औपचारिक वार्ता, जनकंग्रेसका अध्यक्षसँग शिष्टाचार भेट सकेर बेइजिङ छाड्ने वेलासम्म प्रधानमन्त्री उत्साही थिए। भ्रमण दलका सदस्यहरूका अनुसार छोङछिङका मेयर र चिनियाँ कम्युनिस्ट पार्टी तिब्बतका सचिवसँगको भेटपछि प्रधानमन्त्री प्रचण्डले नेपालबारे चीनका शीर्ष नेतादेखि प्रान्तसम्मको बुझाइ एउटै रहेको महसुस गरेका छन्।

'सिचुआन प्रान्तका पार्टी सेक्रेटरीसँग शुक्रबार भेट् दासम्म चीनमा नेपालका विषयमा बुझाइमा एकरूपता रहेछ भन्ने प्रधानमन्त्रीको अनुभव छ। राष्ट्रपति, प्रधानमन्त्री, जनकंग्रेसका अध्यक्षको जे कुरा थियो, ल्हासा र छेन्दुका पार्टी सचिवहरूको पनि त्यही कुरा र स्पिरिट छ। नेपाललाई सहयोग गर्न तयार छौं भन्ने सबैको भनाइ छ,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले छेन्दुबाट टेलिफोनमा भने।

प्रधानमन्त्री प्रचण्डको प्रतिनिधिमण्डललाई चिनियाँ राष्ट्रपति सीले अन्य देशका प्रतिनिधिमण्डललाई भन्दा बढी समय दिएका थिए। सीले करिब एक घन्टा मात्रै व्यतीत गरेनन्, ल्हासा र कैलाश मानसरोवरमा प्रधानमन्त्री प्रचण्ड र प्रतिनिधिमण्डलको स्वास्थ्यमा ख्याल गर्न चिनियाँ अधिकारीलाई निर्देशन दिएको जानकारी चिनियाँ अधिकारीले नेपाली राजदूत विष्णुपुकार श्रेष्ठलाई सुनाएका थिए। ल्हासामा प्रधानमन्त्री प्रचण्ड आफैंले पनि यो सुनाएका थिए।

प्रेस सल्लाहकार आचार्यका अनुसार प्रधानमन्त्रीले जति पनि नेतासँग कुराकानी गरे ती सबै पूर्वपरिचित थिए। 'छेन्दुमै प्रधानमन्त्रीका रूपमा दोस्रोपटक र पार्टी अध्यक्षका रूपमा पनि दोस्रोपटक भ्रमण रहेछ। यो कुरा चिनियाँ नेताले नै स्मरण गराए। सबैले प्रधानमन्त्री प्रचण्डलाई हाम्रा परिचित मित्र भनेर सम्बोधन गरे,' आचार्यले सुनाए, 'नेपाल सबैभन्दा नजिकको छिमेकी हो भन्ने सबै नेताको भनाइ रह्यो। अनि, हामी मात्र विकसित भएर हुँदैन नेपाल पनि हुनुपर्छ, त्यसका लागि हामी सहयोग गर्छौं भन्ने सबैको एउटै धारणा थियो।'

प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति सी र प्रधानमन्त्री लीसँग नेपाल-चीन सम्बन्धका विभिन्न आयामबारे खुलेर छलफल गरेका थिए। त्यत्तिकै महत्त्वपूर्ण वार्ता उनको ल्हासामा बिहीबार भएको थियो। ल्हासास्थित सिपिसी पार्टी सेक्रेटरी वाङ छुङछेङसँगको भेट निकै महत्त्वपूर्ण थियो किनभने उनलाई चीन सरकारले नेपाल मामिला सञ्चालन गर्ने इन्चार्ज तोकेको छ। नेपाल र चीनबीच भएका सहमति-सम्झौता कार्यान्वयनका विषयमा नेपालको सम्पर्क बिन्दु नै अब वाङ हुन्।

'नेपाल र चीनबीच जे-जति सम्झौता भए पनि कार्यान्वयन हुने ठाउँ तिब्बत नै हो। चीन प्रवेश गर्ने गेटवे तिब्बत नै हो। हाम्रो उत्तरतिरबाट तेस्रो मुलुकसँग व्यापार गर्ने प्रवेशद्वार पनि तिब्बत नै भएकाले उहाँको तिब्बत भ्रमण महत्त्वपूर्ण थियो,' प्रेस सल्लाहकार आचार्यले भने, 'बेइजिङमा भएका १२ सहमतिपत्र/सम्झौता र संयुक्त विज्ञप्तिका सबै विषयमा मसिनो गरी ल्हासामा छलफल भयो। बेइजिङमा भएका सम्झौता चाँडै परिणाम देखिने गरी कार्यान्वयन गर्छौं भन्ने प्रतिबद्धता ल्हासास्थित पार्टी सेक्रेटरीले गर्नुभयो। उहाँले नेपालसँग सम्बन्धित सरोकारवाला निकायका प्रमुखहरू सबैलाई बैठकमा राखेर यो प्रतिबद्धता जनाउनुलाई प्रधानमन्त्रीले गम्भीर रूपमा लिनुभएको छ।'

प्रधानमन्त्री प्रचण्ड चीन भ्रमणमा रहँदा किमाथांका र ओलाङचुङगोला नाका द्विपक्षीय व्यापारिक प्रयोजनका लागि खोल्ने चिनियाँ प्रतिबद्धता कार्यान्वयनमा आइसकेको छ। दोलखाको लामाबगरछेउको नाका पनि स्थानीय प्रयोजनका लागि खुलेको छ। 'काठमाडौं-ल्हासा उडान पनि छिट्टै सुरु गर्छौं भन्नुभएको छ, तर मिति तोकिएको छैन,' आचार्यले सुनाए।

चीन-नेपाल सीमाको संयुक्त निरीक्षण गर्ने सहमतिलाई पनि महत्त्वपूर्ण मानिएको छ। हुम्लामा सीमाका दुवै पक्ष सहमत भएका छन्। नेपाल र चीनको तिब्बतमा सीमा व्यवस्थापन थप सुदृढ बनाउने उद्देश्यले चीनको सार्वजनिक सुरक्षा मन्त्रालय र नेपालको गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने प्रोटोकलमा छलफल हुँदै छ। यसमा दुवै पक्षबीच चाँडै बैठक बस्ने सहमति भएको छ।

चीनको सीमा सुरक्षा हेर्ने प्रहरी र नेपालको सशस्त्र प्रहरीबीच सूचना आदानप्रदान, क्षमता अभिवृद्धि र नेपाली सुरक्षाकर्मीलाई चीनले तालिम दिने विषयमा छलफल भएको छ। विगतमा सहमति भएअनुसार पारस्परिक कानुनी सहायतासम्बन्धी चीन-नेपाल सन्धिको अनुमोदनका लागि पनि दुवै पक्षबीच छलफल हुनेछ। चीनले नेपालमा रहेका चिनियाँ ठेकेदार र कामदारको सुरक्षामा राखेको चासो सम्बोधन गर्ने प्रतिबद्धता प्रधानमन्त्रीले व्यक्त गरेका छन्।

प्रधानमन्त्रीको चीन भ्रमणमा भएको महत्त्वपूर्ण पक्षका रूपमा केरुङ-रसुवागढी, चिलिमे २२० केभी सीमापार ऊर्जा प्रसारण लाइन निर्माणसम्बन्धी सहमति हो। यसको लगानी ढाँचालगायत विषय टुंगिएको छैन। तर, नेपालबाट चिनियाँ बजारमा ऊर्जा निर्यातका लागि भविष्यमा बाटो खुलेको अर्थमा लिइएको छ। यसबाहेक नेपालका उत्तरी सीमावर्ती गाउँमा तिब्बतबाट ग्रिड ऊर्जा आपूर्तिमार्फत विद्युतीकरण गर्ने नेपालको चाहनालाई चीनले स्वागत गरेको छ। यो व्यावसायिक सर्तमा अर्थात् चिनियाँ अनुदानमा होइन नेपालको लगानीमा चीनले प्रविधि र उपकरण उपलब्ध गराउने विषयमा थप छलफल हुनेछ।

यो भ्रमणमा नेपालका तर्फबाट प्रधानमन्त्री प्रचण्डले चिनियाँ ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)को मित्र समूहमा प्रवेश गर्ने सहमति जनाएका छन्। २०२१ मा संयुक्त राष्ट्रसंघको मञ्चबाट चिनियाँ राष्ट्रपति सीले प्रस्ताव गरेको जिडिआईमा चीनले नेपालको प्रवेशको अपेक्षा गरेको थियो। यो पहलअन्तर्गत चीनले गरिबी निवारण, खाद्य सुरक्षा, महामारी व्यवस्थापन, विकासका निम्ति वित्तीय सहयोग, जलवायु परिवर्तन र हरित विकास, औद्योगिकीकरण, डिजिटल अर्थतन्त्र र डिजिटल युगमा सम्पर्क सञ्जाल विकास गरी आठ क्षेत्रमा विकाशशील मुलुकहरूलाई सहयोग गर्नुपर्ने प्रस्ताव राखेको छ।

गरिबी निवारणको एजेन्डा लागू गर्ने चिनियाँ नयाँ पहलअन्तर्गत चीनले १० अर्ब डलर बजेट विनियोजन गरेको छ। चिनियाँ विदेश मन्त्रालयको प्रतिवेदनअनुसार जिडिआईअन्तर्गत विश्वभर ६ हजार परियोजना छनोट भएका छन् र यसमा एक सय ६० मुलुक जोडिएका छन्।

बेइजिङमा जे सहमति भएको छ, ल्हासाले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएपछि प्रधानमन्त्री उत्साही छन्। सल्लाहकार आचार्य भन्छन्, 'दुई देशबीच आपसी विश्वास र सद्भाव बढेको अनुभूति प्रधानमन्त्रीज्यूमा भएको छ।'

चिनियाँ प्रधानमन्त्री लीसँगको भेटलगत्तै ग्लोबल टाइम्सलाई दिएको अन्तर्वार्तामा प्रधानमन्त्रीले चीनसँग यसअघि सहमत भएका समझदारीको प्रारम्भिक र समयबद्ध कार्यान्वयन भ्रमणको प्रमुख प्राथमिकतामा रहेको बताएका थिए। 'एकै समयमा, हामी आर्थिक सहयोगलाई अझ बढवा दिन चाहन्छौं। हाम्रो विशेष जोड नेपालमा थप चिनियाँ प्रत्यक्ष लगानी आकर्षित गर्ने, ट्रान्स-हिमालय कनेक्टिभिटी नेटवर्कलाई प्रवर्द्धन गर्ने, चीनमा नेपाली निर्यात बढाउने र नेपालको व्यापार घाटा सम्बोधन गर्ने हो,' प्रधानमन्त्रीले अन्तर्वार्तामा भनेका छन्।

उनले नेपाल सरकार क्षेत्रीय शान्ति, समृद्धि र विकासका लागि चीनसँग सहकार्य गर्न इच्छुक रहेको बताएका छन्। 'चीन र नेपालले शताब्दियौंदेखि मैत्रीपूर्ण सम्बन्ध र सांस्कृतिक सहयोगको आनन्द लिइरहेका छन्। पारस्परिक विश्वास र सहयोग चीन-नेपाल सम्बन्धको आधारभूत स्तम्भ भएको छ, जुन भविष्यमा पनि कायम रहनेछ,' प्रधानमन्त्री प्रचण्डले भनेका छन्।

अन्तर्वार्तामा प्रचण्डले प्रधानमन्त्रीका रूपमा आफ्नो तेस्रो कार्यकालमा नेपालमा दीर्घकालीन एकता, स्थायित्व र आर्थिक समृद्धिको प्रवर्द्धन गर्ने र यसका लागि बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)को रूपरेखाभित्र चीनसँगको सहकार्यलाई मजबुत बनाउन खोज्ने विश्वास व्यक्त गरेका छन्।

त्यसैबीच, राष्ट्रिय जनमोर्चाले चीन भ्रमणका क्रममा प्रधानमन्त्रीले नेपालको नयाँ नक्साको विषय नउठाएको भन्दै आलोचना गरेको छ। चीनले जारी गरेको आफ्नो नक्सामा नेपालको लिम्पियाधुरासहितको चुच्चे नक्सालाई मान्यता दिइएको छैन।

प्रधानमन्त्रीले चीन भ्रमणका वेला नक्साको विषय नउठाएकोमा जनमोर्चाले आलोचना गरेको हो। 'प्रधानमन्त्रीले चीन भ्रमणको अवसरमा चीनका प्रधानमन्त्री वा राष्ट्रपतिसँग नेपालको कालापानीसहितको भूभाग भारतीय नक्सामा सामेल गरी चीनले यही भदौ जारी गरेको नक्साको विषयमा कुनै कुराकानी गरेको वा त्योसम्बन्धी विषय उठाएको पाइएन,' जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ, 'त्यसका साथै नेपाल-चीन संयुक्त वक्तव्यमा कालापानीसम्बन्धी विषय नपरेकोमा प्रचण्ड सरकारले आफ्नो मुलुकको राष्ट्रियता र सार्वभौमसत्ता र अखण्डताको विषय चीनसमक्ष उठाउन नसकेकोमा हाम्रो पार्टी प्रधानमन्त्रीको गम्भीर आलोचना गर्दछ।'

SHINDRAA SOLUTIONS PVT. LTD.

Details of RMP for Chiller cabinet

S. No.	Item Name	Price Per Unit (USD)	MRP Price Per Unit (NPR)
1	BCD-876SD	314	81,700
2	LSC-220	296.75	77,200
3	LSC-300	396	103,000

काठमाडौं महानगरपालिका वडा नं. १३
कालिमाटी, काठमाडौं

उपस्थित सम्बन्धमा

उपरोक्त सम्बन्धमा का.म.पा. १३ वडा स्थायी बसोबास गर्ने रविन महर्जनको घरमा दिनेश भन्ने मानिसले कोठा भाडामा लिएर बस्दै आएकोमा विगत ६ महिना देखि केही खबर नगरी ताला बन्द गरी सम्पर्क विहिन भएको हुँदा तपाई सँग केहि कुरा बुझनु पर्ने भएकोले तपाई सँग भएको जे जो प्रमाण छ पत्र बुझेको मितिले १५ दिन भित्र यस वडा कार्यालयमा उपस्थित हुन अनुरोध गर्दछु।

ध्रुव नारायण मानन्धर
वडा अध्यक्ष, का.म.पा.-१३

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल ताप्लेजुङ
dht.taplejung@gmail.com

औषधि तथा औषधिजन्य सर्जिकल सामाग्री मालसामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना

सिलबन्दी दरभाउपत्र नं.- ०१/२०८०/८१
ठेक्काको सूचना नं.- ०१/०८०/८१
प्रथम पटक प्रकाशित मिति :- २०८०/०६/१३

जिल्ला अस्पताल ताप्लेजुङद्धारा संचालित फार्मेसीलाई आ.व. २०८०/८१ को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्री शिलबन्दी दरभाउपत्रद्वारा न्यूनतम मुल्याँकनमा छनौट भएका औषधीका आईटम वाईजहरु स्वीकृत भएका दरभाउपत्रदाताबाट आवश्यकता अनुसार खरिद गर्ने गरि यो दरभाउपत्रको सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र पुस्तिकामा उल्लेख भएका औषधीहरुको आईटमवाईज दररेट मुल्याँकन गरि **(आइटमवाइज दररेटको मुल्याँकन गर्दा एक दरभाउपत्रदाताले पेश गरेको कम्तीमा ३०० वटा आईटमको दररेट न्यूनतम मुल्याँकनमा आउने भएमा मात्र)** निज दरभाउपत्रदाताहरुको दररेट स्वीकृत गरि खरिद सम्झौता गरिनेछ। दरभाउपत्र आंशिक रुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ। खरिद कार्यमा भाग लिन इच्छुक इजाजत प्राप्त योग्य व्यक्ति/कम्पनी/सप्लायर्स/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/०६/२७) कार्यालय समयभित्र निवेदनसाथ औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आ.व.०८०/८१ का लागि कर चुक्ता वा नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा सहित रु.१०००।-(एक हजार) अस्पताल विविध खाता नं.-ख २ ६-०६२०२०००००२००६०००००१ नेपाल बैंक लि., ताप्लेजुङमा जम्मा गरि सक्कल भौचर बुझाई यस अस्पतालको प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद गरी १६ औं दिन (मिति २०८०/०६/२८) भित्र १२:०० बजे सम्ममा सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। औषधी तथा औषधीजन्य सामान खरिद सम्वन्धी विस्तृत विवरणको सूचना यस अस्पतालको सूचना पाटीमा टाँस गरिएको र शिलबन्दी दरभाउपत्र फाराममा समाबेस गरिएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराईन्छ। **दरभाउपत्र खरिद गर्नु पूर्व सूचनापाटीमा टाँस गरिएको बिस्तृत बिवरणको सूचना अध्ययन गर्नु हुन जानकारी गराईन्छ।**

निमित्त मेडिकल सुपरिटेन्डेन्ट

आजै फोन...

पृष्ठ १ बाट क्रमशः

जनाले मानसिक अस्पतालको हेल्पलाइन नम्बरमा फोन गरेर आफूले आत्महत्या गर्न लागेको बताएका थिए। कतिपयले आत्महत्या गर्न लागेको मात्रै अपूरो सूचना दिएर परामर्शदातालाई उल्टै अत्याए। केहीले त आत्महत्या गर्न औजार नै प्रयोग गर्न लागेको वेलामा समेत कल गर्ने गरेको परामर्शदाता बताउँछन्।

रिसिभ भएका कलमध्ये सबैलाई पराशर्म वा भौतिक रूपमै पुगेर परामर्श वा उपचार गरेपछि ती व्यक्ति आत्महत्याको निर्णयबाट पछि हट्ने गरेका छन्। अस्पतालका अनुसार फोन गर्नेमध्ये ५० जना १८ वर्षभन्दा कम उमेर समूहका थिए भने ६० वर्षभन्दा बढी उमेर समूहका नौजना थिए। त्यस्तै, अन्य व्यक्ति १९ देखि ३९ उमेर समूहका रहेको अस्पतालले जनाएको छ। उनीहरूले आफूहरूलाई आत्महत्याको सोच आएको भनेर अस्पतालको हेल्पलाइनमा फोन गरेका थिए। उनीहरूलाई आवश्यक मनोपरामर्श तथा उपचार गरिएको अस्पतालले जनाएको छ।

हाल मानसिक अस्पताल पाटनले फोनबाट परामर्श दिने पाँचजना कर्मचारी राखेको छ। यसमध्ये कतिपय अवस्थामा भौतिक रूपमै पुगेर परामर्श दिनुपरे पनि अस्पतालले चिकित्सकसहितको टोली पठाउने गरेको छ। 'हामीकहाँ मानसिक रोगबारे परामर्शदेखि उपचार सेवासम्म छ, तर सबैको उपचार गर्न अस्पताल एक्लैले सक्दैन,' मानसिक रोग विशेषज्ञ वासुदेव कार्कीले भने, 'कतिपयले त अझ सुसाइट नोट लेखेर तथा सुसाइट गर्ने औजार नै बोकेर फोन गर्छन्, त्यस्तोमा रेस्पोन्स गर्न निकै कठिन र चुनौती हुन्छ।'

पाटन अस्पतालले आत्महत्याको अवस्थामा पुगेका वा सोच आएका व्यक्तिलाई लक्षित गर्दै तीन वर्षअघिदेखि निःशुल्क परामर्श दिँदै आएको छ। यसका लागि हेल्पलाइन नम्बर ११६६ सञ्चालनमा ल्याएको छ। यसले आत्महत्या रोकथामका लागि ठूलो टेवा दिएको अस्पतालको

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १३ असोज ०८०
nayapatrikaofficial @naya_patrika

धानको बसाइँसराइ

चीनको सिचुआनदेखि पूर्वी नेपालसम्म



पूर्वी-दक्षिण चीनमा धानको उद्विकास भएका कारण धान पक्कै पनि पूर्वी नेपालमा रोप्न सुरु गरिएको हुनुपर्छ। उहिले मानिस तराईमा औलोको कारण बसोवास गर्दैनथे। यसकारण, पहाडी तथा हिमाली जिल्लामा धान रोप्न सुरु गरिएको थियो।

धान त प्राकृतिक रूपमा चीनको सिचुवानमा मात्र थियो। तर, पूर्वी नेपालमा धान मानिसले कहाँबाट ल्याए ? ढुकुरले ल्यायो होला भन्दा यो फिरन्ते चरा होइन।



कमल मादेन
kamal.maden@gmail.com

वनस्पति

बसाइँसराइ गर्न तयार भए। ती विभाजितमध्ये ह्याप्लोग्रुप ओ (एम १७५) अन्य तीनवटा उपसमूह ओवन (एम ११९), ओटु (एम २६८) र ओथ्री (एम १२२)मा विभाजित भए। कालान्तरमा तिनै ह्याप्लो ग्रुपहरूबाट क्रदाई, अस्ट्रोनेसियन, टिबेतो-बर्मन, ह्मोङ-मिअन र अस्ट्रोएसियाटिक भाषिक समूह बन्न पुग्यो। याङ्जे नदीआसपासका क्षेत्रमा ओटु (एम २६८)ले ओराइजा साटिवाको एक भेराइटी जापोनिका राइस खेती गरेका थिए। यस्तै, ओटु (एम २६८)बाट छुट्टिएको ओटुए (एम ९५) उद्विकास भयो। त्यही समूहबाट कालान्तरमा अस्ट्रोएसियाटिक भाषा आविष्कार भयो। अस्ट्रोएसियाटिक उत्तरी बर्मा, थाइल्यान्ड, पश्चिम लावोसतिर फैलिए। उनीहरू मेकोङ
» पृष्ठ ४ मा क्रमशः

चीनको जाग्रोस पहाडको फेदीमा करिब १२ हजार वर्ष पहिले जौ, मटर र दालको खेतीपाती गरिएको जीवाष्म सन् २००९ मा फेला परेको थियो। गहुँ अफ्रिका र एसिया जोडिएका भूभागसहित मध्य युरोपमा करिब १० हजार वर्ष पहिले खेती गरिन्थ्यो। मकै दक्षिण तथा मध्य अमेरिकामा उद्विकास भएको हो। नौ हजार वर्ष पहिले मध्य अमेरिकामा खेतीपाती सुरु गरिएको मकै युरोप र दक्षिण एसियामा १६औँ शताब्दीताका ल्याइपुऱ्याइएको थियो। पूर्वी-दक्षिण चीनको याङ्जे उपत्यका(सिचुवान)मा उद्विकास मानिने धान त्यहाँ करिब १० हजार वर्ष पहिले खेती गरिन्थ्यो। यस्तै, अफ्रिकामा उद्विकास भएको कोदो (फिंगर मिलेट) इथोपिया र सुडानमा करिब पाँच हजार वर्ष पहिले उब्जाउ गरिन्थ्यो।

मानिसले बढी उपभोग गर्ने अन्न धान, गहुँ, मकै, र कोदो हो। तर, संसारभरका आधाजति जनसंख्याबाट नियमित रूपमा उपभोग गरिने धान हो। सन् २०२० मा प्रकाशित बालकृष्ण जोशी, प्रवीन ओझा, देवेन्द्र गौचन र पशुपति चौधरीबाट लेखिएको एक लेखअनुसार जुम्लामा रोपिने मार्सीसहित नेपालमा दुई हजारजति धानका भेराइटी छन्। नेपालमा केही वर्षयता धान प्रतिवर्ष ५४ लाख टनभन्दा बढी उत्पादन हुँदै आएको छ। गत आर्थिक वर्ष ०७८/७९ मा ४७ अर्ब ५७ कडोड रुपैयाँबराबरको चामल आयात भएको थियो। यतिका मात्रामा खपत हुने धान चीनको कुन समुदायबाट ल्याइएको थियो होला ? त्यसको वैज्ञानिक तथ्य तथा सांस्कृतिक रूप के थियो ? यो लेख यही प्रश्न वरपर केन्द्रित छ।

धान प्रजाति

धान 'ओरिजा' जातिको वनस्पति हो। संसारभर धानको जम्मा १९ प्रजाति छन्। खानका लागि रोपिने 'ओरिजा सेटिवा' प्रजातिको धान हो। यो प्रजाति पूर्वी-दक्षिण चीनमा उद्विकास भएको हो। अफ्रिकाको सेनेगलका जोलालगायत अन्य केही समुदायले हिजोआज सामाजिक संस्कार पूरा गर्न 'ओरिजा ग्लाबेरिमा' रोप्छन्। अघिल्लो र पछिल्लो धानलाई क्रमशः एसियन र अफ्रिकन राइस भनिन्छ। बाँकी १७ प्रजाति खेतीपाती गरिँदैन। अफ्रिकन राइसको दाना एसियन राइसको भन्दा मसिनो र आकृति नास्पातीजस्तो, भुस रातो, चामलको वरिपरि जैतुन (ओलिब)देखि केही कालो रंगसम्मको हुन्छ। यसको दाना पाकेपछि धेरैजसो बोटमा अडिन्न। यस्तै, दाना कडा प्रकृतिको हुने भएका कारण पिसेर चामल बनाउन झन्झट हुन्छ। त्यो एसियन धानको तुलनामा निकै कम फल्छ। यसको सबल पक्ष भनेको पात निकै चौडा हुन्छ, जसले गर्दा यो रोपेको ठाउँमा झारपात हत्तपत्त उम्रन र बढ्न नदिनुको अतिरिक्त रोगसँग लड्ने क्षमता बढी भएबाट रोगबाट हत्तपत्त मर्दैन। अफ्रिकन राइसमा जलवायु परिवर्तन सहन सक्ने क्षमता पनि उत्तिकै हुन्छ। यसको केही सबल वंशाणु अर्थात् जिन एसियन राइसमा मिसाउने अनुसन्धान भएका छन्।

चीनको याङ्जे नदीआसपासका क्षेत्रमा करिब १० हजार वर्ष पहिले 'ओरिजा साटिवा'को एक भेराइटी 'जापोनिका' खेती गरिन्थ्यो। सन् २०२० मा नेचर प्लान्ट्स जर्नलमा प्रकाशित एक जानकारीअनुसार याङ्जे नदीआसपासको साइसान भन्ने ठाउँको प्राचीनकालको घर पुरिएको भग्नावशेषमा फेला परेको थियो। त्यहाँ माछासहित अन्य जनावरका हाड, माटाका भाँडा, जमिन खन्ने लट्ठी, धान पिस्ने ढुंगाका औजार आदि भेटिएका थिए। यस्तै, उत्तर-पश्चिम भारतको गंगा नदीआसपासका क्षेत्रमा धानको अर्को भेराइटी 'प्रोटो-इन्डिका' खेती गरिन्थ्यो। हिन्दूहरूको सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदमा धानको चर्चा छ (पार्चौं खण्ड, ५३ सुक्त, १३औं श्लोक)। दक्षिण भारतको तमिल साहित्यमा ईसापूर्वको तेम्रो समयदेखि लेखिएका सामग्रीमा धान खेती गरिन्थ्यो भन्ने उल्लेख छ। पद्मसुन्दर जोशीलिखित 'हिति प्रणाली' (सन् २०२२) शीर्षक पुस्तकमा लिच्छविकालमा काठमाडौं उपत्यकामा खेतीपातीका निम्ति कुलोको वृत्तान्त उल्लेख गरिएको छ। यसले संकेत गर्छ, उस वेला काठमाडौं खाल्डोमा धानखेती गरिन्थ्यो।

मानव ह्याप्लो ग्रुप

स्वाभाविक रूपमा प्रश्न उब्जिन्छ कि १० हजार वर्ष पहिले याङ्जे नदीआसपासका क्षेत्रमा धान रोप्ने कुन समुदाय थिए होलान् ? त्यो समूह त्यसउप्रान्त त्यहाँबाट चीनको विभिन्न भाग

> मुन्धुमअनुसार लिम्बूले ढुकुरलाई ढुंगाको पासोमा पारेर मारी, गाँड चिरेर त्यसले निलेको अन्न निकालेर धान उमाऱ्यो। अन्य केहीले लेखेको मुन्धुमको विवरणमा पनि चराबाट धानको बिउ प्राप्त भएको उल्लेख छ। यसबाट यसै आकलन गर्न सकिन्छ लिम्बूले जंगलबाट धानको बिउ ल्याएर खेती सुरु गरे।

पुगे होलान्। चीनबाहेक अन्यत्र पनि फैलिए होलान्। चीनमा ५६ जाति छन्। तीमध्ये सबैभन्दा ठूलो जातीय समूह हान चिनियाँ हो, जुन चीनको जनसंख्याको करिब ९१ प्रतिशत छ। सिंगापुरमा पनि हान चिनियाँ अत्यधिक छन्। चीनमा बाँकी ५५ जाति अल्पसंख्यक समूह हुन्। तीमध्ये भुओङ, हुइ, मन्चु, उइघुर, मियाओ, तुजिया, तिब्बती, मंगोल र कोरियाली आदि यदाकदा चर्चामा आउँछन्। तीमध्ये कुनचाहिँ जातिले सुरुमा धान रोपेका थिए होलान् ? उसबखत हिजोआज प्रचलनमा रहेको जाति नाम प्रचलनमा थिएन। त्यसबखत ठाउँविशेषको खास समूह हुन्थ्यो। ती समूह कुनै खास पैतृकवंश वा मातृवंशबाट फैलिएका हुन्थे। हिजोआज त्यस्ता समूहलाई ह्याप्लो ग्रुप भनिन्छ र यसले आनुवंशिक वंशावली (जेनेटिक जिनिओलोजी) जनाउँछ। मानव कोषमा भएको वाइक्रोमोजोम (वाइडिएनए ह्याप्लो ग्रुप) वा माइटोकोन्ड्रिल डिएनए (एमटिडिएनए ह्याप्लो ग्रुप)को अनुक्रम विश्लेषण गरेर मानिसको ह्याप्लो ग्रुप तथा तिनका विस्तार पत्तो लगाइन्छ। उदाहरणका निम्ति लिम्बू समुदायका एकाधजनाबाट तिनका आनुवंशिक वंशावली परीक्षण गराएका छन्। जेजतिले परीक्षण गराए, तिनका आनुवंशिक वंशज दक्षिण-पूर्वी चीन, दक्षिण-पूर्व एसिया, उत्तर-पूर्व भारत तथा मध्य-एसियामा रहेको देखाउँछ।

अब चर्चा गरौं, डिएनएको। जन्तु कोषभित्र केन्द्रभागमा रहेको अन्डाकार वस्तुलाई न्युक्लियस भनिन्छ। मानव कोषको न्युक्लियसभित्र २३ जोडा क्रोमोजोम हुन्छ। क्रोमोजोम डिअक्सिराइबोन्युक्लिक एसिड (डिएनए) र राइबोन्युक्लिक एसिड (आरएनए) बाट बनेको हुन्छ। डिएनए मसिना दुईवटा धागा खुकुलो गरी बाटेको जस्तो आकृतिमा रहेको हुन्छ। जब कि एमटिडिएनए न्युक्लियस वरिपरि रहेको जीव रसअन्तर्गत माइटोकोन्ड्रियामा हुन्छ। एमटिडिएनएको आकृति गोलाकार हुन्छ। ती डिएनए सिक्वेन्सिङ अर्थात् अनुक्रम मिलाएर सम्बन्धित जीवको नजिकका नातेदार पत्तो लगाइन्छ। डिएनएको सानो अंशलाई वंशाणु अर्थात् जिन भनिन्छ। आमाबाका वंशाणु अर्थात् जिन सन्तानमा के कसरी प्रसारण हुन्छ भन्ने थाहा पाउन शुक्राणु, अन्डाणु र तिनका संयोजन प्रक्रिया थाहा पाउनुपर्ने हुन्छ। पुरुषको शुक्राणु (स्पर्म) बन्दा कोषको केन्द्र भागबाट शुक्राणुको टाउको र कोषको न्युक्लियस भन्दावाहेकको पदार्थबाट शुक्राणुको छाती र पुच्छर बन्दछ। जब कि अन्डाणु (एग) बन्दा स्त्री कोषको न्युक्लियस र त्यसभन्दा बाहिरको भाग जम्मैबाट बन्दछ। गर्भाधान प्रक्रियामा जब शुक्राणु अण्डाणुको सम्पर्कमा पुग्छ, शुक्राणुको टाउको मात्र अन्डाणुभित्र प्रवेश हुन्छ। यसपछि शुक्राणु र अन्डाणु संयोजनबाट बनेको नयाँ कोषमा पुरुषको माइटोकोन्ड्रिल डिएनएविहीन हुन्छ। त्यो नयाँ कोषमा स्त्रीको माइटोकोन्ड्रिल डिएनए मात्र हुन्छ। यसकारण, हामीकहाँ भएको वाइडिएनए बुबा र आमा दुवैबाट आएको, तर माइटोकोन्ड्रिल डिएनएचाहिँ आमातर्फबाट मात्र आएको हो।

प्रत्येक वाइडिएनए ह्याप्लो ग्रुपलाई जनाउन एक अक्षरजस्तै ए, बी, सी, डी आदि प्रयोग गरिन्छ। पछि थपिँदै गएका समूहलाई इंकित गर्न एक अक्षरको ह्याप्लो ग्रुप जनाउने अक्षरपछि संख्या र अक्षरहरू प्रयोग गरिएका छन्। एमटिडिएनएको सिक्वेन्सिङबाट आमातर्फको पूर्वजको वंशज पत्तो लाग्छ। अर्कोतिर, वाइडिएनए वा एमटिडिएनए आमाबाबुबाट सन्तानमा प्रसारण हुँदा ज्यादै न्यून मात्रामा तिनका स्वरूप परिवर्तन हुन्छ, जुन मानवको बाहिरी स्वरूपमा पनि देखिन्छ। तर, प्रकृतिमा हुने उत्परिवर्तन (म्युटेसन)बाट अक्सर आन्तरिक र बाह्य दुवैमा निकै धेरै परिवर्तन हुन्छ। यो परिवर्तित गुण सन्तानमा सर्दै जाँदा हजारौं वर्षमा एक ह्याप्लोग्रुपबाट थप ह्याप्लोग्रुपहरू उद्विकास हुन्छन्। यहीक्रम लाखौं वर्षसम्म चल्दा एक प्रजातिबाट अनेकन प्रजाति उद्विकास हुन्छन्। मानिसको मुख्य ह्याप्लो ग्रुपहरू ए देखि जेटसम्म २६ वटा र यसका शाखा अहिलेसम्म कैयन छुट्टिएका छन्।

इन्भाइरोन्मेन्टल हिस्टोरी शीर्षक लेख रोयल बोटानिकल गार्डेन, इडिन्बर्गले प्रकाशन गरेको नेपाल नामक पुस्तकमा छ (सन् २०१५ : पृष्ठ ३११-३४६)। उक्त लेखअनुसार 'ओ' ह्याप्लोग्रुप पूर्वी तथा दक्षिणपूर्वी एसियामा प्रचुर मात्रामा पाइन्छ। यो ह्याप्लो ग्रुप करिब ३०-२० हजार वर्ष पहिले विभाजित भयो। उनीहरू, जब अन्तिम हिमयुग करिब १२ हजार वर्ष पहिले अन्त्य भयो, त्यसपछि अन्यत्र



उत्तर कोरियाली नेता किम किन रेल चढ्न रुचाउँछन् ?



उत्तर कोरियाली नेता किम जोङ उन यही सेप्टेम्बरमा रुस भ्रमणका लागि प्योङयाङबाट प्रस्थान गर्नुअघि रेलबाट अभिवादन गर्दै । तस्बिरः एपी

यही सेप्टेम्बर १२ मा पहिँलो धर्सा भएको गाढा हरियो रंगको एउटा रेल रुस, चीन र उत्तर कोरियाको सीमामा देखियो । 'मुभिङ फोर्टेस' नामको उक्त रेलमा सवार थिए, उत्तर कोरियाका तानाशाह किम जोङ उन । यो त्यही रेल थियो, जुन उत्तर कोरियाली नेता उनले विदेश यात्रा गर्दा प्रयोग गर्छन् । सामान्यतया देशका प्रमुखले विदेश भ्रमण गर्दा विशेष विमान प्रयोग गर्छन् । तर, कोरियाली नेता भने यसको अपवाद छन् । किम जोङ उनका बाबु र हजुरबुबा पनि विदेश भ्रमणका क्रममा अक्सर रेल नै प्रयोग गर्थे । किम बिरलै उत्तर कोरिया छोड्छन् । जब उनले देश छाड्छन्, उनी बिरलै विमान चढ्छन् । उनी बख्तरबन्द रेलमा यात्रा गर्न रुचाउँछन्, जसरी उनका बुबा र हजुरबुबा चढ्थे ।

यसपटक किम रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग शिखर वार्ताका लागि रुस जाँदै थिए । चार वर्षभन्दा बढी समयको अवधिमा उत्तर कोरियाबाहिर उनको पहिलो ज्ञात भ्रमण थियो । सन् २०११ मा सत्ता सम्हालेदेखि किम जोङ उनले जम्मा पाँच देशको भ्रमण गरेका छन् । तीमध्ये धेरै ठाउँमा उनी रेल चढेरै पुगे । भियतनामको राजधानी हनोईलगायत सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको शिखर वार्ता गर्न पनि उनी रेल चढेर गए । सन् २०१९ को अप्रिलमा किमले पहिलोपटक पुटिनलाई भेट्न रुसी बन्दरगाह सहर भ्लादिभोस्तोकमा पुग्न रेलबाटै यात्रा गरेका थिए ।

रुसी अधिकारी कोन्स्टान्टिन पुलिकोभस्कीको पुस्तक 'ओरिएन्ट एक्सप्रेस'मा उत्तर कोरियाली नेताका रेल विलासीपूर्ण भएको उल्लेख छ । सन् २००१ मा रुस भ्रमणको क्रममा किम जोङ इलसँगै रेलमा समय बिताएका पुलिकोभस्कीले कोरियाली नेताको रेलमा 'रुसी, चिनियाँ, कोरियाली, जापानी र फ्रान्सेली खानाको कुनै पनि परिकार अर्डर गर्न सम्भव भएको' स्मरण गरेका छन् । उनका अनुसार ताजा समुद्री खानाको उपलब्धता सुनिश्चित गर्न जीवित लोबस्टर (समुद्री जनावर) रेलमा ढुवानी गरिनुका साथै पेरिसबाट रेड वाइन आयात गरिएको थियो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निजी रेलमा पनि 'किम जोङ इलको रेलमा जस्तो सुविधा नभएको' उनले उल्लेख गरेका छन् । 'रुसी, चिनियाँ, कोरियाली, जापानी र फ्रान्सेली खानाको कुनै पनि परिकार अर्डर गर्न सम्भव थियो,' पुलिकोभस्कीले स्मरण गरेका छन् ।

कत्तिको छिटो गुड्छ ?

उत्तर कोरियाको यातायातबारे दक्षिण कोरियाली विज्ञ आहन ब्युङ-मिनका अनुसार उत्तर कोरियाका नेताहरूलाई वर्षौंदेखि बोकेका सशस्त्र रेलमा प्रत्येकमा १० देखि १५ वटा डिब्बा छन्, जसमध्ये केही डिब्बा विशेष रूपमा किम जोङ उनका लागि आरक्षित छन् । एउटा डिब्बामा निजी शयनकक्ष छ भने अन्य डिब्बाले टोलीका प्रमुख सदस्यहरू (जस्तै सुरक्षा गार्डहरू) बोक्छन् ।

रेलका केही डिब्बा नेताको स्थल यातायातका लागि विलासी गाडीहरू बोक्न डिजाइन गरिएका छन् । केही समयअघि उत्तर कोरियाली समाचार संस्था केसिएनएले सार्वजनिक गरेको रेलको भित्री तस्बिरमा किम जोङ उन अन्य यात्रुसँगै गुलाबी रंगको छालाको सोफामा लामो पंक्तिमा बसेको देखाइएको थियो । एउटा भिडियो फुटेजमा गुलाबी सिट, डेस्क र कुर्सीले सजाइएको कार्यालयसहितको डिब्बा र यसको पछाडिको भागमा चीन र कोरियाली प्रायद्वीपको नक्सा देखाइएको थियो ।

कति सुरक्षित छ मुभिङ फोर्टेस ?

वर्तमान नेता किमको 'मुभिङ फोर्टेस' यातायातको एक कष्टकर ढिलो शैली हो । सबै अतिरिक्त उपकरणहरूको वजनको कारण रेल केबल ५५ किलोमिटर प्रतिघन्टा (३५ माइल प्रतिघन्टा) मात्र गुड्छ । रेललाई उत्तर कोरियाली सरकारी मिडियाले किम जोङ इलको लागि 'एक सुन्दर घर र कार्यालय'को रूपमा वर्णन गर्छन् ।

रोयटर्सका अनुसार किम जोङ उनले हालै रुस भ्रमणमा प्रयोग गरेको रेल तानाशाहका दिवंगत बुबा किम जोङ इलले २००१ मा रुस भ्रमण गर्न प्रयोग गरेको रेलकै डिजाइन हो । किम जोङ उनका बुबाले रुस भ्रमण गर्दा तीनपटक रेल प्रयोग गरेका थिए ।

किमसँग प्योङयाङको एउटा कारखानाले बनाएका लगभग उस्तै रेल छन् । दक्षिण कोरियाको एकीकरण मन्त्रालयका अनुसार 'मुभिङ फोर्टेस'मा बुलेटप्रुफ झ्याल र विस्फोटक पदार्थबाट जोगाउने भित्ता र भुइँहरू छन् । मन्त्रालयका अनुसार 'यो रेल आक्रमण हतियार र आपत्कालीन अवस्थामा भाग्नको लागि एउटा हेलिकोप्टरले सुसज्जित छ । विज्ञहरूका अनुसार देशको पुरानो विमानहरूको तुलनामा, बुलेटप्रुफ रेलले ठूलो टोली, सुरक्षा गार्ड र बैठकअघि एजेन्डा छलफल गर्ने ठाउँको लागि सुरक्षित र थप सहज ठाउँ प्रदान गर्दछ ।

विज्ञहरूका अनुसार किमले विमानभन्दा रेल चढ्न सुरक्षित महसुस गर्छन् । विशेषगरी आक्रमणसहित अप्रत्याशित परिस्थितिमा रेलले अधिक लचकता प्रदान गर्छ । 'किम चढेको विमानमा आक्रमण भयो भने बाँच्ने सम्भावना निकै कम हुन्छ,' दक्षिण कोरियाको एकीकरण मन्त्रालयलाई उद्धृत गर्दै अलजजिराले लेखेको छ ।

रेल चढ्दा उनले आफ्नै घरजस्तो महसुस गर्छन् । 'रेल चढ्दा उनले जुनसुकै स्थानबाट आफ्नो देशमा आदेश दिन सक्छन् । त्यहाँ उनले फ्याक्स, इमेल र रिपोर्ट प्राप्त गर्न सक्छन् किनभने रेलमा सबै सञ्चार सुविधाहरू उपलब्ध छन् । त्यसैले किम जोङले रेल आफ्नो घरजस्तै सहज महसुस गर्न सक्छन्,' उत्तर कोरियाका पूर्वअधिकारी यंग ह्वानको भनाइ उद्धृत गर्दै रोयटर्सले लेखेको छ ।

२० घन्टा रेलमा

ब्लुमवर्ग न्युजका अनुसार सेप्टेम्बरको दोस्रो साताति किमको रेल भ्लादिभोस्तोको उत्तरमा रहेको रुसी सहर उसुरिस्कमा देखिएको थियो । त्यसपछि उनी नयाँ लोकोमोटिभ (रेलवे वहान)मा चढे र ट्रान्स-साइबेरियन रेलवेमा खाबारोभस्कको यात्रा जारी राखे । प्योङयाङदेखि भ्लादिभोस्टोकसम्मको ६८० किलोमिटर (३२० माइल) यात्रा करिब २० घन्टा लाग्छ ।

यसअघि ट्रम्पलाई भेट्न किम ६५ घन्टा लामो रेल यात्रा गरेर भियतनाम पुगेका थिए । कम्युनिस्ट राज्यमा जीर्ण रेल पूर्वाधारका कारण विलासी ट्रेन प्रतिघन्टा २५ माइलको गतिमा मात्र गुड्छ ।

के किम कहिल्यै उडेका छन् ?

३९ वर्षीय किमले यसअघि विभिन्न देशको भ्रमण गरिसकेका छन् । चारपटक चीन, दुईपटक रुस र एक-एकपटक भियतनाम र सिंगापुर पुगेका छन् । भियतनाम र सिंगापुरमा भएका दुई भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग शिखर वार्ताका लागि थिए । उनी दुईपटक दक्षिण कोरिया पनि पुगेका छन् । ती यात्राहरूमा उनले प्रायः रेल नै प्रयोग गरे ।

आफ्ना बुबाजस्तो उनी विमान उड्न डराउँदैनन् । सातमध्ये तीनवटा यात्रामा उनले विमान प्रयोग गरेका थिए, दुईपटक चीन र एकपटक सिंगापुर जाँदा । सन् २०१४ मा सरकारी मिडिया फुटेजमा पनि उनलाई विमानको इन्जिननजिक देखाइएको थियो ।

उनको निजी विमान चाम्मे–१ (जसमा चढेर उनी सन् २०१८ मा चीन पुगे)लाई उत्तर कोरियाको राष्ट्रिय चरा पनि भनिन्छ । शीतयुद्धकालीन यो विमान रुसी निर्मित हो । पुरानो र सम्भावित मर्मतसम्भार समस्याका कारण यसको विश्वसनीयतामाथि विश्लेषकहरूले प्रश्न उठाएका छन् ।

> रेलमा यात्रा गर्ने किम वंशको रुचि उत्तर कोरियाका संस्थापक किम इल सुङसँगै सुरु भएको थियो । सुङलाई सोभियत नेता जोसेफ स्टालिनले एकपटक रेलगाडी नै उपहार दिएका थिए । उनका छोरा, किम जोङ इल पनि विमानमा यात्रा गर्न डराउँथे र रेलमा यात्रा गर्न रुचाउँथे ।

विमान चढ्न डराउँथे किम जोङ इल

रेलमा यात्रा गर्ने किम वंशको रुचि उत्तर कोरियाका संस्थापक किम इल सुङसँगै सुरु भएको थियो । सुङलाई सोभियत नेता जोसेफ स्टालिनले एकपटक रेलगाडी नै उपहार दिएका थिए । उनका छोरा, किम जोङ इल पनि विमानमा यात्रा गर्न डराउँथे र रेलमा यात्रा गर्न रुचाउँथे । सन् २०१० मा उनका पूर्वअंगरक्षकले दक्षिण कोरियाली मिडियालाई भने कि उत्तर कोरियाली नेताले विमानबाट यात्रा गरेमा शत्रुहरूले गोली हानेर मारिने डर थियो ।

दक्षिण कोरियाली पत्रिका चोसन इबोको रिपोर्टअनुसार वर्तमान नेता उनका बाबु किम जोङ इलको रेलमा सम्मेलन कक्ष, श्रोता कक्ष र शयनकक्ष थिए । इललाई जानकारी दिन र आदेश जारी गर्न सकून् भनेर स्याटेलाइट फोन र फ्ल्याट स्क्रिन टिभी जडान गरिएका थिए । 'महिला कन्डक्टर' भनेर चिनिएका युवतीहरूको एउटा समूहले रेलभित्र गीत गाएर रमाइलो प्रदान गर्थे ।

'किमको बाबुको रेलमा एउटा आवासीय गाडी, 'हेडक्वार्टर' वहान, एउटा रेस्टुरेन्ट, दुइटा बख्तरबन्द, मर्सिडीजसहितका धेरै कार ढुवानी क्यारियज थिए,' पूर्वरुसी कूटनीतिज्ञ जर्जी टोलोरायाले उत्तर कोरियाको विशेष आउटलेट एनके न्युजमा किमको सन् २००१ को भ्रमणको स्मरण गर्दै लेखेका छन् । सन् २०११ को अन्तमा रेलमा यात्राकै क्रममा हृदयघातको कारण इलको मृत्यु भयो । किम जोङ इलको शव रहेको प्योङयाङको बाहिरी भागमा रहेको समाधिस्थलमा रेलको एउटा डिब्बा स्थायी प्रदर्शनमा छ ।

उत्तर कोरियाका संस्थापक नेता किम इल सुङ (वर्तमान नेताका हजुरबुबा) आफ्नो शासनकालमा नियमित रूपमा रेलबाट अन्तर्राष्ट्रिय यात्राहरू गर्थे । उनले सन् १९८४ मा रेलद्वारा मस्को हुँदै पूर्वी युरोपको म्याराथन यात्रा पनि पूरा गरेका थिए ।

उत्तर कोरियाली नेताहरू आफ्नै देशभित्र यात्रा गर्दा कति रेल प्रयोग गर्छन्, यो स्पष्ट छैन । तर, उत्तर कोरियाली यातायातबारे दक्षिण कोरियाली विशेषज्ञ आन ब्युङ-मिनले सुरक्षाका कारणले धेरै रेलहरू आवश्यक भएको बताउँछन् । 'यो ढिलो भए पनि, उत्तर कोरियाली नेताको लागि ट्रेन सुरक्षित र अधिक आरामदायी छ,' आनले भने ।

(एजेन्सीहरूको सहयोगमा **सुभाष शर्मा**)

मनै लोभ्याउने जुम्लाको शंकर झरना





मानदत्त रावल
mandattar2010@gmail.com

पर्यटन



घना जंगलको बीचमा रहेको जुम्लाको सबैभन्दा अग्लो मनमोहक शंकर झरना ओझेलमा परेको छ । प्रशस्त पर्यटकीय सम्भावना बोकेको यो झरना प्रचार-प्रसारको अभावले ओझेलमा परेको हो । प्राकृतिक रूपमा मनोरम रहेको यो झरना सूचीकृतसमेत भएको छैन । यसको उचाइ पनि मापन भएको छैन । झरनाको उचाई हेर्दा करिब डेढ सय मिटर अग्लो अनुमान गर्न सकिन्छ ।

माथिबाट झरेको पानीको फोहोराले पर्यटकको मन लोभ्याउने गरेको छ । स्थानीयवासीले यसलाई प्रकृतिको सुन्दर उपहारको रूपमा लिने गरेका छन् । पातारासी गाउँपालिका-२ पेरेगाउँको छडा पहाडको खोँचमा पर्ने यो झरना हेर्न आन्तरिक पर्यटक पुग्ने गरेका छन् । यो झरनालाई अझै धेरैतिर चिनाउन सके आम्दानीको राम्रो स्रोत बन्ने देखिन्छ ।

यस क्षेत्रको मुख्य पेसा पशुपालन र कृषि हो । वन जंगलबाट विभिन्न किसिमका जडीबुटीको संकलन र व्यापार गरी यस क्षेत्रका जनताले आम्दानीको स्रोत बनाउने गरेका छन् । यस वडामा हिन्दू र बौद्ध धर्मावलम्बीहरू मिलेर बसोवास गर्दै आएका छन् । यहाँ मुख्य बालीका रूपमा मकै, गहुँ, फापर, आलु, जौ, कोदो, सिमी लगाउने गरेको पाइन्छ ।

खलंगादेखि डेढ घन्टा मोटरबाटो पार गरेपछि पेरेगाउँको भित्र जवा नदीको किनारमा पुगिन्छ । त्यसपछि ४५ मिनेट पैदल यात्रामा शंकर झरना पुगिन्छ । माथि पातारासी हिमाल, त्यहाँबाट बगेको जवा नदी, त्यही नदीको किनारैकिनार हिँड्दै जाँदा हरियाली फाँट र घाँसेमैदान भेटिन्छ । यो झरना अवलोकन गर्न साउन र भदौ महिना



धानको बसाइँसराइ...

पृष्ठ ३ बाट क्रमशः

डेल्टा, मलाया, निकोल्बार र पूर्वी भारततिर पुगे, जहाँ उनीहरूबाट थप भाषा विकास भए र त्यहाँका आदिवासी जाति बने । यस्तै, करिब १२ हजार वर्षअघि ओथ्री (एम १२२) बाट ट्रान्स-हिमालय वा तिब्बती-बर्मन पैतृक वंश ओथ्रिएथ्रिसी (एम १३४) र हमोङ-मिअन पैतृक वंश ओथ्रिएथ्रिबी (एम ७) उद् विकास भयो । पछिल्लो पैतृक वंशलाई मियाओ-यायो र विरलै याङजिअन भनिन्छ, जुन दक्षिणी चीन बसोवास गर्छन् । जर्ज भान्डुमले लेखेको 'द एन्सेस्ट्री अफ टिबेटन' (सन् २०१३) शीर्षक लेखमा धानखेती सुरु भए ताका ओथ्रिएथ्रिसी (एम १३४) याङ्जे नदी उपत्यकातर्फ अर्थात् सिचुवान र युनानमा विस्तार भएका थिए । ओथ्रिएथ्रिसी (एम १३४)लाई छोटकरीमा ह्याप्लो ग्रुप एम १३४ भनिन्छ । लिम्बू समुदायको ह्याप्लो ग्रुप एम १३४ हो ।

संस्कारमा धान

पूर्वी-दक्षिण चीनमा धानको उद्विकास भएका कारण धान पक्कै पनि पूर्वी नेपालमा रोप्न सुरु गरिएको हुनुपर्छ । उहिले मानिस तराईमा औलोको कारण बसोवास गर्दैनथे । यसकारण, पहाडी तथा हिमाली जिल्लामा धान रोप्ने सुरु गरिएको थियो । ताप्लेजुङ, पाँचथर, इलाम जिल्लामा बसोवास गर्ने प्राचीन जाति लिम्बू हुन् । लिम्बूले धानलाई 'या' भन्छन् । उनीहरूको धानसँग अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । लिम्बू समाजमा 'या' शब्द अत्यधिक लोकप्रिय छ । गाउँघरतिर लिम्बू समुदायका व्यक्तिले 'या' जोडिएका शब्द उच्चारण नगरी दिनचर्या पूरा हुँदैन ।

मुन्धुममा धान

डिबी आङ्बुडङ्द्वारा सम्पादन तथा अनुवाद गरिएको याक्थुङ सामाजिक मुन्धुम (२०७९) शीर्षक पुस्तकमा खेतीपातीको सुरुवाती अवस्थामा लिम्बू समुदायले के-कसरी सुरुमा धानको बिउ पाए भन्ने उल्लेख छ । यसमा लेखिएको छ-

'सात्ता केजाबा लुङ्लेक केजाबा ॥
थोक्सा मेदारो कुबु मेदोरा ॥
खानुहा? वया युक्तेसे लुङ्जेन युक्तेसे ॥
अया युक्तेसे फच्चङ युक्तेसे ॥
खाप्पुसा-थोक्सा मेधारो कुपुः मेधारो ॥
मिनु पुमेन्लो साप्पुधुःक् पुमेन्लो ॥
थोक्सा केसिबेन् कुपु केसिबेन ॥
हुक्सो फाःक्खे फेत्ते ताङे फाःक्खे फेत्ते ॥
मिनु फःन्मेल्लो कुतक्फःन्मेल्लो ॥
हुक्सो थेसेआङ ताङे थेसेआङ् ।
केसात्ता नेमेत्ना केलुङ्लेःङ नेमेत्ना ॥
सोधाःन् हे?रेओ या?रिःन् हे?रेओ ॥'

..... (पृष्ठ ६६४)

यो मुन्धुमअनुसार लिम्बूले ढुकुरलाई ढुंगाको पासोमा पारेर मारी, गाँड चिरेर त्यसले निलेको अन्न निकालेर धान उमारिएको बताएको छ । अन्य केहीले लेखेको मुन्धुमको विवरणमा पनि चराबाट धानको बिउ प्राप्त भएको उल्लेख छ । यसबाट यसै आकलन गर्न सकिन्छ लिम्बूले जंगलबाट धानको बिउ ल्याएर खेती सुरु गरे । तर, लिम्बूको पूर्वजले धानखेती कहाँ सुरु गरेका थिए ? धान त प्राकृतिक रूपमा सिचुवानमा मात्र थियो । पूर्वी नेपालमा धान मानिसले ल्याएका हुन् । ढुकुरले ल्यायो होला भन्दा ढुकुर माइग्रेटोरी (फिरन्ते) चरा होइन । ढुकुर उताबाट यता आउँदैन ।


(युनेस्को)ले डिसेम्बर १९८४ मा प्रकाशित गरेको म्यागिजिन 'द कुरिअर'मा प्राचीनकालका धानखेतीसँग जोडिएका निकै कथाहरू समावेश छन् । उक्त म्यागेजिनको 'राइस इन मिथ एन्ड लिजेन्ड' शीर्षक लेखमा प्राचीनकालमा चीनको सिचुवानको मियाओ समुदायले के-कसरी धानको बिउ प्राप्त गरे भन्ने मिथक छ । मिथकअनुसार त्यसवेला मियाओ समुदायसँग धानको बिउ हुँदैन । उनीहरूले एउटा चरालाई धान हुनेतर्फ उढाएर पठाउँछन् । त्यो चराले धान खोज्दै जान्छ । कैयन दिन बित्छ । एक दिन त्यो चरा पाकेको धान अघौंजी खाएर फर्किन्छ । यसरी मियाओ समुदायले धानको बिउ फेला पार्छन् (पृष्ठ : ९) । यो मिथक करिब-करिब लिम्बूको मुन्धुमसँग मिल्छ । सिचुवानको कथामा चरा भनिएको छ, मुन्धुममा ढुकुर । धानको बिउ प्राप्त गरिएको विधि उही हो । सिचुवानबाटै ह्याप्लोग्रुप एम १३४ उद् विकास भएको हो । लिम्बूको ह्याप्लोग्रुप पनि एम १३४ हो भनेर माथि चर्चा गरिसकिएको छ । यसबाट सिचुवानको कथा र लिम्बूको मुन्धुमको कथा यसै काग्तालीमा लेखिएको होइन भन्ने प्रस्ट हुन्छ । यसबाट अनुमान लगाउन सकिन्छ कि लिम्बूको पूर्वजले उतै धानखेती सुरु गरेका थिए । तिनका पूर्खाले धानखेती सुरु गरेको कथा मुन्धुमका रूपमा उसबखतदेखि लयमा भन्दै आएको हुनुपर्छ ।

स्वाभाविक रूपमा याङ्जे नदीआसपासको क्षेत्र अर्थात् सिचुवानबाट मुन्धुम पूर्वी नेपालमा कसरी ल्याई पुऱ्याए होलान् भन्ने प्रश्न उब्जिन सक्छ । यो कुरा वैदिक-आर्यले रचना गरेको ऋग्वेदको श्लोकसँग प्रसंग जोडेर विचार गर्दा ठिकै होला भन्ने लाग्न सक्छ । वैदिक आर्यको सुरुको भुन्ड करिब चार हजार वर्ष पहिले मध्यएसियाबाट दक्षिण एसियातर्फ बसाइँ सर्न थालेका थिए । उनीहरू उत्तर-पश्चिम भारतमा करिब ३५ सय वर्ष पहिले आइपुगेका थिए । वेद, पुराणमा कैयन दशक विवेचनात्मक अध्ययन गरेका अध्येयताका अनुसार ऋग्वेदका केही श्लोक मध्यएसियामा रहँदै वैदिक-आर्यले रचेका थिए । भारतमा लिपि करिब २३-२४ सय वर्ष पहिले प्रचलनमा आयो । त्यसपछि विभिन्न ठाउँमा ती श्लोकहरू लेखिए । त्यसपछि एकीकृत आकार दिइयो, ऋग्वेद । ऋग्वेद श्लोकहरू कथेको र लेखेको भूभागबीचको हवाई दूरी तीन-चार हजार किलोमिटर फरक छ । योभन्दा सिचुवानबाट लिम्बूको बसोवासस्थल पूर्वीको पहाडी भूभाग निकै कम दूरी छ ।

याङ्जे नदीको फैलावट तिब्बत उत्तर-पूर्वी भागबाट सुरु हुन्छ । लिम्बूको पूर्वजको भुन्ड ल्हासाआसपासको बाटो भएर बसाइँ सर्दै हिमालको खोँचबाट हिमाल पार गरेर कञ्चनजंघा र कुम्भकर्णआसपासका क्षेत्रमा आइपुगे । यसरी बसाइँ सर्दै आइपुग्न सयौँ वर्ष लाग्यो । उनीहरू याङ्जेबाट सरासर हिँडेर त्यता आएका होइनन् । बसाइँ सर्दै आउँदा त्यता पुगे र त्यही अडिए । यस्तै, याङ्जे नदी उपत्यकाबाट सोझै दक्षिणतर्फ लागेका समुदाय बर्मा, मेघालय, असामतिर पुगे । त्यहाँबाट पाँचथर, इलामतिर पुगे । आउनेक्रम एकाध हजार वर्षसम्म चलिरह्यो । तिब्बतको चुम्बी उपत्यकाबाट १३औँ शताब्दीमा सिक्किम पुगेका क्वे-वुम-साका जेठो सन्तान क्वेवु-रापको वंशज लिम्बूको एक थर थाम्सुहाङ हो (थाम्सुहाङ ऐतिहासिक वंशावली २०६८ : पृष्ठ ९७) । पछि उत्तरबाट आउने लिम्बूले 'हाङ' र पूर्वी-दक्षिणबाट आउनेले 'शुभा' प्रचलन लिएर आए (नेम्बाङ, कृष्णविक्रम, इतिहास पहिचान २०७९ : पृष्ठ ११८-१२८) । ताप्लेजुङतिरका लिम्बूहरू 'हाङ' र पाँचथर तथा इलामतिरका लिम्बूहरू 'शुभा' परिपाटीवाला हुन् । लिम्बूले तिनको नेतृत्ववदायी भूमिका निभाउने व्यक्तिलाई क्रमशः 'हाङ' र 'शुभा' भन्थे । सिक्किममा पनि 'शुभा' प्रणाली थियो । यसको एक उदाहरण डेबिड फिल्ड रेनीले लेखेको 'भोटान एन्ड द स्टोरी अफ द डोर वार' (सन् २००९, पृष्ठ २५९) शीर्षक पुस्तकमा समावेश छ । त्यसमा लेखिएको छ,'नोभेम्बर १८४९ मा बेलायतको प्रसिद्ध वनस्पतिविद् जोसेफ डाल्टन हुकर र आर्किबाल्ड क्यामबेल सिक्किमको महाराजसँग अन्तर्वार्ता लिन सिक्किम पुगेका थिए । तर, सिक्किमको महाराजले भेट दिँदैनन् । उनीहरू फर्कंदै गर्दा सिक्किमको एक 'शुभा'को नेतृत्वमा आएको ५० जना व्यक्तिले हुकर र क्याम्पबेललाई हातापाई गरी एक महिनाजति १२ फिट लम्बाइ चार फिट चौडाइ भएको कोठामा थुनेर राख्छन् ।' हुकर लिखित 'हिमालयन जर्नल भोलम २' (सन् १८५४) मा 'शुभा' शब्द प्रशस्तै लेखिएका छन् ।

जर्ज भ्यान्ड्री दक्षिण एसियाको भाषामा अन्य भाषाको प्रभाव नपरेको, प्राचीन भाषाकै रूपमा रहेको एक मात्र लिम्बू भाषा हो भन्छन् । उनका अनुसार लिम्बू भाषामा पनि तेह्रथुमस्थित फेदापको लिम्बू भाषिका सबैभन्दा पुरानो र अहिलेसम्म अन्य भाषाको प्रभाव परेको छैन । त्यो भाषिकाको व्याकरण चीनको प्राचीन भाषाको व्याकरणसँग मिल्छ । यसबाट यो स्पष्ट हुन्छ कि प्राचीन चिनियाँ भाषा बोल्ने र फेदापे लिम्बूहरू ५,६ हजार वर्ष पहिले जतिखेर भाषा विकास भइरहेको थियो, त्यसवेला उनीहरू एकै ठाउँ थिए । दक्षिण-पूर्वी चीनमा उद् विकास भएको मानिसको ह्याप्लोग्रुप नेपालको लिम्बू समुदायसँग मिल्नु, तिनका भाषाका ग्रामरको स्वरूप उस्तै हुनुसँगै धानखेतीका सुरुवाती कथा लिम्बूको मुन्धुम तथा सिचुवानको प्राचीन कथासँग मिल्नुबाट यसै स्पष्ट हुन्छ कि याङ्जे उपत्यकाबाट पूर्वी नेपालमा धान ल्याउने लिम्बू समुदायकै एक भुन्ड थिए । नेपालमा मकै, गहुँ, कोदोभन्दा पहिले धान ल्याइएको हो । अतः नेपालमा खेतीपाती गर्ने पहिलो समुदाय लिम्बू नै हुनुपर्छ ।





> ०४५ सालमा पूर्वराजा वीरेन्द्र शंकर झरना क्षेत्रमा सिकार खेल्न पुगेको इतिहास छ। पहाडको खोँचबाट झरेको शंकर झरनामा पहिले भेडी गोठाला, सिकारी र जडीबुटी संकलक मात्रै पुग्थे। अहिले आन्तरिक पर्यटकहरू बाग्लै पुग्ने गरेका छन्।

अति उपयुक्त छ। चारैतिर हरियाली जंगल, पहाडको बीचमा सुन्दर झरना साँच्चै मनमोहक देखिन्छ।

झरना क्षेत्रलाई अझ सुधार गर्दै पर्यटकको गन्तव्यस्थल बनाउन स्थानीय सरकारदेखि प्रदेश र संघीय सरकारले विस्तृत परियोजना बनाउन आवश्यक देखिन्छ। झरनासम्म पुग्ने मोटरबाटो र पदमार्ग दुवै व्यवस्थापन गर्नुपर्ने देखिन्छ। पातारासी गाउँपालिकामा थुप्रै पर्यटकीय गन्तव्य छन्। पातारासीका प्रमुख पर्यटकीयस्थलमध्ये शंकर झरना पनि एक हो। विश्वकै उच्च स्थानमा (२८५० मिटर) मार्सी धान फल्ने छुमचौर ज्युलो, पातारासी हिमाल, बालीगाड ताल, देवस्थल, तालकोटा, तातोपानी कुण्ड धानचौरी पर्यटकलाई आकर्षण पार्ने केन्द्र हुन्। तर, यी पर्यटकीय क्षेत्र गुमनाम छन्।

०४५ सालमा पूर्वराजा वीरेन्द्र शंकर झरना क्षेत्रमा सिकार खेल्न पुगेको इतिहास छ। पहाडको खोँचबाट झरेको शंकर झरनामा पहिले भेडी गोठाला, सिकारी र जडीबुटी संकलक मात्रै पुग्थे। अहिले आन्तरिक पर्यटक बाग्लै पुग्ने गरेका छन्। ग्रामीण पर्यटनलाई फराकिलो बनाउनसके मात्रै पातारासीका नागरिकको जीवनस्तर उकास्न सकिनेछ। तर, यस्ता पर्यटन गन्तव्यको कुनै पनि ठोस योजना बनेका छैनन्।

पातारासी हिमालको बेसक्याम्पसम्म पुग्ने बाटो निर्माण गर्न सके र हिमाल आरोहणका लागि सरकारबाट आरोहण अनुमति लिन सके यस क्षेत्रको निकै राम्रो उन्नति हुने पर्यटन व्यवसायी सीप बुढा बताउँछन्। 'पर्यटन क्षेत्रको वृद्धि विकासका लागि तीनै तहको सरकारले ध्यान दिनसकेको छैन। प्रकृतिले दिएको उपहार सदुपयोग गर्नु नसक्नु दुःखद पक्ष हो,' व्यवसायी बुढा भन्छन्, 'यो झरनालाई देश-विदेशमा चिनाउन सकिएको छैन। अन्य ठाउँमा रहेका यस्ता झरनाको संरक्षण गरेर स्थानीयको जीवनस्तरमा समेत परिवर्तन आएको हामीले देखेका छौं। यसलाई संरक्षण गर्दै प्रचार-प्रसार गर्न सके यहाँ आएका पर्यटकलाई खान र बस्न दिएरै हामीले जीवनयापन गर्न सक्ने अवस्था बन्ने थियो। यसको विकासमा राज्यले ध्यान दिन आवश्यक छ।'

पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाका अनुसार यो झरनाको पर्यटन प्रवर्द्धनका विषयमा अहिलेसम्म खासै कुनै योजना बनेको छैन। 'यो झरना पछिल्लो केही समयदेखि चर्चामा आएको हो। पातारासीमा थुप्रै पर्यटकीय गन्तव्य छन्। शंकर झरना पनि यहाँको महत्त्वपूर्ण पर्यटन गन्तव्य हो, उनी भन्छिन्, 'यो झरनाको प्रवर्द्धन र प्रचार-प्रसारका लागि गाउँ कार्यपालिकाको बैठकमा प्रमुख विषय बनाएर छलफल गर्नेछौं। गाउँपालिकाको निर्णयअनुसार विस्तृत अध्ययन प्रतिवेदन बनाएर काम गर्नेछौं।'

'कोलोनियल मेन्टालिटी' इन्डियामा भन्दा नेपालमा कम पाएँ

लेखन-संवाद



प्रज्वल पराजुली, आख्यानकार

सिक्किमका प्रज्वल पराजुली नेपाली मूलका भारतीय आख्यानकार हुन्। 'द गुर्खाज् डटर' (कथासंग्रह) र 'ल्यान्ड ह्वेर आई फ्ली' (उपन्यास) बाट उनले अन्तर्राष्ट्रिय पाठकमाझ राम्रो परिचय बनाएका छन्। अक्सफोर्ड विश्वविद्यालयमा अध्ययन गरेका प्रज्वलका पुस्तक बेलायतका 'डिलन थोमस प्राइज', 'मोगफोर्ड प्राइज' र फ्रान्सको 'इमिल गिमेट प्राइज'को अन्तिम सूचीमा परेका छन्। पराजुलीको 'ल्यान्ड ह्वेर आई फ्ली' को विभु लुइँटेलद्वारा अनूदित 'चित्रलेखाको चौरासी' उपन्यास अहिले चर्चामा छ। उनै पराजुलीसँग **राजु स्याङ्तान**ले लेखन-संवाद गरेका छन् :

तपाईंको सिर्जनाको स्रोत के हो ?

यो दुनियाँलाई नै सिर्जनाको स्रोत र प्रेरणा मानेर लेख्छु। यो समाजकै पात्रहरूबाट, उनीहरूका अनुभवबाट विषयहरू फुराउँछु, अनि लेख्छु। कतै जानु छैन भने पनि सार्वजनिक यातायात चढेर आममानिसका कुराकानी सुन्छु। उनीहरूका संवादमा लेखनका विषय खोजिरहन्छु। कोही वेला समाचार पढेर पनि कथाका विषय फुराउँछु। कोही वेला 'इमाजिनेसन' गरेर पनि कथाका विषय फुराउँछु।

तपाईंको लेखन प्रक्रिया कस्तो हुन्छ ? कहिले, कसरी लेख्नुहुन्छ ?

कुनै विषय दिमागमा आयो भने थपक्क एक ठाउँमा बस्छु। कतै जानु छ भने पनि सबै क्यान्सिल गरेर लेख्न बस्छु। किनभने म 'डिसिप्लिन' लेखक होइन। त्यसैले लेख्ने विषय दिमागमा आउनेबित्तिकै सबथोक छोडेर लेख्छु। त्यसरी बस्दा कुनैकुनै कथाहरू सजिलै लेखिन्छ, कुनैकुनै गाह्रो हुन्छ। कुनै दिन खत्रै लेखियो जस्तो लाग्छ, तर पछि प्रयोग हुँदैन। निर्माण गरेको पात्रले यसो गर्छ होला भन्ने सोचिरहेको हुन्छु, तर लेख्दै जाँदा उसले डाङडुङ अर्कै पो गरिरहेको हुन्छ। पात्रहरू पखेटा उमारेर आफ्नै गन्तव्यतिर उठेर जान्छन्।

तपाईं यात्रा गरिरहने लेखकमा पर्नुहुन्छ। ८० देश घुमिसक्नुभयो। तपाईं खास किन घुमिरहनुहुन्छ ?

हो, म एकदमै धेरै यात्रा गर्ने मान्छेभित्र पर्छु। यात्राले लेखनमा प्रेरणा दिन्छ। हिँडाइले मेरो लेखाइलाई व्यवस्थित गर्छ। प्लेनमा यात्रा गर्नुभन्दा हिँड्न धेरै मन पराउँछु। कति मान्छेहरू योगा गर्छन्, जिम जान्छन्। मेरो लागि हिँड्नु भनेको मेडिटेट गर्नुजस्तै हो। हिँड्दा मेरो माइन्ड मेडिटेट भइरहेको महसुस हुन्छ। हिँड्दा नै मलाई सबैभन्दा धेरै खुसी मिल्छ। हिँडिरहँदा शब्दहरूले आफैंलाई लेखिरहेजस्तो लाग्छ। मेरा लागि हिँड्नु भनेको लेख्नुजस्तै हो। त्यसैले हिँडिरहन्छु।

> मेरो अंग्रेजी जति राम्रो छ, नेपाली पनि त्यति नै राम्रो भएको भए मेरो लेखन अझ राम्रो र कलरफुल हुन्थ्यो। त्यसैले हामी 'कोलनियल मेन्टालिटी'बाट बाहिर निस्कनैपर्छ।

तपाईंका पुस्तकहरू अन्तर्राष्ट्रिय बजारमा रुचि मानेर पढ्नेहरू धेरै छन्। एकजना लेखकका लागि बजार के रहेछ ? लेखकले बजारलाई उपयोग गर्ने हो कि बजारको अनुकूलतामा लेखकले लेख्ने हो ?

बजारलाई सोचेर लेख्ने लेखकले आफ्नो लेखाइबाट आनन्द प्राप्त गर्न सक्दैन। एकजना लेखकले आफूलाई मन परेको कुरा लेख्ने हो। आफ्नो लेखाइमा इमानदार भएको मन पर्छ। प्रकाशकहरूले यो लेख, त्यो लेख भनेर आग्रह गर्छन्। मलाई थाहा छ, मैले लेखेको कुरा बिक्छ। तर, बिक्छ भन्दैमा म लेख्दिनँ। म वेलावेला सोच्छु, यो लेखेँ भने अमेरिकन मार्केटले मन नपराउला, युके मार्केटमा काम नगर्ला। बेसी मार्केट, रिडरसिप र अरूले के भन्छन् भन्ने सोचेर लेखियो भने त्यसले लेखाइको क्राप्टमै असर पार्छ। त्यसैले म आफूलाई जे लेख्दा आनन्द लाग्छ, त्यही विषयमा लेख्छु। मैले लेखेको विषय मेरा भावी सन्तानले गर्वका साथ लिऊन् भन्ने अपेक्षा राखेर लेख्छु।

तपाईंको उपन्यास 'चित्रलेखाको चौरासी'ले कस्ता-कस्ता विषय उठान गरेका छन् ?

यो उपन्यास आइसकेपछि मलाई केही पाठकले भने, 'बाहुनहरूलाई पब्लिक रिलेसन चाहिएका वेला तिमीले किन यस्तो नकारात्मक कोणबाट लेख्यौ ?' म छक्क पर्ँे। के भाको होला मान्छेहरूलाई ? म 'भिजिट सिक्किम' भन्ने हातेपुस्तिका लेख्ने मान्छे होइन नि। म त कथाकार हुँ। मेरो समुदायमा राम्रो पक्ष पनि छ, नराम्रो पक्ष पनि छ। जातको विभेद, वर्गको विभेद सबै छ। त्यसैले मेरा पात्रहरू एउटा कोठामा मात्रै अट्न सक्दैनन्। 'चित्रलेखाको चौरासी' दक्षिण एसियामा भइरहेको मुद्दाहरू, कास्ट, क्लास, जेन्डर, सेक्सुआलिटी सबै विषय राखेर एउटा मसलेदार किताब लेख्ने सोचेर लेखेको हुँ। जे-जस्तो विषय राखे पनि कथा चकिलो हुनुपर्‍यो नि !

तपाईंले मसलेदार र चकिलो दुईवटा शब्द प्रयोग गर्नुभयो। यस्ता तत्त्वहरू मिसिएको साहित्य लोकप्रियतावादी कित्तातिर पर्छन् र यस्ता साहित्यले समाजको वास्तविक मुद्दालाई न्याय गर्न सक्दैन पनि भनिन्छ नि !

पपुलारिटीतिर धेरै ढल्किएको साहित्यले मुद्दाहरू बोक्न सक्दैनन् भन्ने कुरासँग सहमत छु। मैले अहिले बोल्दा मसलेदार, चकिलो शब्द प्रयोग गर्ँे। तर, मेरा सिर्जनाहरूमा मैले निकै सेन्सेटिभ इस्यु उठान गरेको छु। 'चित्रलेखाको चौरासी'मा समाजका समस्या ल्याएको छु। यो उपन्यासमा मैले लैंगिक अल्पसंख्यक पात्र प्रसन्तीलाई बलिउड सिनेमाले पोट्रेट गर्नेभन्दा सुन्दर तरिकाले पोट्रेट गरेको छु।

संसारमा एक समय 'पोस्ट कोलोनियल लिट्रेचर' निकै हाबी भयो। कोलोनियल शक्तिकै भाषामा साहित्य लेख्दा मात्रै लेखकहरू आफ् 'सफल' भएको महसुस गर्थे, गर्छन् पनि। अहिले तपाईं हिन्दी वा नेपाली भाषामा नलेखेर अंग्रेजी भाषामा साहित्य लेखिरहनुभएको छ। तपाईंको अंग्रेजी लेखनलाई 'पोस्ट कोलोनियल मेन्टालिटी'को दृष्टिबाट कसरी बुझ्ने ?

यो एकदमै सही कुरा हो। मैले शिक्षा नै त्यस्तो ठाउँमा पाएँ, जहाँ अंग्रेजीबाहेक अरू केही बोल्नै पाउँदैनँ थिएँ। नेपाली बोल्यो भने जरिवाना तिर्नुपर्थ्यो, कुटाइ पनि खानुपर्थ्यो। त्यस्तो हुर्काइले मेरो अंग्रेजी राम्रो भयो। नेपाली भाषा हेपियो। 'कोलोनियल मेन्टालिटी'ले कतिसम्म गहिरो गरी हामीलाई दबायो भने अंग्रेजीमा एउटा ग्रामर गल्ती भयो भने लाज लाग्ने रे, धेरैभन्दा धेरै अंग्रेजी मिसाएर नेपाली बोल्यो भने लाज नलाग्ने रे ! 'कोलोनियल मेन्टालिटी' इन्डियामा भन्दा नेपालमा कम पाएँ। एउटा भाषामा राम्रो हुन अर्को भाषा हेपिनुपर्ने उल्लु कन्सेप्ट लाग्छ। मेरो अंग्रेजी जति राम्रो छ, नेपाली पनि त्यति नै राम्रो भएको भए मेरो लेखन अझ राम्रो र कलरफुल हुन्थ्यो होला। त्यसैले हामीले आफैंलाई भित्रैबाट परिवर्तन गर्नैपर्छ। 'कोलनियल मेन्टालिटी'बाट बाहिर निस्कनैपर्छ। हाम्रो नेपाली भाषा विद्यालय तहबाटै हेपियो। तर, नयाँ परिवर्तन काठमाडौंमा हुँदै गरेको देखेँ। यो परिवर्तन सबैतिर पुगेपछि हाम्रो आफ्नो भाषामा गर्व हुन थाल्छ भन्ने लाग्छ।

पश्चिमाहरू आफूलाई 'सभ्य' र 'धनी' ठान्दै 'चिन्तन' र 'दर्शन'को स्रोत सबै आफूसँग छ भन्ने ठान्छन्। तर, तपाईंले लेख्नुभएको दक्षिण एसियाली समाजको एउटा कुनाको कथा उनीहरूले किन मन पराइरहेका छन् ? यसको भित्री कारण के होला ?

राम्रो कथा जहाँबाट जसले लेखे पनि संसारभरि मन पराउँछन्। ईर्ष्या, माया, घृणा यिनीहरू 'युनिभर्सल इमोसन्स' हुन्। यसबारे जसले जहाँबाट लेखे पनि यदि राम्रो छ भने सबैले मन पराउँछन् नै। अर्को कुरा मानिसलाई रोचक लाग्यो भने पनि पढ्छन्। केही पश्चिमा पाठकले आफ्नो ८४औं जन्मदिनमा चौरासीको पार्टी गर्छु भने। हाम्रो समाजको रसिलो कुरा उनीहरूलाई रमाइलो लाग्यो होला। एउटै परिवारभित्रको दाजुभाइ, दिदी-बहिनीबीचको माया, मनमुटाव पश्चिमा पाठकलाई रोचक लागेर पढे होलान्। उनीहरूलाई यी कथाहरूले आफ्नै परिवारसँग 'कनेक्ट' पनि गर्‍यो होला। म भयंकर लेखक भएर मेरा कथाहरू पढे होलान् जस्तो चाहिँ लाग्दैन।

आफ्ना धेरै रचनामा महिलालाई पात्र बनाएर उभ्याउनुभएको छ। महिला पात्रप्रति न्याय गर्न सकेँ जस्तो लाग्छ ?

मेरा पाठकले भनेअनुसार मैले महिला पात्रहरूलाई न्याय गरेको छु। हो, म एकदमै 'प्रिभिलेज्ड ब्याकग्राउन्ड'बाट आएँ। तर, मेरो वरिपरि चित्रलेखा, अनामिकाजस्ता एकदमै शक्तिशाली पात्र थिए। मेरा कथाभित्र पुरुष पात्रहरू बोरिङ खालका छन्। महिला पात्रहरूलाई कथा, उपन्यासमा उभ्याउन त्यति चुनौतीपूर्ण लाग्दैन। किनकि म समाजको धेरै नजिक पुग्ने कोसिस गरिरहन्छु। समाजलाई नजिकबाट अवलोकन गरिरहन्छु।

अब महिला, दलितलगायत सीमान्तकृत समुदाय आफैंले आफ्नो कथा लेख्न सक्छन् र लेख्नुपर्छ, सहानुभूतिपरक साहित्यले विषयको गम्भीरतालाई बोध गर्न सक्दैन भन्ने पनि बहस चल्छ नि !

एउटा पुरुष लेखकले महिलाको विषयमा लेख्नै हुन्न भन्ने होइन। ब्राह्मणले दलितको विषयमा लेख्न पाउँदैन भन्ने बहस पनि चलिरहेको छ। यस्तो बहस अमेरिकामा पनि चलिरहेको छ। नेटिभ अमेरिकनहरूको कथा कसले लेख्न पाउने ? यस्ता विषय चलिरहेको छ। अनुवादसमेत जुन समुदायका मानिसले लेख्यो, त्यही समुदायका मानिसले गर्नुपर्छ भन्ने बहस चलिरहेको छ। त्यो कोणबाट हामी गयौं भने भोलि आफ्नोबाहेक अरूको कथा लेख्नै नसकिने अवस्थामा पुग्छौं। त्यो अवस्थामा पुगियो भने धेरै गाह्रो हुन्छ। यस्ता विषयमा बहस हुनु राम्रो हो। तर, यी विषय शताब्दीऔंसम्म चलेनन्। अहिले एक्कासि एक दशकयता यो बहस एकदमै धेरै चलिरहेको छ। मलाई लाग्छ, हामी 'ओभर करेक्सन' गर्दै छौं। एउटा माइनोरिटी ग्रुपको साहित्य अर्को माइनोरिटी ग्रुपले पनि अनुवाद गर्न पाइँदैन भन्दै छौं। बिस्तारै यो विषय ठाउँमा आउँछ होला। सबैले सबैको कथा लेख्न मिल्छ भन्ने लाग्छ।

दावाफिन्जोको संघर्ष

दावाफिन्जोका बुबाले प्रधानपञ्चबाट राजीनामा दिए। आफ्नै बुबाको राजीनामा सभापतिको हैसियतले उनले स्वीकृत गरे।



विश्वास नेपाली
biswashnepali85@gmail.com

चर्चा

रसुवाका दावाफिन्जो तामाङ राष्ट्रिय राजनीतिको उच्च पदमा पुगेका तामाङ समुदायका अग्रणी व्यक्तित्व हुन्। उनीपछि मकवानपुरका तिलकबहादुर नेगी तामाङ समुदायबाट पहिलोपटक मन्त्री बने। दावाफिन्जोको जीवनी 'भेडीगोठदेखि राष्ट्रिय पञ्चायतसम्म' ताम्सालिङ नलेज सेन्टरले बजारमा ल्याएको छ। पुस्तक खोजराज गोले र पेमा मोक्तान तामाङले लेखेका हुन्।

दुर्गम ठाउँ, अनि तामाङ समुदायमा जन्म। राष्ट्रिय पञ्चायतको उपाध्यक्ष हुनु दावाफिन्जोका लागि चानचुने संघर्ष थिएन। राजनीति सहज र सजिलै गर्न सकिने यात्रा होइन भन्ने बुझ्न दावाफिन्जोलाई पढ्नुपर्छ।

वि.सं. १९९४ साउन ४ मा रसुवाको गोसाइँकुण्ड गाउँपालिका-५ मा दावाफिन्जोको जन्म भयो। आजकल उनी आफ्नै गाउँमा छन्। उनले राणा, पञ्चायत, बहुदल र गणतन्त्र सबै शासन देखे र भोगे पनि। उनी किसान र गोठाला थिए। दावाफिन्जोबारे हर्क गुरुङ लेख्छन्, 'सन् १९७३ मा गोसाइँकुण्डको यात्राको क्रममा दावाफिन्जो तामाङले आफ्नै बारीमा फलाएको स्याउले स्वागत गरे। उनी जिल्लामा सरकारी बागवानी प्रसारण कार्यक्रमको फाइदा उठाउने पहिलो साहसी किसान थिए।'


रसुवामा कतै विद्यालय नखुलेकाले हिरालाल नेवारलाई शिक्षकको रूपमा घरमै राखी दावाफिन्जोको पढाइको बन्दोबस्त बुबाले गराइदिए। उनी तमसुकसम्म लेख्न सक्ने भए। पछि अंग्रेजी पढ्न भनेर नुवाकोट झरे। केही समय पढे र बीचमै फर्के।

दावाफिन्जो २०१५ मा डा. केआइ सिंहको पार्टीको चुनावी अभियानमा जोडिए। नेपाली कांग्रेसले चुनाव जित्यो र बिपी कोइराला प्रधानमन्त्री बने। दावाफिन्जो वि.सं. २०१७ मा युवक संगठनको सभापति भए। त्यो समय राजनीतिमा लाग्नेहरू बिग्रन्छन् भन्ने सोच थियो। राजा महेन्द्रले कु गरेर बिपी र उनका पार्टीका नेताहरूलाई जेल हालेपछि त झन् मानिसहरूमा राजनीति गर्नुहुँदैन, जेल परिन्छ भन्ने भ्रम पऱ्यो।

दावाफिन्जो पहिले जिल्ला पञ्चायत सदस्य चुनिए। तर, पहिलो कार्यकालमै जिल्ला पञ्चायत सभापति बनेका लयुल तामाङ राष्ट्रिय पञ्चायत सदस्यमा गएपछि सभापतिको कार्यभार दावाफिन्जोकै काँधमा आइपऱ्यो। दावाफिन्जो सभापति हुँदा उनका बुबा डिन्दु वाङ्दी प्रधानपञ्च थिए। बाबुछोरा नै राजनीतिमा लाग्दा घर-गोठ चल्दैन भनेर परिवारमा दबाब बढ्न थाल्यो। बुबाले प्रधानपञ्चबाट राजीनामा दिए। आफ्नै बुबाको राजीनामा स्वीकृति सभापतिको हैसियतले दावाफिन्जोले नै गर्नुपऱ्यो।

उतिवेला रसुवामा राजनीतिक चेतनाको विकास अहिलेजस्तो थिएन। उनी सभापति र राष्ट्रिय पञ्चायत उपाध्यक्ष हुँदा पनि खासै वास्ता गर्दैन थिए। पहिले रसुवा, धादिङ र नुवाकोट एउटै जिल्लाअन्तर्गत थियो। जसलाई पाँचसय खोला भनिन्थ्यो। पछि राम्चेभन्दा माथि र पारिपट्टिका डाडाँगाउँपारिका खोला, किम्ताङ, खनियाँबास र छाप पञ्चायत रसुवामा राखियो। राम्चेभन्दा तल नुवाकोट पर्थ्यो। वि.सं. २०३० मा वर्तमान रसुवाको भूगोल बनेको हो। रसुवामा ६ मात्र गाउँ पञ्चायतहरू थिए। पछि १४ हुँदै १८ गाविस भयो। अहिले पाँच गाउँपालिकामा भूगोल विभाजित छ।

वि.सं. २०२१ भन्दा पहिले जिल्ला सदरमुकाम स्याफ्रुमा थियो। २०२१ मा राजा महेन्द्रले भूमि सुधार लागू गरेपछि बिबी सुब्बा मालपोतमा खटिएर आए। सदरमुकाम पुग्न ठूलोभार्खको ठूलो भीर पार गर्न गाह्रो थियो। बिबी सुब्बाले दावाफिन्जोलाई सदरमुकाम धुन्चे सार्न सल्लाह दिए। त्यसै भयो। सदरमुकाम धुन्चे सारेकोमा धुन्चेवासी खुसी भएनन्। रिसाए। घर भाडामा दिन मानेनन्। भवन बनाउन जग्गा दिएनन्। कार्यालय कहाँ राख्ने, भवन कहाँ बनाउने ? पिरलो धेरै पछिसम्म रहिरह्यो। धुन्चेवासीले विरोध जारी राखेपछि सदरमुकाम तल कालिकास्थानमा सार्ने चर्चा पनि चल्यो। तर, दावाफिन्जोले मित बुबा, मामालगायतसँग सहयोग लिएर धुन्चेमै टिकाए।



राजदरबारसँग जोडिएको सम्बन्ध

२०२७ सालमा तत्कालीन युवराज वीरेन्द्र रसुवा भ्रमण आएका रहेछन्। उतिवेला अहिलेजस्तो गाडीको सुविधा थिएन। दावाफिन्जो चन्दनबारीमा ऊन काट्दै थिए। वीरेन्द्र सरकार आएको खबर भान्जीमार्फत उनले पाए। भान्जी स्याफ्रुमा कारागारमा काम गर्ने भएकीले थाहा पाएछिन्। खबर थाहा पाउनेबित्तिकै उनी स्याफ्रु झरे।

उनी स्याफ्रु झरे तर वीरेन्द्रको टिम भने गोसाइँकुण्डतर्फ उकालो चढिसकेछन्। उनी पछ्याउँदै गए। उकालोमा सैनिकहरूको टिम भेटियो। अघि जान दिएनन्। छोटो बाटो हुँदै माथि पुगेर कुरी बसे। युवराज सैनिक टोलीको बीचमा रहेछन्। सरकार भन्दै फूलको गुच्छाले दावाफिन्जोले वीरेन्द्रलाई स्वागत गरे। सबै छक्क परे। 'युवराज भनेर चिन्ने को रहेछ यो ? तिमी को हौ ?' एडिसी ताराबहादुरले सोधे। 'म यो जिल्लाको सभापति हुँ।' दावाफिन्जोले भने। परिचय भएपछि दावाफिन्जोलाई फर्काउन खोजियो। तर, दावाफिन्जोले भने, 'हैन हजुर बाटो अप्ठेरो छ। भोलि केही भइहाल्यो भने मलाई अप्ठेरो पर्छ। सरकारसँगै जान पाऊँ !' ताराबहादुरले हुँदैन भनेर रोके। तर, भ्रमण दलकामा रहेका कर्णेल र डाक्टरबीचमा खासखुस सल्लाह भयो र सरकार आएको कसैलाई नभन्नु भन्दै उनलाई टोलीमा समावेश गरियो।

भ्रमण टोली ठूलो स्याफ्रुको दावाफिन्जोकै काकाको घरमा पुग्यो। त्यहीं बस्ने होला भन्ने ठानी खानाको बसाल्नै लाग्दा ताराबहादुरले लात्तीले हानेर भाडै हुऱ्याइदिए। 'किन राजा आएको हल्ला गरेको ?' यति भनेर टोली उकालो लाग्यो। दावाफिन्जोलाई चिन्ता लाग्यो। बाटोमा अन्यत्र बस्ने ठाउँ छैन। जे त पर्ला भनेर चामल, आलु, डेक्ची, डाडु र पन्यूसहित भरिया लिएर उकालो लागे।

दावाफिन्जोले जति सहयोग गर्दा पनि खुसी भएनन् एडिसी। मसिनोसँग ध्यान दिइरहेका वीरेन्द्र भने दावाफिन्जोसँग साह्रै खुसी भएछन्। युवराजको भ्रमणमा केही कमी हुन थिएनन्। उनको सहयोगी र मिजासिलो व्यवहारबाट युवराज वीरेन्द्र निकै खुसी भए। त्यो भ्रमणपछि दरबारसँग दावाफिन्जोको सम्बन्ध राम्रो भयो।

दावाफिन्जो वेलावेलामा दरबार गइरहन्थे। २०३१ साउन १४ गते उनले आफैंले फलाएको १५ दाना स्याउ लिएर राजदरबार पुगे। राजा खुसी भई स्याउ प्राप्त भयो भन्ने व्यहोराको पत्र उनलाई पठाए। त्यो पत्रलाई उनले आफ्नो पुस्तकमै राखेका छन्। २०३८ मा राष्ट्रिय पञ्चायतको सदस्य हुँदै उपाध्यक्षमा निर्वाचित भए।

सीमान्त तामाङ जातिलाई पञ्चायतकालमा त्यो स्थानसम्म पुग्न सहज थिएन। त्यस्तो प्रतिकूल समयमा पनि उनी राष्ट्रिय पञ्चायतको उपाध्यक्षसम्म बने। उनको जीवनका यस्तै संघर्षपूर्ण यात्रा यस पुस्तकमा समावेश भएका छन्। राजनीति गर्न चाहने र सचेत पुस्ताले उनका बारेमा लेखिएको पुस्तक पढ्दा राम्रो हुन्छ। दुईजना लेखकको मिहिनेत प्रशंसनीय छ।

आमालाई सम्मान कि स्वतन्त्रता ?

आमा पुज्ने समाजले आमा बुझ्न किन सक्दैन ?



श्रेयज सुवेदी
subedishreyaj30@gmail.com

समाज



'माँ पे मत जाना !' भन्ने सोचलाई 'माँ तक तुम जाना' भन्न चाहन्छु । र, मेरा दुई शब्द यहीं समाप्त हुँदैन ।

थुप्रै रहरहरू बगाएपछि मात्र आमाहरू आमा बन्छन् । सपनाहरूलाई डाँडा कट्ने गरी भगाएपछि मात्र आमाहरू आमा बन्छन् । त्यागको ट्याग सदियौँदेखि आमाहरू आफ्नो निधारमा बोकेर हिँडेका छन् । स्वअस्तित्वको अक्षता पनि नअट्ने त्यो निधारमा परिवार र समाजको मान मर्यादा र ममताको बिघौँबिघा धान खेत अटाइदिनुपर्छ । 'मर्दको दर्द नहीं होता' भन्नु र आमा भगवान् हो भन्नु एउटै कुरा हो । सबैभन्दा पहिला आमा मान्छे हो । मान्छे कोही पूर्ण हुँदैन । आमालाई पनि अपूर्ण हुने छुट छ । भारी छुट छ । खोट हुनु मान्छेको विशेषता हो । खराबी हुनु सामान्य हो । खोट खराबीभन्दा आमा सधैँ उपर हुन्छन् भन्ने मान्यता सुपर डुपर फ्लप हो । आमालाई मान्छे हुन दिनुपर्छ । त्यसैगरी जसरी पिँजडाको सुगालाई चरा हुन दिनुपर्छ । देवत्वकरण आमाको पिँजडा हो । एकादेशदेखि आमाहरू नथापाउने गरी थुनिएका छन् ।

नवाजुद्दिनले कतै भनेका छन् 'सुभ सिर्फ तीन लोग जाग्ते है । माँ, मेहेनत और मजबुरी ।' जसमा आमा बिहान उठ्नुपर्छ/हुन्छ, उठ्दै आएका छन् भन्ने कुरालाई रोमान्टिसाइज गरिएको छ । बिहान उठ्नु स्वस्थ्यका लागि फलदायी होला । तर, आमा बिहान उठ्नुपर्छ भन्ने भाष्यचाहिँ हानिकारक हो । आमालाई पनि हामी छोराछोरीजस्तै बिहान सिरक च्यापेर अबेरसम्म सुत्ने रहर छ । हुनुपर्छ । कुनै पनि आमा, चाहेर झिसमिसैमै उठ्दिनन् । तातो ओछ्यान छोड्ने मन कसलाई हुन्छ र ! बिहान उठेकी आमा र भारी झोला भिरेर न्याउरो मुख लगाउँदै स्कुल गएको बच्चा उस्तै देखिन्छ । चाहनालाई बाध्यताले थिचेर दैनिकी बनाएको । बिहान उठ्नुपर्छ भन्ने सत्य मेरा लागि चाहिँ सुत्नुभन्दा अगाडिको सबैभन्दा ठूलो तनाव हो । मेरोजस्तै तनाव भएका थुप्रै आमाहरू हुनुहुन्छ होला । तपाईंहरू सुत्नुस् । अबेर उठ्दैमा तपाईं कम आमा बन्नुहुन्न ।

'आमाको हातको खाना मिठो हुन्छ ।' आमालाई भान्छासँग जोड्ने यो अर्को रोमान्टिक लाइन हो । सबैको जिब्रोले मिठो माग्छ । मिठो खानका लागि आमा भान्छा पस्नुपर्‍यो । मिठो मात्र खाइरहनका लागि आमा मात्र भान्छा पस्नुपर्‍यो । यसरी खानाको वर्णनको ट्याबलेट दिएर हरेक घरले आमालाई भान्छामा लठ्याएको छ । तारिफले लठ्ठिएको आमा र लाइक सेयर र कमेन्टमा झुन्डिएको सामाजिक सञ्जालले आफ्नो अस्तित्वलाई कुइरोमा राख्छ । मिठासको तारिफ आमाका लागि अप्रत्यक्ष दबाब हो । राम्रो पढ्ने बच्चालाई प्रथम हुनुपर्ने दबाबजस्तै । के आमालाई नमिठो पकाउने छुट छैन ? के आमालाई अल्छी गरेर पकाउने छुट छैन ? के आमालाई पकाउँदै नपकाउने छुट छैन ?

आजसम्म मैले कुनै सन्तानले मेरी आमाले नमिठो पकाउनुहुन्छ भन्ने सुनेको छैन । आफ्नो कुरा सबैलाई प्यारो लाग्ने भएर भनिएको होइन । साँच्चै सबै आमाले मिठो पकाउनुहुन्छ । स्वाद पक्कै फरक होला । तर, मिठो हुन्छ । सरले अक्षर राम्रो लेख् भनेर पूरै कक्षालाई मुखले सम्झाउनुहुन्थ्यो । अक्षर राम्रो बनाउने दबाब थियो । तर, सबै विद्यार्थीले राम्रो अक्षर बनाउन कहिल्यै सकेनन् । मैले पनि बनाउन सकिनँ । दबाब र डर हुँदाहुँदै पनि एउटै कक्षाको जाबो ४०(४५ जनाले राम्रो अक्षर बनाउन सकेनन् । सबै आमाहरूले कसरी खाना मिठो बनाउन सक्नुहुन्छ ? पाककलामा भावना, प्रेम, स्नेह, अभ्यास र लगाव दृश्य हुन्छ । तर, त्यसभित्रको डर र दबाब अदृश्य । मिठो खाना बनाउनुपर्ने दबाब । र, मिठो पकाउन नसक्दा आमानै नहोइएलाकी भन्ने डर । किनकि हामीले 'मिठो खान बनाउने' गुणलाई आमा पदको प्रमुख जिम्मेवारी जो बनाएका छौँ ।

बिक्की कौशलका अनुसार कट्रिना केफलाई चिया मात्र बनाउन आउँछ । के अब कट्रिना राम्रो आमा बन्न सक्दिनन् ? त्यति पर पुग्नै परेन । मेरी आफ्नै भाउजू आलु तास्न जान्नुहुन्न । तरकारी बनाउने परको कुरा । के मेरी भाउजू राम्रो आमा बन्न सक्नुहुन्न ? मेरा भतिजी/भतिजले आमाको हातको खाना मिठो किन भन्नुपर्‍यो ? बाबाको हातको खाना मिठो भन्दा आलुले तरकारी छोडेर भाग्छ र ? आमा बन्नका लागि स्वस्थ रहर भए पुग्छ । खाना बनाउन आउने पोख्त हात चाहिँदैन ।

अलि वर्षअगाडि छिमेकको आन्टी अचानक गायब हुनुभयो । अंकलसँग खासै राम्रो सम्बन्ध थिएन । सम्बन्ध राम्रो नहुँदा पनि एउटा बच्चा भयो । त्यो बच्चा रुपेश थियो । सँगै पढ्ने मेरो मिल्ने साथी । पछि थाहा भयो आन्टी आफ्नो प्रेमीसँग निजगढतिर बस्नुहुन्छ । उहाँहरूले बिहे पनि गर्नुभएछ । रुपेश उहाँलाई आँखा चिम्लिँदा पनि हेर्न चाहँदैन । म पनि उहाँलाई घृणा गर्थेँ । आमा भएर आफ्नो सन्तानलाई कसरी छाडेर जान सकेकोजस्तो लाग्थ्यो । आफ्नो बच्चालाई यसरी छोड्ने त आमै होइन भन्ने ठान्थेँ । त्यो वेला म रुपेश भएर मात्र सोच्थेँ । म आमालाई भगवान् मान्थेँ । ठान्थेँ, सन्तानबारे नसोच्नु गल्ती हो । भगवान्ले गल्ती गर्न सक्दैन । अहिले सोच्छु, के रुपेशको आमा जन्मिँदै रुपेशको आमा भएर जन्मिनुभएको थियो ? रुपेशभन्दा पर के उहाँको कुनै इच्छा, चाहना र जिन्दगी हुन सक्दैनथ्यो ? सन्तानका लागि आफ्नो सारा सपना र रहरहरू त्यागु नै आमा हुनु हो ? सन्तानलाई नै संसार मान्नु नै आमा हुनु हो ? सन्तानलाई मात्र प्रेम गर्नु नै आमा हुनु हो ? यदि त्यस्तो हो भने त हरेक महिला आमा भएपछि उसको जिन्दगी सकिनु हो । ऊ सास मात्र फेर्नु हो, बाँच्नु होइन मर्नु हो । ऊ जिम्मेवारीमा बन्धक हुनु हो । आमा भनेको अर्को नयाँ जीवन जोडिनु हो । आफू मर्नु अनि आमा भएर जन्मिनु होइन । आमा हुँदैमा उसको प्रेम एकतिर मात्र कैद हुन सक्दैन । उसले सन्तानका लागि मात्र बाँच्नुपर्छ भन्ने छैन । आमा पुज्ने समाजले आमा बुझ्न किन सक्दैन ? आमाको आरती हुने मानसिकतामा आमालाई रित्तिजति पनि स्वतन्त्रता हुँदैन । आमालाई सम्मान होइन, स्वतन्त्रता चाहिएको छ । सम्मानले जरा दिन्छ, जञ्जिर दिन्छ । स्वतन्त्रताले पखेटा दिन्छ । आमाहरू उड्नुपर्छ ।

कति यस्ता एकल आमाहरू हुनुहुन्छ, जो सन्तानका लागि एक्लै हुनुहुन्छ । के उहाँहरू साँच्चै खुसी हुनुहुन्छ ? सन्तान सुख नै सबै सुख हो ? अगाडि बढ्नका लागि सन्तानको मायाले उहाँहरूलाई एक चौथाइ रोक्यो होला । तर, बाँकी भाग त समाजको मान्यता र घेराहरूले उहाँहरूलाई बन्धक बनाएको हो । अरूले के भन्छन्, दुनियाँले के सोच्छ भन्ने डरले बाटो छेकेको हो । आमालाई देवी बनाइँदा, आमाले गल्ती गर्न हुन्न भनेर रोकिएको हो । आमाको महिमा गाएर हाम्रो व्यवस्थाले वर्षौँदेखि आमाहरूको कान भरेको छ । जीवनमा अगाडि बढ्नु, नयाँ सम्बन्ध स्थापना गर्नु र आफ्ना बारेमा सोच्नुलाई 'गल्ती' भनेर हाम्रो संरचनाले परिभाषित गरेको छ । त्यसैले त प्रायः एकल आमाहरू यस्तो कुरा सोच्नु पनि पाप हो भन्ने ठान्नुहुन्छ । आफूभित्रको इच्छालाई कुण्ठा बनाउनुहुन्छ । तर, कुण्ठा बोकेर दैलो नाघ्न सक्नुहुन्न । हाम्रो संरचनाले आमाहरूलाई तरुल बनाएको छ । देखिँदा हरियो लहलहाउँदो देखिए पनि जमिनभित्र गाँठो छ ।

> 'आमाको हातको खाना मिठो हुन्छ' आमालाई भान्छासँग जोड्ने यो अर्को रोमान्टिक लाइन हो । सबैको जिब्रोले मिठो माग्छ । मिठो खानका लागि आमा भान्छा पस्नुपर्‍यो । मिठो मात्र खाइरहनका लागि आमा मात्र भान्छा पस्नुपर्‍यो । यसरी खानाको वर्णनको ट्याबलेट दिएर हरेक घरले आमालाई भान्छामा लठ्याएको छ ।

आमालाई भगवान् मानिँदा अहिलेको आमालाई आमा बन्नका लागि मानसिक दबाब छ । हुर्काइले हाम्रो मानसिकतामा आमा बन्ने आधार अदृश्य रूपमा छापिदिएको छ । ती आधारमा आफूलाई अटाउन आमाहरू आफ्नो दिमागलाई दुःख दिइरहेका छन् । समय, संसार र युग परिवर्तन हुँदा पनि ती आधार परिवर्तन हुन सकेका छैनन् । ती आधारको धारले थुप्रै नयाँ आमाहरूको आत्मविश्वास छिनाएको छ । आमा बन्ने भारले थुप्रै आमाहरू मान्छे बन्न सक्नुभएको छैन । टाउकोमा पाठेघर बोकेर हिँड्नु साँच्चै कष्टकर छ । जहाँ बच्चा होइन, शंका हुकिँदै हुन्छ ।

केही वर्षअघि एकजना साथीले मलाई रजस्वलामा हुने मुड स्विङबारे बुझाएको थियो । त्यस्तो अवस्थालाई कसरी सम्हाल्ने, के-के गर्ने सम्झाएको थियो । अस्ति भर्खर ऊ बुबा बन्यो । डेलिभरी बार्डमा म पनि थिएँ । उसले बच्चालाई काखमा लियो । मख्ख परेर रोयो । भाउजूको काखमा बच्चा राख्दा उहाँबाट कुनै प्रतिक्रिया आएन । बच्चा हातमा लिएर एकोहोरो टोलाउनुभयो । पछि यहीं विषयमा दुईजनाको झगडा पर्‍यो । साथीले भाउजूलाई बच्चा काखमा लिँदा आँखा नरसाएको, खुसी नभएको कुरालाई लिएर राम्रै टन्ट हानेछ । राम्रो आमा बन्न सक्दिनैसम्म भनेछ । पाँच दिनको मुड स्विङ बुझ्नेले नौ महिनाको मानसिक स्विङ बुझ्न सकेन । काखमा बच्चा लिँदा आँखा नरसाएको कुराले भाउजूलाई अझै बोझिलो बनायो । आफैँलाई दोष दिन थाल्नुभयो र माइल्डबाट सिभिएर डिप्रेसनमा जानुभयो । मेरो साथीलाई कसले सिकायो बच्चालाई छातीमा टाँस्दा रुनुपर्छ वा खुसी भएर हाँस्नुपर्छ ? फिल्मी वा टिभी सिरियलले ? फिल्मी वा सिरियललाई त्यस्तो कन्टेन्ट राख्नुपर्छ भनेर कसले सिकायो ? चलनले ? पक्कै पनि चलनले । बच्चालाई जन्म दिँदा शरीर एउटा लामो मानसिक तथा शारीरिक पीडाबाट गुज्रिएको हुन्छ । केही घन्टाअघि मात्र दुखाइको चरम बिन्दु छोएर आएको हुन्छ । हरेक पार्टपुर्जा दुखेको हुन्छ । त्यस्तो अवस्थामा आफ्नै दिमागले शरीरलाई राम्रोसँग प्रतिक्रिया सञ्चार दिन सकिरहेको हुँदैन । वरिपरि के भइरहेको छ बुझ्न सकिरहेको हुँदैन । कसरी बच्चा समाएर रुनु या खुसी हुनु ? ममता छछल्काउनका लागि दिमाग र शरीरले पनि त साथ दिनुपर्‍यो । रोएर वा खुसी भएर मात्र आमाको डिएनए बच्चामा सर्ने त होइन होला !

मेरो अर्को साथीले बच्चा जन्माएको सात दिनसम्म पनि बच्चालाई महसुस नगरेको कुरा सुनाई । सबैसँग सामान्य बोलचाल गरे पनि बच्चा काखमा लिँदा निर्जीव महसुस हुने, कसैले गुडिया काखमा राख्दिए जस्तो हुने कुरा बताई । सात दिनसम्म उसको दिमागमा अनेक कुरा चल्यो । भविष्य, जागिर, घुमाइ, रमाइलो, आफ्नो शरीरमा आउने परिवर्तनजस्ता विषयले उसलाई छोडेन । उसले नितान्त आफ्नो बारेमा मात्र सोची । उसलाई म आमा भएँ भन्ने महसुस हुन सात दिन लाग्यो । बच्चाको लागि उसले एकथोपा आँसु पनि झारिनँ । बरु आफूलाई सोचेर रोई । नौ महिनासम्मको संघर्ष र दुखाइ सम्झेर रोई । उसलाई बच्चाको भन्दा बढी आफ्नो माया लागेर रोई । के ऊ कम आमा भई ? के बच्चामा उसको अब कम हक लाग्यो ?

'आमा मलाई बच्चासँग कोठामा एक्लै नछोड्नु । म जे पनि गर्न सक्छु ।' यो मानुषी अग्रवालले कुनै पोडकास्टमा आफ्नो प्रेग्नेन्सीबारे सुनाएको अनुभव हो । 'बच्चा रुँदा दिक्क लाग्ने । कैलेकाहीँ त घाँटी नै थिचिदिऊँ जस्तो हुन्थ्यो ।' यो पनि कुनै आमाले आफ्नो प्रेग्नेन्सीको अनुभव कुनै डकुमेन्ट्रीका लागि सुनाएको हो । यो सुनेपछि म आफैँ एकछिन भावशून्य भएको थिएँ । एउटा आमाले पनि यस्तो सोच्न सक्छ भनेर मैले विश्वासै गरिनँ । किनकि मैले पनि आमा शब्दलाई खुबै रोमान्टिसाइज गरेको थिएँ । म पनि आमान्टिसाइजको सिकार थिएँ ।

एउटा 'पेट' पालेको छु, त्यसको नाम चुकु हो । मध्यरातको मस्त निद्रामा चुकु एकोहोरो भुक्छ, कराउँछ, रुन्छ । सुरु-सुरुमा बानी थिएन । जुरुक्क उठेर छतबाट फाल्दिऊँ जस्तो हुन्थ्यो । जब-जब मलाई त्यस्तो मनमा लाग्थ्यो, मैले हरेकपल्ट बच्चाको घाँटी न्याक्ने विचार आउने आमालाई सम्झिएँ । अनि मैले बुझेँ, आमा पनि मान्छे हो । उसमा प्रेम, स्नेह, करुणासँगै रिस र आवेग पनि हुन्छ । आमाको दिमाग पनि मान्छेको जस्तै हुन्छ । अनेकथरी कुरा आउन सक्छ । नानाथरी सोचिन सक्छ । दिमाग आखिर मेसिन न हो । मेसिन कहिलेकाहीँ बिग्रिन सक्छ ।

एकजना नजिककी दिदीले सुरुवाती अवस्थामा बच्चालाई स्तनपान गराउन पाउनुभएन । जब-जब बच्चाले बट्टाको दूध खान्थ्यो, दिदी रुन सुरु गर्नुहुन्थ्यो । बच्चालाई आफ्नो दूध खुवाउन नपाएको कुराले उहाँलाई ठूलै पीडा दियो । त्यो कुरालाई उहाँले सामान्य रूपमा लिने सक्नुभएन । 'माँ का दूध पिया हे तो साम्ने आ' 'मैले यसलाई मेरो दूध खुवाएर हुर्काएकी छु' 'तँलाई मेरो दश धारा दूधको कसम'जस्ता फिल्मी डाइलग सुन्दै हुर्किएकी मेरी दिदीले 'आमाको दूध'लाई एकदमै ठूलो रूपमा लिनुभयो । 'बच्चालाई दूध खुवाउन पाइनँ । म त यसको आमै हुन सकिनँ,' सम्म पनि सोच्न भ्याउनुभयो । जसले उहाँलाई मानसिक बोझ दियो । आमाको दूध बच्चाका लागि राम्रो हो । धेरै राम्रो हो । तर, जसको शरीरले नै दिएन, त्यो आमाको के दोष ? जानी-जानी गरेको त पक्कै होइन । सामान्य रूपमा लिन सकिन्थ्यो, सक्नुभएन, किन ? किनकि हाम्रो संरचनाले आमा हुनका लागि बच्चालाई आफैँले आफ्नो दूध खुवाउनुपर्छ भनी सिकाएको छ । म पनि पाँच महिनापछि भैँसीको दूध र स्यारलेक्स खाएर हुर्किएको हो । तर, मैले मेरो आमालाई सधैँ आमा नै मानेँ । भैँसी र स्यारलेक्सको बट्टालाई आमा भन्दै अँगाल्न गइनँ । बच्चालाई आफ्नो दूध खुवाउन नसक्ने आमाहरूले, दुःख मान्नुपर्दैन । कसैको शरीरमा धेरै पसिना आउँछ, कसैलाई पसिनै आउँदैन । हामी सबैको शरीर एकै देखिए पनि फरक तरिकाले हुर्किएको हुन्छ । दूध नआउनु सामान्य हो । दूध नआउँदैमा तपाईं असामान्य आमा बन्नुहुन्न ।

हामीले आमालाई जुन रूपमा हेर्छौँ, त्यसै आमा बन्न खोज्छौँ । तुलना गर्छौँ । जसले शंका दिन्छ । सकिन्न कि भन्ने डर दिन्छ । शंका र डरले डिप्रेसन दिन्छ । कविता लेख्ने सबैले सायद आमाको बारेमा कविता लेखेकै होलान् । आमालाई महान् बनाएर वर्णन गरेकै होलान् । मैले पनि गरेको छु । आमालाई महान् भनिरहँदा, कतै हामीले आमा बन्न लागेका धेरै आमाहरूलाई जिम्मेवारीको एउटा ठूलो बोझ त दिइरहेका छैनौँ ? आमा बन्नका लागि हाम्रो संरचना र चलनले निर्माण गरेका आधार नै प्रिनटल र पोस्ट पार्टम डिप्रेसनको कारण त बनिरहेका छैनन् ? आमान्टिसाइज मात्र डिप्रेसनको कारण हो भन्न खोजिएको होइन । तर, कारणहरूमध्येको एकचाहिँ पक्कै हो ।

'छोरा मान्छे रुनु हुँदैन, छोरीको मन कमलो हुन्छ, बुबाहरू माया देखाउन जान्दैनन्,' यी सबै हामीले ठान्दै आएका ठान्यता हुन् । जसको कारण छोराहरू मान्छेको बीचमा रुन सक्दैनन्, छोरीहरू बलियो भएर पनि भित्र आफूलाई कमलो मान्छन् र रहर हुँदाहुँदै पनि बाहरू सन्तानलाई अँगालेर निधार चुम्न सक्दैनन् । आमालाई देउता मान्ने, सर्वोपरि मान्ने मान्यता आमाहरूलाई बाँच्न नदिने बाधक हो । र, यो मान्यताभन्दा बढी ठान्यता हो । हामीले ठानेको कुरा सही छैन । हामीले बनाएको आमाको चित्र अधुरो देखिन्छ । जहाँ व्यक्तिको रूपमा आमा मधुरो देखिन्छ ।

विकल्पहरू नभएको समयमा बाध्यता थियो । बाध्यता बानी बन्यो । बिस्तारै सामान्य बन्यो । आमा बन्नुलाई शारीरिक अप्ठ्यारोको रूपमा मात्र हेरियो । मानसिक गाह्रो हेरिएन । अहिले शारीरिकजत्तिकै मानसिक अप्ठ्यारा छन् । आधुनिकतासँगै अघि बढेको हामीमा प्रश्नहरू थुप्रै छन् । प्रश्नले उत्तरभन्दा पहिला शंका दिन्छ । शंकाले कानमा नराम्रोसँग शंख फुक्छ । संरचनागत आमाको परिभाषाले तुलना गर्न सिकाउँछ । शंका र तुलनाको द्वन्द्व झेल्न नयाँ आमाहरूलाई गाह्रो भइरहेको छ । आमा बन्नु प्राकृतिक हो । जनावरहरूलाई आमा बन्न कसले पो सिकाउँछ र ! बस्, हामीले महान् बनाउन बन्द गर्नुपर्छ । मान्छेजत्तिकै आमालाई पनि सही-गलत गर्ने स्वतन्त्रता हुनुपर्छ । अपूर्ण हुन पाउने खुला मैदान हुनुपर्छ । शिरमा होइन मनमा राख्नुपर्छ । आमा कुनै सुपर हिरो होइन । आमालाई सुपर हिरो नबनाउनुस् । आमालाई भारी हुन्छ ।

स्वतन्त्रताको फिराद



सुमिना
kcsumina0@gmail.com

कविता

श्रीमान्
म जन्मँदा स्वतन्त्र जन्मिएकी हुँ !
नपत्याए सोधिहेर्नोस् एकपटक
गवाहीमा हुनुहुन्छ मेरा आफ्नै मातापिता !
म सत्य बोल्दै छु
त्यो वेला थिएन ममा कुनै परिबन्ध !

कोमल र नाजुक शरीरमा
मेरो मञ्जुरीविरुद्ध
भोटो र सलवार लगाइदिएर
पहिलोपटक आफ्नैले वध गरेका हुन् मेरो स्वतन्त्रता !

बिस्तारै परम्परा निभाउने बहानामा
समाजका विधानहरू पालना गर्न
छेडिए नाक कानहरू,
पहिराई
चुरा, कडा हातदेखि पाउसम्म !
मेरो शून्य निराकार मस्तिष्कमा
पहिलोपटक बनाइयो लैंगिकताको विभेदपूर्ण आकार !

त्यसैगरी क्रमशः हनन गरियो
पटक-पटक हमला गरियो मेरो स्वन्त्रतामाथि !

कहिले सभ्यता पढाउन,
कहिले मर्यादा सिकाउन,
कहिले शिष्टता देखाउन,
बारम्बार भए यस्ता कार्यहरू
सदैव तोकियो मेरा खुट्टाहरूमा
एउटा साँघुरो लक्ष्मणरेखा !

श्रीमान्
म त्यहाँ जान पाइनँ
जहाँ-जहाँ मलाई पुग्न मन लाग्थ्यो
विवशता बन्यो साँघुरो संसारमा खेल्नु

उफ्रन पनि त्रसित हुनुपऱ्यो
कतै छुन्छन् कि पैतलाहरू निश्चित लक्ष्मणरेखा !

म त्यति-त्यति मात्रै बोल्न सकेँ
जति-जति मलाई बोल्न अनुमति दिइयो !

आकाशमा उडेका चराहरू नियाल्दा
ममा रहर नउब्जिएका होइनन् उडानको !

रातमा बलेका
झिलिमिली जूनतारा देख्दा
मलाई कम्ता रहर लाग्थ्यो उचाइको ?
पखेँटा लगाऊँ र जाऊँ उनीहरूकै नजिक !

तर कहिल्यै हेरेन मलाई
त्यो निलो आकाशको स्वतन्त्रताबाट
सदैव वर्जित भएँ म !

ज्ब-जब म तोड्न खोज्दै थिएँ
कथित मर्यादाको पर्खाल,
जब-जब म चिर्न खोज्दै थिएँ
प्रतिबन्धित आवाज,
चुँडाउन खोज्न लाग्दै थिएँ
भयको हत्कडी,
अर्को ठूलो विडम्बना
सुम्पिइयो कसैलाई मेरो सर्वाधिकार !

'म आफू आफ्नो रहिनँ'
चलेन आफैँमाथि आफ्नै अधिकार !

म फेरि निरीह भएँ, लाचार भएँ
चलिरहेँ दोस्रोको इसारामा !
कोही निरंकुश साशकजस्तै बनेर
परिचालन गरियो
म परिचालित भइरहेँ !

पटक-पटक
यसैगरी गुमाइरहेँ आफ्नो स्वाधीनता !
कहिले समाजबाट,
कहिले आफ्नैबाट, कहिले पराईबाट !
कहिले समय, परिस्थितिबाट !

यस्तो लाग्छ
म यतिवेला कैद छु त्यस्तो चार पर्खालभित्र
जहाँ दूर-दूरसम्म पनि देखिँदैन स्वेच्छाको प्रकाश !
म डराउँछु
यो घनघोर अँध्यारोसँग
वेला-बेला अवरुद्ध हुन खोज्छ मेरो श्वास !

र त्यहीँ मेरो चारैतिर तैनाथ छन्
कपटी जेलरहरू
मलाई गिज्याइरहेछन्, सताइरहेछन् !
जहाँ म बीचमा कैद छु !
चिच्याइरहेछु,
कराइरहेछु आफ्नै उन्मुक्तिको निम्ति !

यदि सुनुवाइ हुन्छ भने श्रीमान्
म अपिल गर्छु,
लुटिएको पराधीनता फिर्ता ल्याई
सुम्पियोस् ममाथि मेरो सम्पूर्ण एकाधिकार
म स्वतन्त्रताको फिराद गरिरहेछु !!

दक्षिण एसियाकै ठूलो मनाङको स्याउ फार्मबाट वार्षिक ६ सय टन उत्पादन

स्वदेशी स्याउबाट उत्पादन हुने पहिलो वाइन फ्याक्ट्री पनि सञ्चालनमा

मनाङमा **मिलन विश्वकर्मा**

नेपालमा सबैभन्दा बढी माग हुने फलफूलमा स्याउ प्रमुख मानिन्छ। नेपालमा आयात हुने फलफूलमा पनि यो पहिलो नम्बरमा छ। नेपालमा वार्षिक स्याउको माग एक लाख ३० हजार टनभन्दा माथि छ। स्वदेशी माग उत्पादन भने ५० हजार टनभन्दा पनि कम छ। अर्थात् नेपाल अझै स्याउमा परनिर्भर छ। गत आर्थिक वर्ष ०७९/८० मा सात अर्ब नौ करोडबराबरको ८३ हजार दुई सय ७४ टन र चालू आवको भदौसम्म एक अर्ब ४२ करोडबराबरको १४ हजार ६१ टनबराबर स्याउ आयात भएको छ।

नेपालका मनाङ, मुस्ताङ, जुम्ला, डोल्पा, मुगु, कालीकोट, हुम्ला, सिन्धुपाल्चोकलगायतका उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा व्यावसायिक रूपमा स्याउ खेती बढ्दै आएको देख्दा नेपाल स्याउमा आत्मनिर्भर हुने सम्भावना भने रहेको भान हुन्छ। सोहीअनुसार सरकारले पनि विभिन्न नीति तथा कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ। तर, त्यसको कार्यान्वयन पक्ष भने फितलो छ। यद्यपि, पछिल्लो समय केही युवाहरू स्याउ खेतीमा आकर्षित हुन थालेका छन्। त्यसमा मनाङका युवराज गुरुङ पनि एक हुन्।

उनले समुद्र सतहदेखि २८ सय मिटरमाथि रहेको मनाङको भार्ताङमा सात सय रोपनी जग्गामा स्याउ फार्म सञ्चालन गरिरहेका छन्। २० करोड रुपैयाँ लगानीमा ०७२ सालमा तयार भएको उक्त स्याउ फार्म दक्षिण एसियाको सबैभन्दा ठूलो हो। दक्षिण एसियाको दोस्रो ठूलो स्याउ फार्म पनि मनाङकै साब्जेमा रहेको छ, साब्जे स्याउ फार्म तीन सय ८० रोपनी जग्गामा फैलिएको छ। दक्षिण एसियामा भारतको जम्मु कस्मिरलगायतका ठाउँमा स्याउ खेती गरिन्छ। त्यहाँ उत्पादन धेरै हुन्छ। तर, एउटा फार्म भने १० रोपनी हाराहारीको क्षेत्रमा फैलिएको हुन्छ। तर, नेपालमा भने सात सय रोपनीमा एउटै स्याउ फार्म तयार गरिएको हो।

गुरुङको परिवारले यसअघि परम्परागत रूपमा स्याउ खेती गर्दै आए पनि व्यावसायिक थिएन। नेपालमा स्याउको बढ्दो माग र उत्पादनको सम्भाव्यतालाई दृष्टिगत गर्दै उपल्लो मनाङका सात गाउँको सामुदायिक जग्गा भाडामा लिएर गुरुङले उक्त फार्म स्थापना गरेका हुन्। एग्रोमनाङ नामक कम्पनीबाट उक्त फार्म हाउस सञ्चालन गरिएको हो। हिमालयन फ्रेस नामक ब्रान्डबाट उक्त स्याउ काठमाडौं, पोखरालगायतका सहरमा बिक्री भइरहेको छ। भार्ताङस्थित मर्स्याङ्दी नदीको दुई किनारामा उक्त स्याउ फार्म छ। फार्म हाउसको तल्लो क्षेत्र समुद्रदेखि २८ सय मिटर हाराहारीको उचाइमा छ। उपल्लो क्षेत्र भने समुद्र सतहदेखि तीन हजार मिटरमाथि रहेको छ।

फार्ममा ६० हजार हाराहारीमा स्याउका बोट छन्। त्यसको बिरुवा इटालीबाट आयात गरिएको हो। २५ वर्षसम्म आयु रहेको उक्त बोटको वार्षिक उत्पादन क्षमता १२ केजी (प्रतिबोट)भन्दा बढी छ। ५० प्रतिशत हाराहारीमा फुजी, ३० प्रतिशत हाराहारीमा गाला र २० प्रतिशत हाराहारीमा गोल्डेन जातका स्याउका बोट छन्।



■ कति हुन्छ उत्पादन ?

फार्मबाट वार्षिक ६ सय टन स्याउ उत्पादन हुँदै आएको छ। जुन स्याउ हिमालयन फ्रेस नामक ब्रान्डमार्फत काठमाडौं, चितवन, पोखरालगायत बजारमा उपलब्ध छ। स्याउ पाक्ने तथा टिप्ने सिजन यही (असोज-कात्तिक) हो। अहिले फार्ममा स्याउ टिपेर बजारमा पठाउन सुरु गरिएको छ। तर, अहिले नै उक्त स्याउ बिक्री हुने अवस्था भने हुँदैन। सोही अवस्थालाई लक्षित गर्दै कम्पनीले आफ्नै कोल्ड स्टोर पनि स्थापना गरेको छ। सोही कोल्ड स्टोरमा स्याउ स्टोर गरेर कम्पनीले अन्य समयमा पनि स्याउ बिक्री गर्दै आएको छ।

नेपालमा स्याउको उत्पादन दर प्रतिहेक्टर फन्डै नौ टन भएकोमा मनाङको भने १३ देखि १५ टन छ। तर, उक्त फार्ममा प्रतिहेक्टर ४० टन हाराहारीमा स्याउ उत्पादन भइरहेको कम्पनीले बताएको छ।

■ २८ स्थायी र ३५ अस्थायी रोजगारी

फार्म स्थापना भएपछि २८ जना स्थानीयले स्थायी रूपमा नै रोजगारी पाएका छन्। साथै, स्याउ टिप्ने समयमा थप ३५ जनाले अस्थायी (सिजनल) रूपमा रोजगारी पाउने गरेको एग्रोमनाङका प्रबन्ध निर्देशक युवराज गुरुङ बताउँछन्। यसले मनाङका स्थानीयहरूको जीवनस्तर उकास्न सहयोग गरेको उनको भनाइ छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ वार्षिक १३ करोडभन्दा बढीको कारोबार

फार्ममार्फत कम्पनीले वार्षिक १३ करोड रुपैयाँभन्दा बढीको कारोबार गर्दै आएको छ। कम्पनीले स्याउ मात्रै नभएर स्याउको चिप्स र जुस पनि बनाएर बिक्री गर्दै आएको छ। फार्म परिसरमा रेस्टुरेन्टसमेत सञ्चालन गरिएको छ। त्यसबाट वार्षिक १३ करोडभन्दा बढी आम्दानी हुने गरेको प्रबन्ध निर्देशक गुरुङ बताउँछन्।

■ थप आठ हजार बिरुवा लगाइँदै

कम्पनीले फार्मपरिसरभित्रै थप आठ हजार स्याउका बिरुवा रोप्ने तयारी पनि गरेको छ। हाल त्यसका लागि जमिन मिलाउने काम भइरहेको छ। अब केही समयमै त्यसमा बिरुवा रोप्ने कम्पनीको तयारी छ।

■ अब कृषि पर्यटन पनि

फार्मलाई स्याउ उत्पादनका रूपमा मात्रै नभएर कृषि पर्यटनका रूपमा पनि विकास गर्ने कम्पनीको योजना छ। सोहीअनुसार फार्म हाउसपरिसरभित्रै आवासीय सुविधासहितको होटेल-रेस्टुरेन्ट पनि स्थापना गरिएको छ। अब मनाङलाई कृषि पर्यटनको गन्तव्यसमेत बनाउन लागेको कम्पनीको भनाइ छ।

■ फ्याक्ट्री चलाउन आफ्नै हाइड्रोपावर

वाइनको फ्याक्ट्री सञ्चालन गर्न कम्पनीले आफ्नै लघु जलविद्युत् आयोजनासमेत सञ्चालनमा ल्याएको छ। मनाङमा केन्द्रीय लाइन पुगेको छ। तर, त्यो लाइनबाट फ्याक्ट्री सञ्चालन गर्न सम्भव छैन। त्यहाँको प्रसारण लाइन तथा वितरण लाइनले घरायसी मागका लागि मात्रै विद्युत् प्रवाह गर्न सक्छ। त्यसैले साढे दुई करोड लगानीमा एक सय किलोवाट क्षमताको उक्त आफ्नै जलविद्युत् आयोजना बनाएको कम्पनीको भनाइ छ।

■ मनाङको आर्थिक विकासमा सहयोग

स्याउ फार्म र वाइन फ्याक्ट्रीले मनाङ जिल्लाको आर्थिक विकासमा सहयोग पुग्ने अपेक्षासमेत गरिएको छ। वाइन फ्याक्ट्री र स्याउ उत्पादन एक-अर्कामा अन्तरआबद्ध व्यवसाय पनि हो। यसले मनाङको रोजगारी, पर्यटन, कृषिलगायतका क्षेत्रको आर्थिक विकासमा सहयोग पुग्ने कम्पनीहरूको अपेक्षा छ।

■ पूर्वाधार गुणस्तरीय नहुँदा ढुवानीमा समस्या

उत्पादन पर्याप्त भए पनि गुणस्तरीय सडक नहुँदा त्यहाँ उत्पादन हुने स्याउ र वाइनलाई बजारसम्म ल्याउन भने चुनौती छ। त्यहाँको स्याउ नेपालका थुप्रै बजारमा पुगेको छ। साथै, वाइन पनि बजारमा आउन थालिसकेको छ। तर, गुणस्तरीय सडक नहुँदा ढुवानी खर्च भने उच्च मात्रामा हुने गरेको छ।

मनाङ भौगोलिक रूपमा निकै विकट ठाउँमा छ। उच्च पहाडी चट्टानलगायतका कारण त्यहाँ सडकको अवस्था भने निकै नाजुक छ। अधिकांश ठाउँमा कच्ची सडक छ भने थुप्रै ठाउँमा खाल्डाखुल्डी छन्। सडकको चौडाइ पनि मुस्किलले दुई लेनको छ। त्यहाँ ठूला-ठूला ट्रक लैजान चुनौती छ। सडकको अवस्था राम्रो नहुँदा ढुवानीमा चुनौती भएको एग्रोमनाङका प्रबन्ध निर्देशक गुरुङ र मनाङ बेभरेजका प्रबन्ध निर्देशक रञ्जितकार बताउँछन्।

स्वदेशी स्याउबाट बनेको पहिलो वाइन




एग्रोमनाङको स्याउमार्फत मनाङ बेभरेज कम्पनीले मनाङमै वाइन फ्याक्ट्री पनि स्थापना गरेको छ। मनाङ भ्याली नाममा कम्पनीले प्रिमियम स्विट र सेमी स्विट गरेर दुई भर्सनमा ह्वाइट वाइन बजारमा ल्याएको छ। गत बुधबार समुद्र सतहदेखि ३५ मिटरमाथि रहेको मनाङको साब्जे तालपरिसरमा विशेष कार्यक्रम गरेर उक्त वाइनको लन्च गरिएको थियो। कलाकार स्वस्तिमा खड्काले उक्त वाइनको लन्च गरेकी हुन्।

स्वदेशी स्याउबाट बनेको यो पहिलो नेपाली वाइन पनि हो। मनाङमै स्थापना गरिएको उक्त वाइन फ्याक्ट्रीमा ३५ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन्।

१० करोड लगानीमा बनेको उक्त फ्याक्ट्रीबाट अहिले वार्षिक दुई लाख लिटर वाइन उत्पादन गर्ने लक्ष्य छ। त्यसका लागि झन्डै दुई सय टन स्याउ आवश्यक पर्नेछ, जुन स्याउ एग्रोमनाङको फार्मबाट ल्याइनेछ। आवश्यक तथा माग भएको अवस्थामा आगामी दिनमा उत्पादन बढाउने सक्ने गरी फ्याक्ट्रीको संरचना तयार गरिएको कम्पनीका प्रबन्ध निर्देशक आश्रय रञ्जितकारले बताए। यो वाइन फ्याक्ट्रीले मनाङको आर्थिक विकासमा ठूलो सहयोग पुग्ने पनि उनले बताए। 'भौगोलिक रूपमा विकट मानिने यस जिल्लामा ठूलो संघर्ष गरेर फ्याक्ट्री खोलेका छौं। यसले यहाँको आर्थिक विकासमा ठूलो सहयोग पुग्नेछ,' उनले भने, 'रोजगारी सिर्जना, आर्थिक गतिविधि, पर्यटनमा यसले सहयोग पुग्नेछ। तर, सडक पूर्वाधार राम्रो नहुँदा उत्पादनलाई बजारसम्म पुऱ्याउन ठूलो समस्या छ। यसमा सरकारको ध्यान जान आवश्यक छ।'

७५ दिनपछि बल्ल उड्यो निगमको ग्राउन्डेड जहाज

व्यवस्थापनले समयमै भाडाको इन्जिन नल्याउँदा गुम्यो ७९ करोड



नवीन अर्याल/नयाँ पत्रिका

इन्जिनमा समस्या देखिएर ग्राउन्डेड भएको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि)को न्यारोबडी जहाज साढे दुई महिनापछि बल्ल उडेको छ। इजरायलमा भाडाको इन्जिन जडान गरेर कलसाइन नम्बर ९एन-एकेएक्स जहाज शुक्रबार बिहान १० बजे काठमाडौंमा अवतरण गरेको निगमका प्रवक्ता रमेश पौडेलले बताए।

इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)मा भाडाको इन्जिन जडान गरेर इजरायलबाट बिहीबार राति उडेको जहाज दुबई हुँदै शुक्रबार बिहान काठमाडौंमा अवतरण गरेको हो। 'एकेएक्सले शुक्रबारदेखि नै नियमित उडान थालेको छ,' निगम प्रवक्ता पौडेलले भने, 'दिउँसो २:१५ बजे जहाज यात्रु बोकेर थाइल्यान्डको बैंककतर्फ उडेको छ।' लामो समयदेखि जहाज ग्राउन्डेड हुँदा निगमको अन्तर्राष्ट्रिय उडान अस्तव्यस्त बनेको थियो।

निगमले जहाजको इन्जिन मर्मत गर्न र भाडामा लिनका लागि आइएआईलाई एमआरओ नियुक्त गरेको छ। आइएआईले जहाजबाट बिग्रिएको इन्जिन झिकेर भाडाको इन्जिन फेर्नकै लागि १२ दिन लगाएको छ। इन्जिनको बोरोस्कोप गर्दा समस्या देखिएपछि १६ जुलाई (३१ असार) देखि एकेएक्स त्रिभुवन विमानस्थलमा ग्राउन्डेड थियो। जहाज थन्किएको ६४ दिनपछि बल्ल निगम व्यवस्थापनले एमआरओ छनोट गरी १७ सेप्टेम्बर (३१ भदौ)मा इन्जिन मर्मत र भाडाको इन्जिन फेरबदल गर्न जहाज इजरायल पठाएको थियो।

निगमले पटक-पटक एउटै कम्पनीसँग इन्जिन भाडा तथा मर्मतका लागि सम्झौता गर्दै आएको छ। यसपटक आइएआई न्यारोबडी जहाजको इन्जिन लिजसहित मर्मत गर्न चार वर्षका लागि एमआरओ नियुक्त भएको छ। जहाज अढाई महिनासम्म ग्राउन्डेड हुँदा करिब ७९ करोड रुपैयाँ आम्दानी गुमेको छ। न्यारोबडी ग्राउन्डेड हुँदा निगमले दैनिक सरदर एक करोड पाँच लाख रुपैयाँ आम्दानी गुमाउँछ। यस्तै, निगमको अन्तर्राष्ट्रिय उडान पनि अस्तव्यस्त बन्यो। कतिपय सेड्युल फ्लाइट र कनेक्टिङ फ्लाइट छुट्दा निगमलाई थप आर्थिक भार थपिएको छ। न्यारोबडी जहाज ग्राउन्डेड हुँदा छोटो दूरीमा थोरै यात्रु बोक्न पनि वाइडबडी जहाज उडाउनुपरेको छ।

■ इजरायलमै थन्किको १२ दिन

बिग्रिएको इन्जिन इजरायलमा फारेर आइएआईको भाडाको इन्जिन जडान गरी जहाज नियमित उडानमा फर्किने कार्यतालिका थियो। इजरायलमा इन्जिन फिट गरेर काठमाडौं फर्किन निगमले पाँच दिनको समय छुट्याएको थियो। तर, इन्जिन फिट गर्ने क्रममा हट एयर भल्ब राम्रोसँग टाइट नगर्दा थप समस्या निम्तिएपछि १२ दिनसम्म लागेको स्रोतको दाबी छ।

निगम व्यवस्थापनले कमिसन लोभमा पटक-पटक एउटै कम्पनीलाई इन्जिन मर्मत तथा भाडामा लिन एआरओ नियुक्त गर्दै आएको छ। यसअघि ९एन-एकेडब्लु जहाजको इन्जिन मर्मत तथा भाडामा लिन पनि इजरायलकै आइएआई र एमटियूलाई छनोट गरिएको थियो। त्यतिवेला तीन महिनाका लागि भनेर ल्याइएको एमटियूको इन्जिन पाँच सय ४३ दिनसम्म राखिएको थियो। यस्तै, आइएआईले तीन महिनामा मर्मत गर्नुपर्ने इन्जिनलाई सात महिनासम्म झुलाएको थियो।

इन्जिन मर्मतका लागि ३६ लाख अमेरिकी डलर लागत अनुमान गरिएकोमा आइएआईले ४२ लाख ५० हजार डलरको नक्कली बिल पठाएको स्रोत बताउँछ। पछि साढे दुई लाख डलर घटाएर बिल भर्पाई गरिएको थियो। अहिले पनि निगम व्यवस्थापनले अक्षम ठहर भइसकेको कम्पनी आइएआईलाई चार वर्षसम्म लिजसहित इन्जिन मर्मतका लागि एमआरओ नियुक्त गरेको छ भने आपसी समझदारीमा थप दुई वर्ष सहमति बढाउन सकिने उल्लेख छ। एउटै कम्पनीले इन्जिन मर्मत तथा भाडामा लगाउँदा स्वार्थ बाझिने हवाई क्षेत्रका विज्ञ बताउँछन्।

जहाज मर्मतका लागि इजरायल जाँदा तीनजना एयरहोस्टेस दुबई तथा पाँचजना इन्जिनियर र चालक दलका सदस्यसहित नौजना इजरायल पुगेका छन्। जसको दैनिक भत्ता नै प्रतिव्यक्ति सरदर १४० अमेरिकी डलरभन्दा बढी रहेको बताइएको छ। इन्जिन फेरबदल गर्न ढिलाइ हुँदा १२ जना कर्मचारीलाई १२ दिनसम्म तारे होटेलमा राख्दा निगमलाई थप आर्थिक बोझ भएको छ।

Government of Nepal
Water Sector Governance and Infrastructure Support Project (WaSGISP)
Birendranagar Project Implementation Unit (BPIU)
Birendranagar Municipality, Surkhet
Karnali Province, Nepal

INVITATION FOR BIDS (ICB)

First Date of Publication: September 29, 2023 (UNDB/PPMO online)

Project : Water Sector Governance and Infrastructure Support Project (P176589- WaSGISP)
Contract title : Bheri Pumping Sub-Project (Package-I) **Country** : NEPAL
Credit No. : 7132-NP **RFB No** : NP-DWSSM-290660-CW-RFB

1. The Government of Nepal has received financing from the World Bank toward the cost of the Water Sector Governance and Infrastructure Support Project (WaSGISP) and intends to apply part of the proceeds toward payments under the contract for Bheri Pumping Sub-Project (Package I).
2. Government of Nepal, Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Birendranagar Project Implementation Unit (PIU), Birendranagar, Surkhet now invites sealed Bids from eligible Bidders for the construction, maintenance and operation of Bheri Pumping Sub-Project (Package-I). The construction package broadly consists of (i) Construction of side intake at Bheri River with the discharge capacity of 560 liter/sec; (ii) Construction of RCC reservoirs; (iii) Supply and installation of water supply lines; (iv) Supply and installation of electromechanical installations; and (vi) Operation and maintenance of bulk distribution system for a period of three (3) years etc. Details of the works are available in the bidding document that can be downloaded from the website https://dwssm.gov.np/pages/tender-notice
3. Bidding will be conducted through international competitive procurement following single stage two envelope bidding process using Request for Bids (RFB) as specified in the World Bank's "Procurement Regulations for IPF Borrowers, July 2016, revised November 2020 ("Procurement Regulations"), and is open to all eligible Bidders as defined in the Procurement Regulations.
4. Interested eligible Bidders may obtain further information from the Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Birendranagar Project Implementation Unit, Birendranagar Municipality, Surkhet, Karnali Province, Nepal. Email address: piubirendranagar@gmail.com and inspect the Bidding document during office hours 10:00 a.m. to 17:00 p.m. at the address given below. The bidding document is also available on the website https://dwssm.gov.np/pages/tender-notice for free download for information purposes only.
5. The Bidding document in English may be purchased by interested eligible Biddsers upon the submission of a written application to the address below and upon payment of a nonrefundable fee of NPR 20,000.00 or USD 160 on or before 12:00 p.m. (noon) (NST) November 24, 2023. The method of payment will be direct deposit to the following account:

   Name of the Bank : Rastriya Banijya Bank, Surkhet Branch **Name of the Office:** Birendranagar Na.Pa.
   Name of account : BIRENDRANAGAR NA.PA.(GA-1-1)-AANTAR **Office Account No. :** 4080100301010004
   Rajaswa Shirshak No. (Revenue Title No) : 14229 **IPS name :** BIRENDRANAGAR NA.PA.(GA-1-1)-AANTAR **Swift Code** : RBBANPKA
6. The document may also be downloaded from Public Procurement Monitoring Office website: www.bolpatra.gov.np/egp
7. Bids must be delivered to the address below on or before 12:00 p.m. (NST) November 24, 2023. Electronic Bidding will be permitted. Alternatively, the bidder may inspect and or submit the bids by visiting electronic procurement portal www.bolpatra.gov.np/egp of Public Procurement Monitoring Office (PPMO) of Government of Nepal. Bidders who choose to submit their bid electronically shall deposit the fee of bidding document in the revenue account given above and the scanned copy of the bank deposit voucher shall be uploaded at the time of e-bid submission. For e-submission, the bidder is required to register in the e-GP portal https://www.bolpatra.gov.np for downloading and submitting the bid electronically. Late Bids will be rejected. Bids will be publicly opened in the presence of the Bidders' designated representatives and anyone who chooses to attend at the address below immediately after the bid submission deadline. The outer Bid envelopes marked "ORIGINAL BID", and the inner envelopes marked "TECHNICAL PART" will be publicly opened in the presence of the Bidders' designated representatives and anyone who chooses to attend, at the address below immediately after the bid submission deadline. All envelopes marked "FINANCIAL PART" shall remain unopened and will be held in safe custody of the Employer until the second public Bid opening.
8. All Bids must be accompanied by a Bid Security of USD 0.6 million or equivalent NPR.
9. Pre-bid meeting will be held at Birendranagar Project Implementation Unit Office (BPIU), Birendranagar Municipality, Surkhet, Karnali Province, Nepal at 15:00 hours Nepal Standard Time on November 03, 2023. A site visit will also be conducted by the Employer on 09:00am, November 03, 2023 (pre-bid meeting day). All interested bidders are encouraged to attend the site visit and the pre-bid meeting.
10. Attention is drawn to the Procurement Regulations requiring the Borrower to disclose information on the successful bidder's beneficial ownership, as part of the Contract Award Notice, using the Beneficial Ownership Disclosure Form as included in the bidding document.
11. The address referred to above is: Government of Nepal, Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Birendranagar Project Implementation Unit, (PIU), Birendranagar Municipality Surkhet, Karnali Province, Nepal, Room: Office Meeting room/ground floor; Email: piubirendranagar@gmail.com

Project Manager

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १३ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

१९औँ एसियाड

पब्जी टोली सेमिफाइनलमा

हाङझाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

एसियाडमा लगातार खराब नजिता व्यहोरिरहेको नेपालले शुक्रबार इस्पोर्टस् एलिटका रूपमा रहेको पब्जी मोबाइलको प्रतिस्पर्धामा नेपाली खेलाडीले सुखद नतिजा निकालेका छन् । प्रतियोगिताको शुक्रबार एलिमिनेसन राउन्डको समूह 'सी'मा नेपाली टोली उपविजेता हुँदै सेमिफाइनलमा पुगेको छ । जारी एसियाडमा नेपालको तर्फबाट अन्तिम चारमा पुगेको पब्जी पहिलो टोली हो ।

यसबाहेक नेपाल सहभागी कुनै पनि खेलका खेलाडी क्वार्टरफाइनलभन्दा माथि पुग्न सकेका छैनन् । पब्जीले नेपाललाई पदकको आशा दिलाएको छ । पुरुष भलिबल, महिला फुटबल, टेबलटेनिस, तेक्वान्दो, जुडो, आर्चरी, स्क्वास, सुटिङ र बक्सिङजस्ता खेलका खेलाडी खराब प्रदर्शन गरी घर फर्किसकेका छन् ।

पब्जीको अन्तिम चारमा पुगेका सुबिनकुमार प्रजापति, दीपेश गुरुङ, साहस भण्डारी, समीर गुरुङ र संगिन भट्टराईले आफ्नो समूहमा हङकङ, प्यालेस्टाइन र साउदी अरेबियासँग प्रतिस्पर्धा गरेका थिए । समूह 'सी'मा हङकङ शीर्ष स्थानमा रह्यो ।

नेपालले प्यालेस्टाइन र साउदीलाई पछि पार्दै अर्को चरणको स्थान पक्का गरेको हो । प्रतियोगितामा वरीयताका आधारमा प्यालेस्टाइनले सीधै क्वार्टरफाइनलमा स्थान बनाएको थियो । तर, प्यालेस्टाइन अन्तिम आठभन्दा अगाडि बढन सकेन ।

नेपाली खेलाडीले आफ्नो समूहमा सबै चुनौती पार गर्दै अन्तिम चारको स्थान पक्का गरेका हुन् । समूह 'डी'मा तेस्रो भएको प्यालेस्टाइन र चौथो स्थानमा रहेको साउदी अरब बाहिरिएका छन् । अब नेपालले शनिबार सेमिफाइनल खेल्नेछ । यसमा दोस्रो स्थान रक्षा गरे नेपालले फाइनलमा स्थान बनाउनेछ ।

फाइनलमा पुगे पनि नेपालको पदक निश्चित हुनेछैन । स्वर्ण पदकको भिडन्तमा चार टोलीबीच प्रतिस्पर्धा हुनेछ । जसमा शीर्ष तीनभित्र रहे मात्र पदक जित्नेछ । यसकारण नेपालले पदक सुरक्षित गर्न कम्तीमा तेस्रो स्थान प्राप्त गर्नुपर्ने हुन्छ ।

प्रतियोगिताको शुक्रबार समूह 'ए'बाट दक्षिण कोरिया र थाइल्यान्ड अन्तिम चारमा पुगेका छन् । समूह 'बी'बाट आयोजक चीन र चाइनिज ताइपेईले अन्तिम चार स्थान पक्का गरे । समूह 'डी'बाट जापान र इन्डोनेसिया सेमिफाइनलमा पुगेका छन् । नेपालको समूहबाट नेपाल र हङकङ सेमिफाइनलमा पुगेका हुन् । अब चार समूहबाट आएका शीर्ष दुई-दुई गरी आठ टोलीलाई दुई समूहमा सेमिफाइनल खेलाइनेछ । सेमिफाइनलका दुवै समूहमा चार-चार टोली हुनेछन् । समूहका शीर्ष दुई टोली फाइनलमा पुग्नेछन् ।

सेमिफाइनलमा दुवै समूहको खेल आज हुनेछ । यद्यपि, समूह विभाजन भने भइसकेको छैन । सेमिफाइनलमा शीर्ष दुई स्थान हासिल गरे नेपाल फाइनल पुग्दै पदकको सम्भावना राख्नेछ ।

नेपाली टोलीका कप्तान सुबिन महर्जनले वरीयता पाएको राष्ट्रलाई हराउँदै अगाडि बढ्दा निकै खुसी लागेको बताए । उनले आफ्नो समूहका सबै सहभागी टोली बलियो भएको बताए । 'हाम्रो टोलीमा सहभागी सबै राम्रा थिए, हामीले वरीयता प्राप्त प्यालेस्टाइनलाई पछि पार्न सफल भयौं,' उनले भने, 'अर्को चरणमा निकै कठिन प्रतिद्वन्द्वी छन् ।'

पौडीमा सबै हिटबाटै बाहिरिए

पौडी स्पर्धामा नेपालबाट एसियाडमा सहभागी सबै खेलाडी हिट चरणबाटै बाहिरिएका छन् । राष्ट्रिय प्रतियोगितामा रेकर्डमाथि रेकर्ड राखेका खेलाडीले हाङझाउमा आफ्नो व्यक्तिगत रेकर्डसमेत सुधार गर्न सकेनन् । प्रतियोगिताको शुक्रबार नेपालका नासिर हुसेन हिट चरणबाटै बाहिरिएका छन् ।

हाङझाउ ओलम्पिक स्पोर्टस् सेन्टर अक्वाटिक ऐनामा पुरुष चार सय मिटर फ्रिस्टाइलमा नासिर हिट चरणबाटै बाहिरिएका हुन् । हिट-२ मा उनले प्रतिस्पर्धा गरेका थिए । उनले निर्धारित दूरी चार मिनेट २२.०२ सेकेन्डमा पूरा गरे । उनी आफ्नो हिटमा चौथो भएका थिए । उनी २५ मध्ये २२औँ स्थानमा रहे । यसअघि नासिर दुई सय मिटर फ्रिस्टाइलमा पनि हिट चरणबाटै बाहिरिएका थिए ।

नासिरको इभेन्ट्ससँगै १९औँ एसियाडमा नेपाली खेलाडीका खेल सकिएका छन् । पौडीमा नेपालबाट चार खेलाडीले आठ इभेन्टमा प्रतिस्पर्धा गरेका थिए । नेपालका कुनै पनि खेलाडीले हिट चरण पार गर्न सकेनन् । पुरुषतर्फ एलेक्स शाहले ५० र सय मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गरे । उनी पनि हिट चरणबाटै बाहिरिए । यस्तै, महिलातर्फ दुवाना लामाले सय मिटर ब्रेस्टस्ट्रोक र दुई सय मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गरेकी थिइन् । अनुसिया तन्डुकारले ५० र सय मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गरेकी थिइन् । दुवाना र अनुसिया पनि आफ्नो हिट चरणमै सीमित भए ।



एसियाडमा नेपालको तर्फबाट अन्तिम चारमा पुगेको पब्जी टोलीका साथ राखेपका सदस्यसचिव टंकलाल घिसिङ



बास्केटबलमा सबै हार

थ्री बाई थ्री महिला बास्केटबलमा नेपाल सबै खेलमा पराजित भएको छ । नेपाली महिला टोलीले थ्री बाई थ्रीमा तेस्रोपटक सहभागिता जनाएको हो । सन् २०१४ मा कोरिया र सन् २०१८ मा इन्डोनेसियामा भएको एसियाडमा महिला टोलीको सहभागिता थियो । दोस्रोपटकमा नेपालले कम्तीमा एक खेल जित्ने लक्ष्य राखेको थियो । खेलाडीले हाङझाउमा यो लक्ष्यसमेत पार गर्न सकेनन् । जिओग्राफिम इन्फर्मेसन पार्क बास्केटबल कोर्टमा समूह 'बी'को अन्तिम खेलमा नेपाल चाइनिज ताइपेईसँग २२-२ को फराकिलो अन्तरले पराजित भयो ।

नेपालले प्रतियोगितामा सबैभन्दा कम स्कोर यही खेलमा गऱ्यो । नेपालका लागि कप्तान श्रेषा खड्का र मीना गुरुङले समान एक स्कोर गरे । यसअघि नै जापान र कजाखस्तानसँग पराजित भएको नेपाल लगातार तेस्रो हारपछि समूह चरणबाटै बाहिरिएको छ । पहिलो खेलमा जापानसँग २२-४ ले परजित भएको थियो । दोस्रो खेलमा कजाखस्तानसँग नेपाल १७-१० ले पराजित भएको थियो । सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको १७औँ एसियाडमा नेपालको महिला बास्केटबल टिमले फुल कोर्टमा खेलेको थियो । एसियाडमा डेब्यु गरेको थियो । १८औँ एसियाडमा नेपालको पुरुष र महिला दुवैमा थ्री बाई थ्री टिम सहभागी थिए । यसपटक भने नेपालबाट महिला थ्री बाई थ्री टोली मात्र सहभागी भएको हो ।

ब्याडमिन्टन : टिम इभेन्टबाट बाहिरियो

ब्याडमिन्टनको टिम इभेन्टबाट नेपाल बाहिरिएको छ । प्रतियोगिताको शुक्रबार जिम्न्याजिम हलमा क्वार्टरफाइनल खेलमा नेपाल भारतसँग ३-० ले पराजित भएको हो । नेपालका नम्बर एक खेलाडी प्रिन्स दाहाल भारतका लक्ष्य सेनसँग २-० को सीधा सेटमा पराजित भए । लक्ष्यले प्रिन्सलाई २१-५ र २१-८ ले हराए । पाँच वर्षअघिसम्म उमेर समूहको विश्व ब्याडमिन्टन वरीयताको शीर्ष स्थानमा रहेको प्रिन्सले भारतका लक्ष्यविरुद्ध कोर्टमा केवल २२ मिनेटसम्म प्रतिस्पर्धा गरे । अर्को खेलमा भारतका श्रीनाथ नमाल्वरले नेपालका सुनील जोशीलाई २-० ले नै हराए । जोशी भारतीय खेलाडीसँग २१-४ र २१-१३ ले पराजित भएका हुन् । यो खेल ३१ मिनेटसम्म चलेको थियो । अर्को खेलमा विष्णु कटवाल भारतका मिथुनबाट २१-२ र २१-७ ले हारे । यो खेल २५ मिनेटसम्म रह्यो ।

ह्यान्डबलमा हङकङले हरायो

एसियाडअन्तर्गत नेपालले सहभागिता जनाएको खेल ह्यान्डबल पनि हो । नेपाली महिला टोलीले उपाधि दाबेदार हङकङसँग समूह 'बी'मा खेल्दा २७-१८ ले पराजित भयो । नेपालले हङकङलाई पहिलो हाफमा रोक्न सकेन । हङकङले पूर्ण रूपमा खेल नियन्त्रणमा राख्दा नेपालविरुद्ध १४-६ को प्रदर्शन गऱ्यो । दोस्रो हाफमा नेपाली महिला खेलाडीले गतिलो प्रदर्शन मात्र गरेनन्, हङकङलाई कडा चुनौती दिएको थियो । हङकङको कमजोरीको फाइदा लिए पनि १३-१२ ले पराजित भयो ।

गल्फमा कमजोर प्रदर्शन

१९औँ एसियाडअन्तर्गत गल्फमा नेपालको प्रदर्शन कमजोर भएको छ । पार-७२ को वेस्ट लेक इन्टरनेसनल गल्फ कोर्समा पुरुष व्यक्तिगत स्पर्धामा शुक्रबहादुर राईबाहेक अन्य खेलाडीले अघिल्लो चरणमा स्थान बनाउन सकेनन् । गल्फको दोस्रो दिन तीन अन्डर ६९ खेलेका शुक्रको ३६ होलमा पाँच अन्डर एक सय ३९ स्कोर गरेका छन् । उनले पहिलो दिन दुई अन्डर ७० को कार्ड लेखाएका थिए । उनी समग्रमा २९औँ स्थानमा रहँदै फाइनल राउन्डमा प्रवेश गरेका छन् ।

युवा गल्फर सद्भाव आचार्य र सुवास तामाङको प्रदर्शन सोचेजस्तो भएन । इभन पार एक सय ४४ खेलेका सुवास र दुई ओभर एक सय ४६ खेलेका सद्भाव व्यक्तिगत स्पर्धाबाट बाहिरिएका छन् । युवराज भुजेल समग्रमा ११ ओभर एक सय ५५ स्कोर गर्दै बाहिरिएका छन् ।

गल्फमा पुरुष र महिला टिम स्पर्धाबाट नेपाल बाहिरिएको छ । महिलातर्फ टिम स्पर्धामा नेपालकी सुष्मा सिग्देल र कस्मिरा शाहले ३६ होलमा समग्रमा ६६ ओभर तीन सय ५४ स्कोर गरेका छन् । कस्मिराले ११ ओभर ८३ र सुष्माले १६ ओभर ८८ स्कोर गरेका थिए । नेपाल महिला टिम स्पर्धामा १४ मध्ये १३औँ स्थानमा रहेको छ । नेपालले मंगोलियालाई पछि पारेको हो । पुरुषतर्फ हङकङका ताइची २२ अन्डर एक सय २२ स्कोरका साथ शीर्ष स्थानमा छन् ।

पदक तालिका

देश	स्वर्ण	रजत	कांस्य	जम्मा
चीन	१०५	६३	३२	२००
जापान	२७	३५	३७	९९
द. कोरिया	२६	२८	४८	१०२
भारत	८	१२	१३	३३
थाइल्यान्ड	८	३	९	२०
उज्वेकिस्तान	७	१०	१५	३२
हङकङ	५	१३	१८	३६
चाइनिज ताइपेई	५	६	९	२०
इरान	३	१०	१०	२३
उ. कोरिया	३	६	४	१३

एथ्लेटिक्समा नेपालको खराब सुरुवात

एसियाली खेलकुदको महत्त्वपूर्ण खेलमध्ये एथ्लेटिक्स पनि एक विधा हो । शुक्रबार एसियाडको मुख्य रंगशालामा पुरुष र महिलातर्फका दौड भए । नेपालका सोमबहादुर कुमाल र महिलामा सन्तोषी श्रेष्ठले प्रतिस्पर्धा गरेका थिए । तर, दुवैले एसियाडमा व्यक्तिगत रेकर्डसम्म सुधार गर्न सकेनन् । समग्रमा चालू एसियाडमा नेपाली एथ्लेटिक्स खेलाडीले निकै खराब सुरुवात गरेका छन् । कुमाल चार सय मिटर दौडको हिट चरणबाटै बाहिरिए । उनले निर्धारित दूरी ४८.६८ सेकेन्डमा पूरा गरे । सहभागी सातमध्ये उनी पाँचौँ स्थानमा रहे । उनले दक्षिण कोरिया र कीर्गिस्तानका धावकलाई मात्र पछि पार्न सफल भए ।

कुमालले सहभागिता जनाएको विधामा जापानका सातो केन्टारो पहिलो र भारतका मोहमद अजमद दोस्रो भएका छन् । कुमार सुरुदेखि नै पछि परेका थिए । जापान र भारतका खेलाडीले सुरुमै गति लिँदा अन्य खेलाडीहरूले पछ्याउन सकेनन् । एसियाडअगाडि नै डेंगु लागेका कारण प्रदर्शन राम्रो नभएको प्रतिक्रिया कुमालले नयाँ पत्रिकालाई दिएका छन् । 'प्रतियोगिताअगाडि नै म डेंगुको सिकार भएँ, यसबाट मेरो तयारी राम्रो भएन,' निराश बनेका उनले भने, 'यदि बिरामी नपरेको भए, यहाँ व्यक्तिगत नाममा रहेको रेकर्ड तोड्ने योजना थियो ।'

उनले आफूले चार सय मिटर दौडमा ४८ सेकेन्डमै नै टाइमिङ निकाल्ने गरेको जनाए । 'मेरो यस विधाको टाइमिङ भनेको ४८ सेकेन्ड नै हो, यद्यपि बिरामी नहुँदा यसलाई सुधार गर्ने योजनामा थिएँ ।' उनको यो दोस्रो एसियाड हो । पाँच वर्षअघि जाकार्तामा भएको एसियाडमा उनले पहिलोपटक प्रतियोगितामा भाग लिएका थिए ।



दक्षिण एसियालीभन्दा माथिको स्तरमा प्रतिस्पर्धा गर्न एसियाड नै नेपाली खेलाडीहरूलाई आवश्यकता भएको उनले बताए । 'हामीजस्ता खेलाडीको नजरमा एसियाड नै सबैभन्दा ठूलो प्रतियोगिता हो, यहाँ हामीले आफ्नो स्तर एसियालीस्तरमा देखाउन अवसर पाउँछौं,' संक्षिप्त कुराकानीमा उनले भने, 'अबको तयारी अगामी प्रतियोगिताका लागि गर्ने हो ।' उनी त्रिभुवन आर्मीमा आबद्ध छन् ।

कुमालको स्पर्धा सकिएलगत्तै महिलातर्फको १० हजार मिटर दौड सुरु भएको थियो । १३औँ दक्षिण एसियाली खेलकुदकी स्वर्ण विजेता नेपाली धाविका सन्तोषी श्रेष्ठले १९औँ एसियाडमा सोचेजस्तो प्रदर्शन गर्न सकिनन् । यस विधामा आठजना खेलाडीले भाग लिएका थिए । सन्तोषी सातौँ स्थानमा रहिन् । उनले निर्धारित दूरी ३८ मिनेट ४०:१५ सेकेन्डमा दौड पूरा गरिन् । यसअघि सन्तोषकीको उत्कृष्ट टाइमिङ ३५ मिनेट ७.९४ सेकेन्ड थियो ।

बहराइनकी भिअाह किलोजोले ३१:४३:७३ मिनेटमा दौड पूरा गरी स्वर्ण जितेकी छिन् । जापानकी हिरोनाका यिररिकाले ३१:५०:७४ मिनेटका साथ रजत तथा काजकिस्तानकी किकिरु कारोलिनले कांस्य हात पार्दा ३३:१५:८३ मिनेट लगाइन् । यस विधामा बहराइनकै वोन्टोले दौड पूरा गर्न सकिनन् । बहराइनकी खेलाडीले स्वर्ण जितिसक्दा सन्तोषी भने तीन ल्यापले पछि परेकी थिइन् ।

खेल संक्षेप

बिबी गोर्खा फुटबल हुने

काठमाडौं/ बिबी गोर्खा फुटबल क्लबको आयोजनामा हुने प्रथम बिबी एयरवेज भेट्रान फुटबल प्रतियोगिताको विजेताले एक लाख रुपैयाँ प्राप्त गर्ने भएको छ । आयोजकले शुक्रबार पत्रकार सम्मेलनमार्फत असोज २० देखि २४ सम्म हुने प्रतियोगिताको विजेताले एक लाख रुपैयाँ, उपविजेताले ५० हजार प्राप्त गर्ने बताएको हो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपरलाई काठमाडौंदेखि मलेसियासम्मको दुईतर्फी तथा सर्वाधिक गोलकर्तालाई एकतर्फी हवाई टिकट प्रदान गरिनेछ । प्रतियोगितामा २० टोलीको सहभागिता रहने आयोजकले बताएको छ । प्रतियोगितामा ४० वर्षभन्दा माथिकाले मात्र सहभागिता जनाउन पाउनेछन् । नैकाप फुटबल मैदानमा हुने प्रतियोगिता आयोजनाका लागि १३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

ब्लु बर्ड विजयी

काठमाडौं/ एपेक्स अन्तरकलेज क्रिकेट प्रतियोगितामा ब्लु बर्ड कलेजले फोनिक्स कलेजलाई ५ विकेटले पराजित गरेको छ । मूलपानी तल्लो मैदानमा भएको प्रतियोगितामा टस हारेर ब्याटिङको निम्तो पाएको फोनिक्सले १७ ओभरमा नौ विकेट गुमाउँदै एक सय रन बनाएको थियो । एक सय एक रनको विजयी लक्ष्य पाएको ब्लु बर्डले १६.५ ओभरमा पाँच विकेट गुमाउँदै विजयी भएको थियो । ब्लु बर्डका लागि निर्भीक अभिकारीले सार्वधिक ५१ रनसहितको अर्धशतकीय इनिङ्स खेले । सचिन लेखकले ३१ रन बनाए । फोनिक्सका लागि बलिङमा किरण चन्द र राजकुमार शाहले समान दुई विकेट लिएका थिए ।

फिनिक्सका लागि क्रिस अर्यरले ३५ रन बनाए । विराजसिंह भण्डारीले १७ र समीर विष्टले १५ रन बनाए । ब्लु बर्डका लागि विपिन आचार्य र सुवास खत्री निकै प्रभावशाली रहे । यी दुवैले समान दुई विकेट लिए । त्यस्तै, मेहोल श्रेष्ठले एक विकेट लिए । आज भएको खेलमा हार व्यहोरे पनि फोनिक्स कलेज समूह 'ए'को शीर्ष स्थानमा छ । आजको जितसँगै ब्लु बर्ड भने एक खेलबाट दुई अंक जोड्दै दोस्रो स्थानमा रह्यो ।

हरि बहादुर वली (Hari Bahadur Oli) को महत्वपूर्ण प्रमाणपत्रहरू हराएको सूचना

मेरो SLC Symbol No. 9561376 j, HSEB Registration no: 662780096 र स्नातक Regd No. : 6-2-248-11-2011 भएको शैक्षिक प्रमाणपत्रहरू, जग्गाधनी लालपुर्जा र अन्य महत्वपूर्ण प्रमाणपत्रहरू केही समयअघि काठमाडौंभित्र सामान ओसारपसारको क्रममा व्यागसहित छुट्न गई हराएको हुँदा फेला पार्नुहुने महानुभावले फिर्ता गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

पुरस्कार : रू ८३,०००/- **सम्पर्क नं.**: ९८५१२८१९७३



नयाँ पत्रिका

हिसुब काठमाडौंको मार्की

साबिक विजेता काठमाडौं रेजर्स एफसीले मार्की खेलाडीका रूपमा युवा स्ट्राइकर हिसुब थपलियालाई अनुबन्ध गरेको छ । नेपाल सुपर लिग (एनएसएल)को दोस्रो संस्करणका लागि क्लबले नयाँ मार्की खेलाडी घोषणा गरेको हो । पहिलो संस्करण काठमाडौंको मार्कीमा गोलकिपर विकेश कुथु थिए । विकेशको स्थानमा काठमाडौंले युवा अट्याकरलाई भित्र्याएको हो । विकेश नयाँ टोली स्पोर्टिङ इलामसँग अनुबन्ध भएका छन् ।

हिसुबले सहिद स्मारका 'ए' डिभिजन लिगमा जावलाखेल युथ क्लबका लागि उत्कृष्ट प्रदर्शन गरेका थिए । यससँगै हिसुबको चर्चा चुलिएको थियो । हिसुबले भदौ २२ मा म्यानमारविरुद्धको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमार्फत राष्ट्रिय टोलीका लागि डेब्यु गरेका थिए । त्यसयता दुई खेल खेलेका छन् । काठमाडौंले युवा खेलाडी हिसुबबाट ठूलो आशा गरेको व्यवस्थापक मधुसुदन उपाध्यायले बताए । 'हिसुबमा केही गर्रौं भन्ने जोस छ । ठूलो सम्भावना छ । त्यसैले पनि रोजेका हौं,' उपाध्यायले भने ।

८ मंसिरबाट सुरु हुने प्रतियोगिताको उद्घाटन खेलमा काठमाडौं र स्पोर्टिङ इलाम एफसीबीच प्रतिस्पर्धा हुनेछ । दशरथ रंगशालामा हुने फाइनल खेल पुस १४ मा हुने तालिका छ । आयोजक नेपाल स्पोर्टस् एन्ड एभेन्ट म्यानेजमेन्ट प्रालिले यसअघि १० टोली बनाउँदै दोस्रो संस्करण गर्ने बताएको थियो । तर, समयमै एनएसएल हुन सकेन । गत सिजन खेलेको विराटनगर सिटी एफसीले आयोजकसँग असन्तुष्टि जनाउँदै नाम फिर्ता लिएपछि यसपटक नौ टोलीले दोस्रो संस्करण खेल्नेछन् । अघिल्लो संस्करण विजेता काठमाडौं, उपविजेता धनगढी एफसी, एफसी चितवन, पोखरा थन्डर्स, ललितपुर सिटी एफसी, बुटबल लुम्बिनी एफसीसँगै नयाँ टोली स्पोर्टिङ इलाम एफसी, वीरगन्ज युनाइटेड एफसी र झापा एफसीले प्रतिस्पर्धा गर्नेछन् ।

पहिलो संस्करण खेलेका मार्की र कप्तानसहित ६० भन्दा बढी खेलाडी अस्ट्रेलियालगायत देशमा पलायन हुँदा सहभागी क्लबलाई खेलाडी छान्न हम्मे-हम्मे परेको छ । अनुभवी र चर्चित खेलाडी नै पलायन भएपछि यसपटक सबै क्लब युवा खेलाडीको भरमा छन् । अझ विदेशी खेलाडीमा धेरै क्लब निर्भर हुनेछन् । काठमाडौंले हिसुबलाई मार्की रोज्दा साबिक उपविजेता धनगढीले आशिष चौधरीलाई अनुबन्ध गरेको छ । १० टोली सहभागी एनएसएल हिसुब र आशिषका लागि पहिलो अनुभव हुनेछ ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com